# सवारी साधन बीमा दर सम्बन्धी
# निर्देशन ,२०८०

मर्यादित प्रति

## नेपाल बीमा प्राधिकरण
## काठमाण्डौ, नेपाल

# सवारी साधन बीमादर सम्बन्धी निर्देशन , २०८०

सवारी साधन सम्बन्धी बीमालाई थप व्यवस्थित तथा सरलीकृत बनाउन आवश्यक भएकोले बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले यो निर्देशन जारी गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो निर्देशन को नाम "सवारी साधन बीमादर सम्बन्धी निर्देशन , २०८०" रहेको छ ।

(२) यो निर्देशन नेपालमा दर्ता भएका सम्पूर्ण सवारी साधनहरूको बीमामा लागू हुनेछ ।

**१.२ परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशन मा:

(क) **"प्राधिकरण"** भन्नाले बीमा ऐन, २०७९ को दफा ३ बमोजिम गठन भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ ।

(ख) **"सवारी साधन"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन सम्झनु पर्छ । सो शब्दले विधुतीय सवारी साधनलाई समेत जनाउँछ ।

(ग) **"बीमालेख"** भन्नाले सवारी साधन बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

(घ) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम निर्जीवन व्यवसाय गर्न प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनी संम्झनुपर्छ । सो शब्दले लघु निर्जीवन बीमा कम्पनीलाई समेत जनाउँछ ।

(ङ) **"बीमित"** भन्नाले यो निर्देशन बमोजिम सवारी साधनको स्वामित्व ग्रहण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(च) **"बीमाशुल्क"** भन्नाले सवारी साधन बीमा वापत बीमितले बीमकलाई तिर्नु पर्ने रकम सम्झनु पर्छ ।

(छ) **"बीमादर"** भन्नाले यो निर्देशन बमोजिम लगाइने सवारी साधन बीमासंग सम्बन्धित न्यूनतम बीमाशुल्क दर सम्झनु पर्छ ।

(ज) **"तेश्रो पक्ष"** भन्नाले बीमा गरिएको सवारी साधनसंग सम्बन्धित तथा त्यस्तो सवारी साधनमा यात्रा गर्ने व्यक्ति बाहेकका अन्य व्यक्ति वा सम्पत्ति सम्झनु पर्छ ।

(झ) **"बीमा अवधि"** भन्नाले बीमालेखको तालिकामा बीमा बहाल रहने भनी उल्लेख भएको अवधि सम्झनु पर्छ र सो शब्दले बीमालेखको नवीकरण सम्पुष्टिमा बीमा बहाल रहने भनि उल्लेख भएको अवधिलाई पनि जनाउँछ ।

मस्यौदा प्रति

(ञ) **"सम्पुष्टि" (Endorsement)** भन्नाले बीमालेखमा उल्ल ेखित शर्त तथा सुविधामा आवश्यकता अनुसार थपघट गर्न सकिने बीमालेखको एक अंगको रूपमा रहने यस निर्देशन बमोजिमको थप लिखत सम्झनु पर्छ ।

(ट) **"अधिक" (Excess)** भन्नाले प्रत्येक दावी वापत बीमित स्वंयमले व्यहोर्नु पर्ने यस निर्देशन बमोजिमको रकम सम्झनु पर्छ ।

(ठ) "**अनिवार्य अधिक"** भन्नाले प्रत्येक दावी वापत बीमित स्वंयमले अनिवार्य रूपले व्यहोर्नु पर्ने यस निर्देशन बमोजिमको रकम सम्झनु पर्छ ।

(ड) **"स्वेच्छिक अधिक"** भन्नाले बीमाशुल्कमा छुट लिई प्रत्येक दावी वापत बीमित स्वंयमले व्यहोर्न मन्जुर गरेको यस निर्देशन बमोजिमको रकम सम्झनु पर्छ ।

(ढ) **"बीमालेखको तालिका"** भन्नाले यस निर्देशन अन्तर्गत सवारी साधन बीमा गर्दा जारी गरिने बीमालेखको तालिका सम्झनु पर्छ ।

(ण) **"प्रस्ताव फाराम"** भन्नाले यस निर्देशन अन्तर्गत सवारी साधनको बीमा गर्न चाहने ब्यक्ति वा संस्थाले पूर्ण रूपमा भरेर भौतिक वा विद्युतीय माध्यमबाट बीमक समक्ष बुझाउनु पर्ने यस निर्देशन बमोजिमको विवरण फाराम सम्झनु पर्छ ।

(त) **"जोखिम समूह"** भन्नाले हुलदंगा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, विध्वंशात्मक कार्य तथा आतंककारी गतिविधिलाई जोखिम समूह सम्झनु पर्छ ।

(थ) **"व्यापक (Comprehensive) बीमा"** भन्नाले यस निर्देशन मा समाविष्ट बीमालेख बमोजिम बीमा भएको सवारी साधनसंग सम्बन्धित भौतिक क्षति तथा तेश्रो पक्ष प्रतिको दायित्व व्यहोर्ने गरी गरिने बीमा सम्झनु पर्छ ।

(द) **"तेश्रो पक्ष प्रतिको दायित्व बीमा"** भन्नाले यस निर्देशन मा समाविष्ट बीमालेख बमोजिम तेश्रो पक्ष प्रतिको दायित्व ब्यहोर्ने गरी गरिने बीमा सम्झनु पर्छ ।

(ध) **"सरकारी सवारी साधन"** भन्नाले कुनै सरकारी कार्यलयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह को स्वामित्व भएको सवारी साधन सम्झनु पर्छ ।

(न) **"नगदी मुल्य क्षति (Cash Loss)**" भन्नाले बीमालेखले रक्षावरण गरेको जोखिमको कारणबाट क्षति/हानि–नोक्सानी वापत बीमक/सर्भेयरले मूल्याङ्कन गरे बमोजिम मर्मत गर्न वा प ुनर्स्थापन (Replacement) गर्न लाग्ने रकम बारे बीमक र बीमित बीच सहमति भई नगद भुक्तानी दिई दावी फछ्यौट गर्ने रकमलाई नगदी मूल्य (Cash Loss) सम्झनु पर्छ ।

(ऩ) **"लक्षित पूर्ण क्षति (Constructive Total Loss)**" भन्नाले सवारी साधन दुर्घटना भई मर्मत गर्दा बीमालेखमा उल्ल ेखित घोषित मूल्यको पचहत्तर (७५) प्रतिशत वा सो भन्दा बढी खर्च लाग्ने अवस्थाको सवारी साधन सम्झनु पर्छ ।

(प) **“पूर्ण क्षति (Total Loss)”** भन्नाले सवारी साधन दुर्घटना भई पुनः प्रयोगमा आउन नसक्ने गरी क्षति भएको वा मर्मत गर्दा घोषित मूल्य वा सो भन्दा बढी रकम मर्मत खर्च लाग्ने गरी बिग्रिएको सवारी साधन सम्झनु पर्छ ।

(फ) **“चालक”** भन्नाले प्रचलित कानुन वमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ब) **“परिचालक”** भन्नाले प्रचलित कानुन वमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्परलाई समेत जनाउछ ।

(भ) **“एम्बुलेन्स”** भन्नाले सवारी साधन दुर्घटना भई सोमा सवार यात्री, चालक, सहचालक, परिचालक, हेल्पर तथा तेश्रो पक्ष व्यक्ति घाइते, अंगभंग भै अस्पताल पुर्याउन प्रयोग हुने एम्बुलेन्सको नाममा दर्ता भएको साधन वा सो तत्काल उपलब्ध हुन नसकेमा अन्य यस्तै अस्पताल पुर्याउने सवारी साधन सम्झनु पर्छ ।

(म) **“रक्षावरण”** भन्नाले क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुरी गरेको अवस्था सम्झनु पर्छ ।

(य) **“यात्री”** भन्नाले सवारी साधनमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(र) **“सुरक्षाकर्मी”** भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद – २

## बीमालेख सम्बन्धी व्यवस्था

### २.१ बीमालेख जारी गर्ने :

(१) बीमकले सवारी साधन बीमा गर्दा यो निर्देशन मा समाविष्ट भए अनुसारको बीमालेख जारी गर्नु पर्नेछ ।

(२) बीमालेखको तालिकामा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे पछि बीमालेखको अवधि समाप्त हुनेछ ।

(३) बीमालेख जारी गर्दा जोखिम बहन गर्न शुरू हुने मिति र समय बीमालेखको तालिकामा उल्लेख गर्नु पर्नेछ ।

### २.२ बीमालेख जारी गर्न नपाइने :

(१) बीमकले पूरा बीमाशुल्क नलिई यस निर्देशन बमोजिम बीमालेख जारी गर्न पाउने छैन ।

(२) बीमकले सवारी साधन तथा सोको यात्री, चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी तथा सो सवारी साधनमा काम गर्ने अन्य कर्मचारीको बीमा अलग–अलग गर्न पाउने छैन ।

(३) प्रचलित कानून बमोजिम दर्ता भएको संगठित यातायात व्यवसायी संघ संस्थाहरू तथा सावर्जनिक यातायात संचालन गर्ने कम्पनीहरू मार्फत सवारी साधनको बीमा गराउन सकिनेछ र बीमकले सवारी साधनको बीमा गर्दा सम्बन्धित प्रत्येक बीमितको नाममा छुट्टा छुट्टै बीमालेख जारी गर्नु पर्नेछ । बीमा दावी गर्दा बीमित स्वयंले नै दावी फछ्र्यौट पुर्जामा सही गरी रकम भुक्तानी बीमित स्वयं वा बीमितले मञ्जुरीनामा दिएको व्यक्ति वा संस्थालाई भुक्तानी गरिनेछ ।

मस्यौदा प्रति

**२.३ बीमालेखको तालिकामा घोषित मूल्य, रक्षावरण गरिएका जोखिमहरू, बीमाशुल्क दर तथा बीमाशुल्क खुलाउनु पर्ने:**

(१) बीमालेखको तालिकामा घोषित मूल्य, रक्षावरण गरिएका जोखिमहरू, बीमाशुल्क दर तथा बीमाशुल्क किटानसाथ उल्लेख गर्नु पर्नेछ।

(२) व्यापक बीमालेख अन्तर्गत बीमा गरिने सवारी साधनको बीमाको अतिरिक्त वा सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी तथा सो सवारी साधनमा काम गर्ने अन्य कर्मचारी वा यात्रीको दुर्घटना बीमा वा जोखिम समूह समावेश गरिएकोमा सोको दर तथा बीमाशुल्क समेत छुट्टा छुट्टै उल्लेख गर्नु पर्नेछ।

**२.४ बीमालेख जारी गरिने अवधि:**

(१) कुनै पनि बीमालेख एक वर्ष भन्दा बढि अवधिको लागि जारी गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पछिल्लो वर्षको कुनै महिनाको निश्चित मितिमा बीमालेख नवीकरण गर्ने गरी त्यस वापत छोटो अवधिको बीमाशुल्क दरले त्यस्तो थप अवधिको लागि लाग्ने बीमाशुल्क लिई एक वर्षभन्दा बढी अवधिको लागि बीमालेख जारी गर्न सकिने छ।

(३) उपदफा (२) बमोजिम जारी भएको बीमालेख बीमितले अर्को एक वर्षको लागि नवीकरण गराएमा साविक बीमालेख वापत तिरेको फरक बीमाशुल्क (छोटो अवधिको बीमाशुल्क दर अनुसार तिरेको बीमाशुल्क रकमबाट समानुपातिक रूपमा लाग्ने बीमाशुल्क घटाउँदा फरक पर्न आएको रकम) नवीकरण बीमाशुल्कमा समायोजन गर्नु पर्नेछ।

**२.५ निर्धारित बीमालेख:**

यस निर्देशन मा समाविष्ट गरिएका बीमालेख अनुसार नै बीमालेख जारी गर्नु पर्नेछ। र त्यस्तो बीमालेख तथा सो को तालिकामा कुनै थपघट गर्नु पर्ने भएमा प्राधिकरणबाट स्वीकृति लिनुपर्ने छ।

**२.६ मोटरसाइकल बीमालेख:**

(१) मोटरसाइकल बीमालेख तथा सोको तालिका अनुसूची –१ मा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको बीमालेख अन्तर्गत बीमा हुने मोटरसाइकललाई इनाम, संगठनात्मक दौड, प्रतियोगिता, टिकाउ परीक्षण, गति पर◌ीक्षण वा व्यावसाय◌ीक ढुवानीसंग सम्बन्धित कुनै प्रयोजनका लागि प्रयोग हुनु हुदैन।

**२.७ निजी सवारी साधन बीमालेख:**

(१) निजी सवारी साधनको बीमालेख तथा सोको तालिका अनुसूची–२ मा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको बीमालेख अन्तर्गत बीमा हुने सवारी साधन निजी प्रयोगको लागि दर्ता भएको वा सरकारी सानो सवारी (कार, जीप, भ्यान, टेम्पो आदि) हुनु पर्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो सवारी साधनलाई भाडा, इनाम, संगठनात्मक दौड, प्रतियोगिता, टिकाउ पर◌ीक्षण, गति पर◌ीक्षण वा व्यावसायीक ढुवानीसंग सम्बन्धित कुनै प्रयोजनका लागि प्रयोग हुनु हुदैन । तर निजी सवारी साधन व्यवसायीक

प्रयोजनमा प्रयोग गर्ने गरि अनुमति प्राप्त भएको भएमा त्यस्तो सवारी साधनको हकमा अतिरिक्त १० प्रतिशत थप गरि बीमाशुल्क कायम गर्नुपर्नेछ ।

**२.८ व्यावसायीक सवारी साधन बीमालेख:**

व्यावसायीक सवारी साधन बीमालेख तथा सोको तालिका अनुसूची–३ मा तोकिए बमोजिम हुनेछ । यस बीमालेख अन्तर्गत बीमा हुने सवारी साधन संगठनात्मक दौड, प्रतियोगिता, टिकाउ परीक्षण वा गति परीक्षणसंग सम्बन्धित प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन ।

**२.९ बीमाको प्रमाणपत्र जारी गर्नुपर्ने :**

(१) सवारी साधन बीमा गर्ने बीमकले अनुसूची–४ बमोजिमको ढाँचामा बीमाको प्रमाणपत्र बीमितलाई दिनु पर्नेछ ।

(२) बीमकले अनुसूची–४.१ बमोजिमको बीमा गरिएको प्रमाण स्वरूप सवारी साधनमा टाँस गर्नको लागि स्टिकर जारी गर्नु पर्नेछ ।

(३) बीमालेख नामसारी भई बीमायोग्य हित हस्तान्तरण गर्दाको अवस्थामा अनुसूची ४.२ बमोजिमको सम्पुष्टि जारी गर्नु पर्नेछ ।

(४) कुनै कारणवश बीमालेख रद्द गर्दा बीमकले उपदफा (१) बमोजिम जारी भएको प्रमाणपत्र फिर्ता लिई रद्द गर्नु पर्नेछ ।

**२.१०. पुनः बीमा गर्न नपाइने:**

(१) बीमा गरेको सवारी साधनको पूर्ण क्षति (चोरी भएको वा हराएको सवारी साधन पुनः प्राप्त भई बीमा भएको वा लक्षित पूर्ण क्षति **( Constructive Total Loss)** भई दावी भुक्तानी भएकोमा बाहेक) वापतको दावी भुक्तानी भएपछि उक्त सवारी साधनको दर्ता खारेजीको लागि बीमकले यातायात व्यवस्था विभागलाई लेखी पठाउनु पर्नेछ र सवारी साधनलाई पत्रु गराउनु पर्नेछ । त्यस्तो सवारी साधनको पुनः बीमा गर्न पाईने छैन ।

(२) बीमकबाट दावी भुक्तानी भइसकेको चोरी भएको वा हराएको सवारी साधनको हकमा उक्त सवारी साधन भेटिएमा सो सवारी साधन बीमितले बीमकको नाममा नामसारी गरिदिनु पर्नेछ ।

(३) चोरी भएको वा हराएको सवारी साधन अन्तर्गत दाबी भुक्तानी हुनु अगाडी सवारी साधन भेटिएमा उक्त सवारी साधन बीमितले स्वीकार गर्नुपर्नेछ । तर त्यस्तो सवारीमा कुनै क्षति भएको भएमा बीमकले नियमानुसार क्षतिपूर्ति प्रदान गर्नुपर्नेछ ।

**२.११ थप स्वतः स्वीकार हुनेः**

तेश्रो पक्ष प्रतिको दायित्व बीमा लगायत सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी तथा यात्रुको प्रचलित कानूनी व्यवस्था बमोजिम अनिवार्य बीमा गर्नु पर्ने भन्ने उल्लेख भएको अवस्थामा बीमकले प्राप्त बीमा प्रस्ताव स्वतः स्वीकार गरेको मानिनेछ र त्यस वापत बीमालेख जारी गर्नु पर्नेछ ।

**२.१२ प्रस्ताव फाराम:**



मस्यौदा प्रति

यस निर्देशन  अन्तर्गत सवारी साधनको बीमा गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची–५ बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमक समक्ष बुझाए पछि मात्र सवारी साधनको बीमा गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## बीमाशुल्क दर सम्बन्धी व्यवस्था

### ३.१ बीमाशुल्क उल्लेख गर्नुपर्ने:

बीमालेखको तालिकामा बीमाशुल्कको दर तथा बीमाशुल्क उल्लेख गर्नु पर्नेछ ।

### ३.२ बीमाशुल्कको भुक्तानीः

बीमकले बीमितबाट बीमाशुल्क प्राप्त नगरेसम्म कुनै पनि बीमा जोखिम स्वीकार गर्नु हुँदैन ।

बीमकले बीमालेख जारी गर्नु अगाडी बीमा जोखिम स्वीकार गर्न जुनसुकै माध्यमबाट बीमाशुल्क रकम बुझी रसिद जारी गरिएको भएमा बीमालेख जारी गरे सरह मानी जोखिम रक्षावरण हुनेछ ।

बीमकले बीमा प्रस्ताव स्वीकार गरे पश्चात, बीमितले बीमकको सम्बन्धित बैंक खातामा बीमाशुल्क रकम जम्मा गरेको, बीमकको कर्मचारी वा बीमा अभिकर्तालाई भुक्तानी गरेको प्रमाण भएको खण्डमा रकम जम्मा भएको समयमा नै बीमकले बीमाशुल्क प्राप्त गरेको मानिनेछ ।

तर बीमाशुल्क संकलन गरि बीमकलाई भुक्तानी गर्ने जिम्मा लिएको व्यक्ति वा संस्थाबाट बीमकलाई समयमा बीमाशुल्क प्राप्त हुन नआएमा बीमकले सो सम्बन्धि जानकारी बीमितलाई दिनु पर्नेछ ।

### ३.३ बीमाशुल्कको गणनाः

बीमा वापत लाग्ने बीमाशुल्क यस निर्देशन को अनुसूची–६ बमोजिम गणना गर्नु पर्नेछ । प्रत्येक बीमालेख तथा नवीकरण सम्पुष्टि जारी गर्दा समेत बीमाशुल्क गणना तालिका संलग्न गर्नु पर्नेछ ।

### ३.४  छोटो अवधिको बीमाशुल्क दरः

(१) बाह्र महिना भन्दा कम (छोटो) अवधिको लागि जारी वा नवीकरण गरिने बीमालेखमा देहायको अवधिको लागि देहाय बमोजिमको बीमाशुल्क दर कायम गर्नु पर्नेछः

| अवधि | | वार्षिक बीमाशुल्क दरको प्रतिशत |
|---|---|---|
| (क) | एक हप्ता | दश प्रतिशत |
| (ख) | एक महिना सम्म | बीस प्रतिशत |
| (ग) | दुई महिना सम्म | तीस प्रतिशत |
| (घ) | तीन महिना सम्म | चालीस प्रतिशत |
| (ङ) | चार महिना सम्म | पचास प्रतिशत |
| (च) | पाँच महिना सम्म | साठ्ठी प्रतिशत |
| (छ) | छ महिना सम्म | सत्तरी प्रतिशत |
| (ज) | सात महिना सम्म | अस्सी प्रतिशत |

(झ) आठ महिना सम्म नब्बे प्रतिशत

(ञ) आठ महिना भन्दा बढिको लागि सत प्रतिशत

(२) छोटो अवधिको लागि जारी वा नवीकरण गरिएको बीमालेखलाई अवधि थप गरी बीमाशुल्क दर समायोजन गर्न पाइने छैन।

**३.५ घोषित मूल्य निर्धारण तथा थपघटः**

(१) सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछः

(क) प्रत्येक बीमा अवधिको शुरूमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ।

(ख) सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरूमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको वितरक वा उत्पादकले उपलब्ध गराएको मूल्य सूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ:

| **नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर** | **ह्रास कट्टीको दर** |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

(ग) सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढी उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरूमा बीमित र बीमकको आपसी समझदारीबाट तय गर्नु पर्नेछ।

(२) बीमालेख चालु रहेको अवस्थामा बीमा गरिएको सवारी साधनको घोषित मूल्यमा थपघट गर्नु पर्ने भएमा त्यस्तो मूल्य थपघट गरिएको मिति देखि बीमालेखको अवधि समाप्त हुने मिति सम्मका लागि समानुपातिक हिसाबले लाग्ने अतिरिक्त बीमाशुल्क लिई वा फिर्ता दिई उक्त मूल्यमा थपघट गर्न सकिनेछ।

**३.६ बीमाशुल्कमा कटौती**

(१) व्यापक (Comprehensive) बीमालेखले समेटेको कुनै प्रकरण वा सीमा अन्तर्गत बीमा गरिएको घोषित मूल्य घटी हुन गएमा बीमाशुल्कमा कटौती गर्नु हुँदैन ।

**३.७ बीमाशुल्क फिर्ता:**

(१) बीमितको अनुरोधमा बीमालेख रद्द गरिएमा छोटो अवधिको लागि निर्धारित दफा ३.४ बमोजिमको बीमाशुल्क लिई बाँकी रकम फिर्ता दिनु पर्नेछ ।

तर, बीमालेख अन्तर्गत सोही अवधिमा दावी परेको सवारी साधनको हकमा त्यस्तो सवारी साधनको बीमाशुल्क फिर्ता हुने छैन ।

(२) बीमकको तर्फबाट बीमालेख रद्ध गर्नुपर्ने मनासिव कारण देखाइ बीमालेख रद्ध गरेमा बीमकले बीमाशुल्कको (जोखिम समूहको बीमाशुल्क बाहेक) समानुपातिक दरले हुन आउने रकम फिर्ता दिनु पर्नेछ ।

**३.८ कमिशन रकमः**

(१) सवारी साधन र सोसँग सम्बन्धित विषयको बीमा व्यवसाय बीमा अभिकर्ता मार्फत निजको राय सहित प्राप्त भएमा त्यस्तो व्यवसाय वापत बीमकले त्यस्तो बीमा अभिकर्तालाई सवारी साधनको क्षति/हानि–नोक्सानी तथा दुर्घटना बीमा वापतको (तेश्रो पक्ष तथा जोखिम समूह बीमा बाहेक) बीमाशुल्कको तोकिए बमोजिम कमिशन दिनु पर्नेछ ।

(२) बीमा अभिकर्ताको संलग्नता नभई सोझै सवारी साधन बीमा व्यवसाय प्राप्त भएमा बीमकले सवारी साधनको क्षति/हानि–नोक्सानी तथा दुर्घटना बीमा वापतको (तेश्रो पक्ष तथा जोखिम समूहको बीमा बाहेक) बीमाशुल्कको मात्र दश प्रतिशत रकम छुट दिनु पर्नेछ । तर सरकारी सवारी साधनको हकमा अभिकर्ता कमिशन र संस्थागत छुट दिइने छैन ।

(३) सरकारी सवारी साधनको बीमा व्यवसाय अभिकर्ता मार्फत गर्न गराउन हुदैन ।

## परिच्छेद –४

## सवारी साधन बीमाशुल्क दर सम्बन्धी व्यवस्था

**४.१ मोटरसाइकलको बीमाशुल्क दर:**

मोटरसाइकल, स्कुटर जस्ता सवारी साधनको बीमाशुल्क दर अनुसूची–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४.२ निजी सवारी साधनको बीमाशुल्क दरः**

निजी सवारी साधनको बीमाशुल्क दर अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४.३ व्यावसायीक सवारी साधनको बीमाशुल्क दरः**

व्यावसायीक सवारी साधनको बीमाशुल्क दर देहाय बमोजिम हुनेछ:

(१) मालवाहक सवारी साधन (प्रज्वलनशील पदार्थ ओसार पसार गर्ने बाहेक) को बीमाशुल्क दर अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) ट्यांङ्कर (प्रज्वलनशील पदार्थ ओसार पसार गर्ने सवारी साधन) को बीमाशुल्क दर अनुसूची–१० मा उल्लेख भए बमोजिम हुनेछ।

(३) सवारी साधनमा प्रयोग गरिने ट्रेलर/ट्रली वा सो सरहको अन्य साधनमा लाग्ने बीमाशुल्क दर अनुसूची–११ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) यात्री ओसार्ने भाडाका वा सरकारी बस, मिनि बस, माइक्रोबस, पिकअप तथा कोचको बीमाशुल्क दर अनुसूची–१२ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) ट्याक्सीको बीमाशुल्क दर अनुसूची –१३ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) भाडामा प्रयोग गरिने टेम्पो (ट्राईसाइकल र सफा ट्याम्पो सहित) को बीमाशुल्क दर अनुसूची–१४ मा उल्लेख भए बमोजिम हुनेछ।

(७) कार्यालय वा विद्यालयले आफ्नो कार्यमा मात्र प्रयोग गर्ने सवारी साधनको बीमाशुल्क दर अनुसूची–१५ मा उल्लेख भए बमोजिम हुनेछ।

(८) कृषि तथा वनसंग संम्बन्धित एग्रिकल्चर तथा फरेष्ट्री भेहिकल तथा ट्याक्टर तथा पावर ट्रिलरको बीमा गर्दाको बीमाशुल्क दर अनुसूची–१६ मा उल्लेख भए बमोजिम हुनेछ। यस्तो एग्रिकल्चर तथा फरेष्ट्री भेहिकल (सडकमा गुड्ने अनुमति भएको) आफ्नो कार्यको शिलशिला (Tools of Trade) मा प्रयोग हुँदाको क्षति हानि नोक्सानी तथा तेश्रो पक्ष दायित्व यस बीमालेखले रक्षावरण गर्नेछ।

(९) निर्माणसंग सम्बन्धित कार्य (Tools of Trade) गर्दाको अवस्थामा बाहेक सडकमा गुड्दाको अवस्थाको जोखिम बहन गर्ने गरी कन्सट्रक्सन इक्यूपमेण्ट भेहिकलको बीमा गर्दाको बीमाशुल्क दर अनुसूची–१७ मा उल्लेख भए बमोजिम हुनेछ। यस्तो कन्सट्रक्शन इक्यूपमेण्ट भेहिकलहरू निर्माण कार्यको शिलशिला (Tools of Trade) मा प्रयोग हुँदाको क्षति हानि नोक्सानी रक्षावरण गर्ने छैन। साथै निर्माण कार्यको शिलशिला (Tools of Trade) मा प्रयोग हुँदाको बखत तेस्रो पक्षको हानी नोक्सानी समेत रक्षावरण गर्ने छैन।

**४.४ सवारी साधन सम्बन्धी थप जोखिम बहन गरे वापत लिइने अतिरिक्त बीमाशुल्क दरः**

सबै किसिमका सवारी साधनको थप जोखिम बहन गरे वापत तथा दुर्घटना भई सडकबाट बाहिर गएको सवारी साधनलाई सडक सम्म निकल्दा लाग्ने खर्च वापत लिइने अतिरिक्त बीमाशुल्क दर अनुसूची–१८ बमोजिम हुनेछ।

**४.५ अनिवार्य अधिक, स्वेच्छिक अधिक र छुट सम्बन्धी व्यवस्था:**

स्वेच्छिक अधिक वापत बीमितले बीमाशुल्कमा पाउने छुट तथा अधिक सम्बन्धि व्यवस्था अनुसूची–१९ मा उल्लेख भए बमोजिम हुनेछ।

**४.६ सवारी साधनको संख्याको आधारमा छुट नपाउनेः**

सवारी साधनको संख्याको आधारमा कुनै पनि छुट दिन पाइने छैन।

**४.७ दावी नगरे वापत छुटः**

दावी नगरे वापत बीमितले पाउने छुटको बीमाशुल्क दर अनुसूची –२० मा उल्लेख भए बमोजिम हुनेछ। बीमितले माग गरेको खण्डमा दाबी नगरेको प्रमाण बीमकले यथाशीघ्र उपलब्ध गराउनुपर्नेछ।

**४.८ हायर पर्चेज सम्बन्धी सम्पुष्टि**

हायर पर्चेज सम्झौता अन्तर्गत खरीद भएको सवारी साधनको बीमा गर्दा अनुसूची -२१ मा उल्लेख भए बमोजिमको सम्पुष्टि लागू हुनेछ।

**४.९ विद्युतीय सवारी साधन सम्बन्धी व्यवस्था**

विद्युतीय सवारी साधन व्यवस्था परिच्छेद–८ र बीमाशुल्कदर सम्बन्धि व्यवस्था अनुसूची -२२ बमोजिम हुनेछ।

## परिच्छेद–५

## सवारी साधन बीमालेखका सम्पुष्टि (Endorsement) सम्बन्धी व्यवस्था

**५.१ सम्पुष्टिमा एकरूपता:**

प्रत्येक बीमकले सवारी साधनको बीमा गर्दा आवश्यकता अनुसार यो निर्देशन मा तोकिए बमोजिमका सम्पुष्टिहरू प्रयोग गर्नु पर्नेछ।

**५.२ स्वेच्छिक अधिक (Voluntary Excess) :**

सवारी साधन वा सोको पार्टपूर्जा वा दुवैको हानि–नोक्सानी भए वापतको क्षतिपूर्ति दावी मध्ये यस निर्देशन को अनुसूची–१९ बमोजिम बीमाशुल्कमा छुट सुविधा पाउनका लागि सोही अनुसूची बमोजिम बीमित स्वयंले दावीको पहिलो रकम ब्यहोर्न मन्जुर गरेको अवस्थामा देहाय बमोजिमको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**स्वेच्छिक अधिक (Voluntary Excess) सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) बीमालेखको तालिकामा उल्लेख भएको बीमा शुल्कमा छुट दिएको अवस्थामा सवारी साधन वा त्यसको पार्टपूर्जा वा दुवैको हानि–नोक्सानी भए वापत कुनै पनि प्रकारको दावीको क्षतिपूर्ति वापत पहिलो रकम (अनुसूची –१९ बमोजिम रकम उल्लेख गर्ने) भुक्तानी गर्ने दायित्व वीमकको हुने छैन। तर पूर्ण क्षति भएको अवस्थामा कुनै पनि अधिक कट्टा गर्न पाइने छैन।

(३) बीमकद्वारा गरिएको खर्चमा बीमितको दायित्व अन्तर्गतको खर्च समेत जोडिएको रहेछ भने त्यस्तो खर्च वापतको रकम बीमितले बीमकलाई सोधभर्ना गर्नु पर्नेछ।

(४) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

मस्यौदा प्रति

**५.३ अनिवार्य अधिक (Compulsory Excess) :**

सवारी साधन वा सोको पार्टपूर्जा वा दुवैको हानि–नोक्सानी भए वापतको क्षतिपूर्ति दावी मध्ये यस निर्देशन को अनुसूची –१९ बमोजिम बीमितले अनिवार्य रूपमा ब्यहोर्नु पर्ने पहिलो रकम सम्बन्धमा देहाय बमोजिमको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:

**अनिवार्य अधिक (Compulsory Excess) सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) बीमालेखको परिच्छेद–१ बमोजिम दिइने कुनै पनि प्रकारको दावी रकम वापत बीमालेखको तालिकामा उल्लेख भए बमोजिम (अनुसूची–१९ मा तोकिए अनुसारको रकम उल्लेख गर्ने) अनिवार्य अधिक वापतको रकम भुक्तानी गर्ने दायित्व बीमकको हुने छैन। तर पूर्ण क्षति भएको अवस्थामा कुनै पनि अधिक कट्टा गर्न पाइने छैन।

(३) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.४ तेश्रो पक्ष प्रतिको दायित्व बीमा सम्बन्धीः**

सबै प्रकारको सवारी साधनको तेश्रो पक्ष प्रतिको दायित्व बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:

**तेश्रो पक्ष प्रतिको दायित्व बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) (क) मोटरसाइकल बीमालेखको अनुसूची-१ अन्तर्गत परिच्छेद-१ र परिच्छेद-४ लागू हुने छैन।

(ख) निजी सवारी साधन बीमालेखको अनुसूची-२ अन्तर्गत परिच्छेद-१ र परिच्छेद-३ लागू हुने छैन।

(ग) व्यवसायिक सवारी साधन बीमालेखको अनुसूची-३ अन्तर्गत परिच्छेद-१ र परिच्छेद-३ र परिच्छेद-४ लागू हुने छैन।

(३) बीमालेखमा उल्ल‌ेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.५ निजी सवारी साधनको नाम उल्लेख भएको वा नभएको यात्री तथा बीमितको दुर्घटना बीमा सम्बन्धीः**

निजी सवारी साधनको सिट संख्याको आधारमा नाम उल्लेख भएको वा नभएको यात्री तथा बीमितको दुर्घटना बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:



मस्यौदा

**निजी सवारी साधनको नाम उल्लेख भएको वा नभएको यात्री तथा बीमितको दुर्घटना बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न नभई त्यसको अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा नाम उल्लेख भएको वा नभएको यात्री, सवारी हाँकिरहेको व्यक्ति वा बीमितलाई बीमा गरिएको सवारी साधनमा सवार रहँदा वा चढ्दा वा ओर्लदा समेत दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरूप एक सय त्रियासी (१८३) दिन भित्र (दुर्घटनाबाट चोटपटक लागि उक्त उपचार अविछिन्न रूपमा गर्दै गरेको क्रममा सो समयावधि पछि पनि सोही चोटपटकको कारणबाट मृत्यु भएको भनि प्रमाणित भएमा) देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाईते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछ:

**(क) चोटपटक वा अंगभंग भएमा:** यात्रु, सवारी हाँकिरहेको व्यक्ति वा बीमितलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा अंगभंगको क्षतिपूर्ति र औषधोपचार खर्च तत तत शिर्षकको क्षतिपूर्तिको सीमा भित्र बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछ:

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रू) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम)** |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रूपले क्षति भएमा | पाँच लाख |

मस्यौदा

| | |
|---|---|
| एउटा आँखाको दृष्टी पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च तीन लाख रूपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै, औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्लेखित क्षतिहरू मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

**(ख) कुरूवा खर्चः** यात्रु, सवारी हाँकिरहेको व्यक्ति वा बीमित घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रूपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

**(ग) एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रू.१०,०००।– (दश हजार रूपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।

**(घ) कृया खर्चः** यात्री, सवारी हाँकिरहेको व्यक्ति वा बीमितको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रूपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबीकर्तालाई भुक्तानी दिएको अबस्थामा भुक्तानी कर्ताले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि बीमकले सो रकम भुक्तानीकर्ता व्यवसायीलाई सोधभर्ना दिनुपर्छ र मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावीकर्तालाई भुक्तानी दिनुपर्नेछ ।

**(ङ) मृत्यु भएमाः** यात्री, सवारी हाँकिरहेको व्यक्ति वा बीमितको दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रूपैयाँको दरले  बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी

साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रूपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

(३) आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरूप भएको हानि-नोक्सानी वापत बीमकले तेस्रो पक्ष दायित्व वाहेक कुनै क्षतिपूर्ति दिने छैन।

(४) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**स्पष्टीकरण:**

उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लेखित प्रावधानहरूलाई कुनै असर पर्ने छैन।

**५.६ व्यावसायीक सवारी साधनको यात्री प्रतिको दायित्व बीमा सम्बन्धीः**

व्यावसायीक सवारी साधनको दर्ता प्रमाणपत्र (Bill Book) मा उल्लेख भएको सिट संख्याको आधारमा यात्रीहरू प्रतिको दायित्व बीमा गर्दा देहाय बमोजिमको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:

**व्यावसायीक सवारी साधनको यात्री प्रतिको दायित्व बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा सवारी साधनमा यात्री सवार रहँदा, चढ्दा वा ओर्लदा समेत दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरूप एक सय त्रियासी (१८३) दिन भित्र देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाईते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछ।

(क) **चोटपटक वा अंगभंग भएमाः** सवारी साधनको यात्रु लाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः



मस्यौदा

| क्षतिको विवरण | क्षतिपूर्तिको रकम (रू) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरूपले क्षतिभएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च तीन लाख रूपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ। तर माथि तालिकामा उल्लेखित क्षतिहरू मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ।

**(ख) कुरूवा खर्चः** यात्रु घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रूपैयाँको  दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ।

**(ग) एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को



मस्यौदा प्रति

अस्पतालमा लैजानु पर्ने भएमा रू.१०,०००।– (दश हजार रूपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ।

**(घ) कृया खर्चः** यात्रुको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रूपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ। यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबीकर्तालाई भुक्तानी दिएको अबस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि बीमकले सो रकम भुक्तानीकर्ता/व्यवसायीलाई सोधभर्ना दिनुपर्नेछ र मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावीकर्तालाई भुक्तानी दिनुपर्नेछ।

**(ङ) मृत्यु भएमाः** यात्रुको दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रूपैयाँको दरले बीमकले भुक्तानी दिनेछ। यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रूपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ।

**स्पष्टिकरणः**
बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक, सम्बन्धित अन्य कर्मचारी तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

(३) टिकट खरिद नगरेको देहाय बमोजिमको यात्रीको सम्बन्धमा प्रकरण (२) बमोजिम बीमकले व्यहोर्ने क्षतिपूर्ति देहाय बमोजिम हुनेछ:

(क) पाँच बर्ष भन्दा कम उमेरका यात्रीको हकमा टिकट लिएको यात्रीको लागि निर्धारित क्षतिपूर्ति रकमको ५०%

(४) बीमालेखको तालिकामा उल्लेख भए भन्दा बढी व्यक्ति बोकेको अवस्थामा सवारी साधन दुर्घटना भएमा बीमकले सिट संख्याको आधारमा दावी भुक्तानी प्रदान गर्नेछ।

(५) आफैले जानाजान लगाएको चोट, आत्महत्याको प्रयासबाट वा मादकपदार्थ वा लागूपदार्थको सेवनवाट दुर्घटनामा परि त्यसको परिणम स्वरूप भएको हानि नोक्सानी वापत बीमकले तेस्रो पक्ष दायित्व वाहेक कुनै क्षतिपूर्ति दिइने छैन।

(६) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**स्पष्टिकरण:**
उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी साधन सम्बन्धी प्रचलित कानूनमा उल्लेखित प्रावधानहरूलाई कुनै असर पर्ने छैन।

**५.७ सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको दुर्घटना बीमा सम्बन्धी:**

सवारी साधनको चालक, सहचालक, परिचालक , चेकर , हेल्पर , सुरक्षाकर्मी वा अन्य कर्मचारीको दुर्घटना बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर , सुरक्षाकर्मी वा अन्य कर्मचारीको दुर्घटना बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधनको चालक, सहचालक परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा बीमीतको अन्य कर्मचारी सवारी साधनमा कार्यरत रहेको अबस्थामा त्यस्ता व्यक्तीलाइ दुर्घटनाको परिणम स्वरूप एक सय त्रियासी (१८३) दिन भित्र देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछ।

**(३) चोटपटक वा अंगभंग भएमा:** सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा बीमितको अन्य कर्मचारीलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछ:

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रू) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम)** |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च तीन लाख रूपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्लेखित क्षतिहरू मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरूवा खर्चः** सवारी साधनको चालक, सहचालक, परिचालक, हेल्पर, चेकर, सुरक्षाकर्मी घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रूपैयाँको  दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रू.१०,०००।– (दश हजार रूपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।

(घ) **कृया खर्चः** सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मीको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रूपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबीकर्तालाई भुक्तानी दिएको अबस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि बीमकले सो रकम भुक्तानीकर्ता/व्यवसायीलाई सोधभर्ना दिनुपर्‍नेछ र मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावीकर्तालाई भुक्तानी दिनुपर्नेछ ।

(ङ) **मृत्यु भएमाः** सवारी साधनको चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रूपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दागर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन  लाख रूपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी  दिनेछ ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा अन्य सम्बन्धित कर्मचारी, यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ ।

(३) आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरूप भएको हानि-नोक्सानी वापत बीमकले तेस्रो पक्ष दायित्व वाहेक कुनै क्षतिपूर्ति दिइने छैन ।

(४) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**स्पष्टीकरणः**

उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लेखित प्रावधानहरूलाई कुनै

असर पर्ने छैन।

**५.८ ब्यापक बीमा भएको थन्क्याइएको (लेड अप) सवारी साधन सम्बन्धीः**

यस निर्देशन बमोजिम ब्यापक बीमा भएको सवारी साधन कम्तीमा लगातार दुई महिना प्रयोगमा नरही थन्किएको ब्यहोरा बीमकलाई लिखित रूपमा जानकारी गराइएको अवस्थामा बीमितबाट सो वापत छुट माग भई आएमा तेश्रो पक्षप्रतिको दायित्व तथा जोखिम समूहको बीमाशुल्क बाहेकमा छुट दिने गरी देहाय बमोजिमको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**ब्यापक बीमा भएको थन्क्याइएको (लेड अप) सवारी साधन सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) बीमालेखमा जुनसुकै ब्यहोरा उल्लेख भए तापनि कुनै सवारी साधन प्रयोगमा नरहेको अवधिभर उक्त सवारी साधनलाई आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपूर्जाको बिष्फोटन वा स्वजलन, भूकम्प, बाढी/डुवान, पहिरो/भूस्खलन, आँधिबेहरी, असिना, हिऊँ वा तुषारो, चोरी, सेंधमारी वा नकवजनीबाट भएको हानि-नोक्सानी बाहेक अन्य विषयमा उक्त सवारी साधनको बीमालेख अन्तर्गत बीमकको दायित्व स्थगन हुनेछ।

(३) उपदफा (२) को अवस्थामा बीमकले पछिल्लो वर्ष नवीकरण गर्दा लाग्ने बीमाशुल्कमा त्यस वापतको छुट रकम घटाई दिनेछ र कुनै दावी रहित छुट (No Claim Discount) पाउने भए त्यस्तो दावी रहित छ◌ुटको हिसावको लागि सो घटेको रकमको हिसाव मिलान गरिनेछ। दावी रहित छ◌ुटको लागि पाउने आधार (समयावधि) गणना गर्दा अघिल्लो वर्ष थन्क्याइएको अवधिलाई घटाएर बाँकी अवधिलाई समानुपातिक रूपमा गणना गरी छुट दिनु पर्नेछ। साथै, थप बीमाशुल्क रकम बुझाएमा बीमा अवधि बढाउन सकिनेछ।

(४) बीमालेख पूर्ण रूपले पूनः लागू भई सम्बन्धित सम्पुष्टि रद्द भएको अवस्थामा सवारी साधन प्रयोगमा नआएको अवधि गणना गरी पछिल्लो वर्ष नवीकरणमा लाग्ने शुल्कमा त्यस वापतको छुट दिनु पर्ने रकम घटाइने छ। कुनै दावी रहित छुट (No Claim Discount) पाउने भए त्यस्तो दावी रहित छुटको हिसावको लागि सो घटेको रकमको हिसाब मिलान गरिनेछ। साथै, थप बीमाशुल्क रकम बुझाएमा बीमा अवधि बढाउन सकिनेछ।

(५) बीमालेखमा उल्लेखित अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.९ बीमालेख नामसारी सम्बन्धीः**

बीमा भएको सवारी साधन बिक्री भई वा करारनामा गरी यातायात ब्यवसाय संचालन गरेको वा पेशामा संलग्न रहेको ब्यक्ति वा संस्थालाई बीमालेखको बीमायोग्यहित हस्तान्तरण गर्दाको अवस्थामा अनुसूची

४.२ बमोजिमको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ ।

**५.१० हडताल, हुलदंगा तथा द्वेषपूर्ण (रिसइवी) कार्य बीमा सम्बन्धीः**

ब्यापक बीमालेख अन्तर्गत बीमा गरिने सवारी साधनको हडताल, हुलदंगा तथा द्वेषपूर्ण (रिसइवी) कार्य सम्बन्धी बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

हडताल, हुलदंगा तथा द्वेषपूर्ण (रिसइवी) कार्य बीमा सम्बन्धी सम्पुष्टि

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन सम्बन्धमा हडताल, हुलदंगा तथा द्वेषपूर्ण (रिसइवी) कार्यबाट भएको हानि-नोक्सानी बीमकले बहन गर्नेछ ।

(३) विदेशी शत्रुको कार्यद्वारा भएको युद्ध, आक्रमण वा यस्तै समान कार्य, गृहयुद्ध, बिद्रोह, नागरिक उपद्रव, सैनिक गतिविधिको असर, नागरिक बिद्रोह, क्रान्ति, राज्य विरूद्ध कार्य, विध्वंशात्मक कार्य, सैनिक बिद्रोह वा कुनै राजनैतिक दल वा संस्थाको पक्षमा भएको बल प्रयोगबाट हुने आतंक वा अशान्ति जस्ता गतिविधिबाट भएको हानि-नोक्सानीमा बीमकको कुनै दायित्व हुने छैन ।

(४) उपदफा (३) बमोजिमको कारणबाट भएको कुनै पनि दावीलाई सो कारणबाट नभई अरू नै कारणबाट सृजना भएको भन्ने कुरा प्रमाणित गर्ने दायित्व बीमितको हुनेछ । सो कुरा बीमितबाट प्रमाणित हुन नसकेको अवस्थामा यस प्रकारको दावीको भुक्तानी दिन बीमक जिम्मेवार हुने छैन ।

(५) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमाको अवधि समाप्त हुनु अगावै बीमितले यो सम्पुष्टिको प्रभाव हटाइयोस भनी अनुरोध गरेको अवस्थामा थप बीमा शुल्क वा सो को कुनै अंश फिर्ता गरिने छैन ।

तर यो सम्पुष्टि र सवारी साधन सम्बन्धी बीमालेख एकै साथ समाप्त हुने अवस्थामा खुद बीमा शुल्कबाट छोटो अवधिको लागि लाग्ने बीमा शुल्क रकम कट्टी गरी बाँकी रकम फिर्ता गरिनेछ र यस जोखिम वापत प्रत्येक सवारी साधनको लागि लिइने न्यूनतम बीमा शुल्क दुई सय रूपैयाँ भन्दा घटी हुने छैन ।

(६) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**५.११ आतंककारी तथा विध्वंसात्मक कार्य जोखिम बीमा सम्बन्धी:**

हडताल, हुलदंगा तथा द्वेषपूर्ण (रिसइवी) कार्य बीमाको थप विस्तारको रूपमा आतंककारी तथा विध्वंसात्मक कार्य जोखिम सम्बन्धी बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**आतंककारी तथा विध्वंसात्मक कार्य जोखिम बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी सधान सम्बन्धमा आतंककारी



मस्यौदा प्रति

तथा विध्वंसात्मक कार्य जोखिमबाट भएको हानि-नोक्सानीको क्षतिपूर्तिको भुक्तानी बीमकले गर्नेछ।

(३) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१२ पार्टपूर्जा फेरवदल सम्बन्धी:**

ब्यापक बीमालेख अन्तर्गत बीमा गरिने सवारी साधनको बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

पार्टपूर्जा फेरवदल सम्बन्धी सम्पुष्टि

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारी साधन हानि-नोक्सानी भएको अवस्थामा त्यस्तो सवारी साधनलाई आवश्यक पर्ने पार्टपूर्जा देश भित्र उपलब्ध हुन नसकेमा बीमकले बीमालेखको शर्तको अधिनमा रही देहाय बमोजिम भुक्तानी दिनेछ:

(क) सबभन्दा पछिल्लो मूल्य-सूची (Catalogue) मा उल्लेख भएको मूल्य तथा जुन देशमा सवारी साधन मर्मतको लागि राखिएको छ त्यस देशको लागि त्यस्तो सवारी साधन उत्पादन गर्ने कम्पनीको आधिकारीक प्रतिनिधिले घोषणा/ प्रमाणित गरेको मूल्य-सूची (Catalogue) बमोजिम,

(ख) पछिल्लो मूल्य-सूची (Catalogue) उपलब्ध नभएमा उचित ढुवानी खर्च (हवाई ढुवानी बाहेक) सहित अघिल्लो मूल्य-सूची (Catalogue) बमोजिम,

(ग) त्यस्ता पार्टपूर्जाहरू जडान गर्न लाग्ने उचित खर्च।

(३) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१३ अतिरिक्त खतराजन्य (Extra Hazardous) काम गर्न निषेध सम्बन्धीः**

यस निर्देशन  अन्तर्गत बीमा गरिने सवारी साधनको बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**अतिरिक्त खतराजन्य (Extra Hazardous) काम गर्न निषेध सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) बीमा गरिएको सवारी साधन वा सो को पार्टपूर्जा वा त्यसमा संलग्न अतिरिक्त खतरापूर्ण प्रकृतिको काम को कारणबाट दुर्घटना भई हुने हानि-नोक्सानीको क्षतिपूर्ति गर्न बीमक वाध्य हुने छैन।

(३) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१४ ट्रेलर/ट्रली (मालसामान ओसार्ने) बीमा सम्बन्धी:**

यस निर्देशन  अन्तर्गत ब्यापक बीमा गरिने सवारी साधनसंग जोडिएको ट्रेलर/ट्रलीको लागि बीमा विस्तार गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:

**ट्रेलर/ट्रली (मालसामान ओसार्ने) बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसँग संलग्न भई सोको अभिन्न अंग हुनेछ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानी गरेको आधारमा  बीमालेख अन्तर्गत प्रदान गरिने क्षतिपूर्ति ट्रेलर/ट्रली

मस्यौदा प्रति

(मालसामान ओसार्ने) मा विस्तार गरिएको छ।

(३) ट्रेलर/ट्रली जस्ता एक मात्र सिट संख्या हुने सवारी साधनको बीमा गर्दा एक जना चालकको अनिवार्य दुर्घटना बीमाको अलवा बढीमा थप एक हेल्पर समावेश गरि बीमालेख जारी गर्न सक्नेछ।

(४) उपदफा ३ वमोजिम ट्रेलर/ट्रलीको चालक तथा एक हेल्पर कर्मचारी वाहेक अन्य व्यक्ति राखेको अवस्थामा दुर्घटना भई सोमा सवार कुनै व्यक्तिको मृत्यु भएमा वा शारीरिक चोटपटक लागेमा बीमकले कुनै प्रकारको दावी भुक्तानी गर्ने छैन।

(५) बीमालेखमा उल्ल◌ेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१५ पावर टिलर (मालसामान ओसार्ने समेत) बीमा सम्बन्धीः**

यस निर्देशन अन्तर्गत ब्यापक बीमा गरिने पावर टिलरको (ट्रेलर/ट्रली समेत) लागि बीमा विस्तार गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ:

पावर टिलर (मालसामान ओसार्ने समेत) बीमा सम्बन्धी सम्पुष्टि

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अंग हुनेछ।

(२) बीमाशुल्क भुक्तानीको आधारमा बीमालेख अन्तर्गत प्रदान गरिने क्षतिपूर्ति पावर टिलर (मालसामान ओसार्ने) मा विस्तार गरिएको छ।

(३) ट्रयाक्टर वा पावर टिलरको बीमा गर्दा अनिवार्य रूपले एक चालक र एक हेल्परको बीमा गरेर मात्र बीमालेख जारी गर्नुपर्नेछ।

(४) ट्रयाक्टर तथा पावर टिलरको चालक तथा एक हेल्पर कर्मचारी बाहेक अन्य मानिस राखेको अवस्थामा दुर्घटना भई सोमा सवार कुनै व्यक्तिको मृत्यु भएमा वा शारीरिक चोटपटक लागेमा बीमकले कुनै प्रकारको दावी भुक्तानी गर्ने छैन।

(५) बीमालेखमा उल्ल◌ेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१६ एग्रीकल्चर, फरेस्ट्री सवारी साधन बीमा सम्बन्धीः**

ब्यावसायीक सवारी साधन बीमालेख अन्तर्गत एग्रीकल्चर, फरेस्ट्री भेहिकलको ब्यापक बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

एग्रीकल्चर, फरेस्ट्री भेहिकल बीमा सम्बन्धी सम्पुष्टीः

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ।

(२) एग्रीकल्चर, फरेस्ट्री भेहिकल (सडकमा गुड्ने अनुमति भएको) आफ्नो कार्यको सिलसिलामा (Tools of Trade) प्रयोग हुँदाको क्षति हानि नोक्सानी तथा तेश्रो पक्ष दायित्व यस बीमालेखले रक्षाबरण गर्नेछ।

(३) बीमालेखमा उल्ल◌ेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**५.१७ कन्स्ट्रक्सन इक्यूप्मेण्टसँग सम्बन्धित सवारी साधनको बीमा सम्बन्धीः**

यस निर्देशन अन्तर्गत व्यापक बीमा गरिने कन्स्ट्रक्सन इक्यूप्मेण्टसँग सम्बन्धित सवारी साधनको बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**कन्स्ट्रक्सन इक्यूप्मेण्ट/भेहिकलहरूको बीमा सम्बन्धी सम्पुष्टीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बधित बीमालेखसंग संलग्न भई सोको अभिन्न अंग हुनेछ ।

(२) कन्स्ट्रक्सन इक्यूप्मेण्टसँग सम्बन्धित सवारी साधन (Tools of Trade) को बीमा कस्ट्रक्सन प्लान्ट एण्ड मेसेनरी अन्तर्गत भएको अवस्थामा सोहि बीमालेख बमोजिम हुनेछ । र उक्त साधन सडकमा गुड्ने अनुमति भएमा सडकमा गुड्दाको अवस्थामा भएको सवारी साधन तथा तेश्रो पक्ष हानी नोक्सानीको क्षतिपूर्ति यस निर्देशन वमोजिमको बीमालेखको अधिनमा रही बीमकले प्रदान गर्नेछ ।

(३) बीमालेखमा उल्लेखित अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**५.१८ भन्सार महशुल नलागेको वा कम लागेको सवारी साधन बीमा सम्बन्धी:**

भन्सार महसुल नलागेको वा कम लागेको सवारी साधनको यस निर्देशन अन्तर्गत ब्यापक बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछः

**भन्सार महसुल नलागेको वा कम लागेको सवारी साधन बीमा सम्बन्धी सम्पुष्टि**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार महसूल नलागेको वा कम लागेको सवारी साधनको बजार मूल्य बमोजिम वा भन्सार महसुल छुट गरिएको मूल्य बमोजिम घोषित मूल्य कायम गर्न सकिनेछ ।

(३) सवारी साधनको घोषित मूल्य कायम गर्दा देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिम हुनेछः

(क) बजार मूल्य बमोजिम घोषित मूल्य कायम गरिएकोमा,

(अ) सवारी साधनको आंशिक क्षति भएको अवस्थामा बीमकले अन्य सवारी साधन सरह क्षतिपूर्ति प्रदान गर्नेछ ।

(आ) सवारी साधनको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको अवस्थामा बीमकको दायित्व समानुपातिक रूपमा रद्दी (Salvage) तथा महसुल कट्टी मुल्य बराबरको हुनेछ ।

तर बीमितले महसुल चुक्ता गर्न र रद्दी (Salvage) फिर्ता गर्न चाहेमा बजार मूल्य बराबरको रकम बीमकले भुक्तानी दिनेछ र यस्तो रकम घोषित मूल्य भन्दा बढी हुने छैन ।

(ख) भन्सार छुट भएको मूल्य बमोजिम घोषित मूल्य कायम गरिएकोमा,

(अ) सवारी साधनको आंशिक क्षति भएको अवस्थामा बीमकको दायित्व घोषित मूल्य र बजार

मूल्यको समानुपातिक मूल्य बरावर हुनेछ अर्थात औसत शर्त (Average Clause) लागू हुनेछ ।

(आ) सवारी साधनको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको अवस्थामा बीमकको दायित्व घोषित मूल्य बरावर हुनेछ ।

(४) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**५.१९ दुर्घटना भई सडकबाट बाहिर गएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धीः**

व्यापक बीमालेख अन्तर्गत बीमा गरिने सवारी साधन (मोटरसाइकल तथा कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकल बाहेक) दुर्घटना भई सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्च सम्बन्धी बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ ।

**दुर्घटना भई सडकबाट बाहिर गएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धी सम्पुष्टीः**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले भुक्तानी गर्नेछ ।

तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम एक लाख रूपैंया वा वास्तविक खर्च रकम मध्ये जुन कम हुन्छ सो भन्दा बढी हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बीमक र बीमितको आपसी सहमतिमा समानुपातिक रूपमा बीमाशुल्क निर्धारण गरि सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च रकम थप गर्न सकिनेछ ।

(४) बीमालेखमा उल्ल‍ेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**५.२० दुर्घटना भई सडकबाट बाहिर गएको कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकललाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धीः**

व्यापक बीमालेख अन्तर्गत बीमा गरिने कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकल दुर्घटना भई सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्च सम्बन्धी बीमा गर्दा देहायको सम्पुष्टि प्रयोग गर्नु पर्नेछ ।

**दुर्घटना भई सडकबाट बाहिर गएको कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकललाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धी सम्पुष्टीः**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन दुर्घटना भई

सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले भुक्तानी गर्नेछ ।

तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम दुई लाख पचास हजार रूपैंया वा वास्तविक खर्च रकम मध्ये जुन कम हुन्छ सो भन्दा बढी हुने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बीमक र बीमितको आपसी सहमतिमा समानुपातिक रूपमा बीमाशुल्क निर्धारण गरि सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च रकम थप गर्न सकिनेछ ।

(४) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

## परिच्छेद –६
## तेश्रो पक्षप्रतिको दायित्व
## (मोटरसाइकल, निजी सवारी साधन, ब्यबसायिक सवारी साधनमा लागु हुने)

१) बीमकले बीमालेखमा उल्लेखित अधिकतम दायित्वको सीमाको अधीनमा रही सवारी साधन वा सोको प्रयोगबाट भएको दुर्घटनाको कारणबाट बीमितलाई देहायको अवस्थामा पर्न सक्ने दायित्व वापतका खर्चहरू समेतको भुक्तानी गर्नेछः

(क) तेश्रो पक्षको मृत्यु भएको, अंग भङ्ग भएको, शारीरिक चोटपटक लाग्न गएको अवस्थामा,

(ख) बीमितको सवारी साधनमा ढुवानीरत वा बीमितको स्वामित्वमा रहेको वा बीमितलाई विश्वाससाथ राख्न दिएको वा बीमितको जिम्मामा वा बीमितको नियन्त्रणमा रहेको सम्पत्तिको क्षति बाहेक अन्य तेश्रो पक्षको सम्पत्तिको क्षति/हानि–नोक्सानी भएको अवस्थामा ।

२) यस परिच्छेद अन्तर्गत बीमितलाई प्रदान गरिने दायित्वको सीमा तथा शर्तहरू अनुरूप बीमकले देहायको अवस्थामा बीमितको जानकारी वा सहमतिले सवारी साधन चलाइरहेको चालकको दायित्वको पनि क्षतिपूर्ति प्रदान गर्नेछ :

(क) त्यस्तो चालक अन्य सवारी साधन बीमा अन्तर्गतको बीमालेखको क्षतिपूर्तिको लागि हकदार नभएमा,

(ख) साथै निजले बीमितले जस्तै यस बीमालेख अन्तर्गत लागू हुन सक्नेसम्मको शब्दको मर्म, अपवाद र शर्तहरू अनुरूप काम गरेमा ।

३) बीमकले चाहेमा यस परिच्छेद अन्तर्गत दावी परेको अवस्थामा अनुसन्धान वा क्षति मूल्याङ्कन गर्नको लागि बीमकको प्रतिनिधि वा सर्भेयर खटाउन सक्नेछ । साथै यस परिच्छेद अन्तर्गत दावीसँग सम्बन्धित कुनै कार्य वा कारबाहीबाट सृजित वा सम्बन्धित कुनै घटनाको सम्बन्धमा अदालतमा प्रतिरक्षाको लागि कारबाही गर्न सक्नेछ ।

४) यस परिच्छेद अन्तर्गतको दावी सम्बन्धी क्षतीपुर्तीको हकमा बीमालेखमा तोकिएको

दायित्वको सीमा तथा शर्त अनुरूप बीमितले व्यहोर्नु पर्ने यस्तो दायित्वको भुक्तानी निज वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रदान गर्नेछ । त्यस्तो हकवालाले बीमित सरह यस बीमालेखका शर्तहरू पालना गर्नु पर्नेछ ।

५) यस बीमालेखको कुनै प्रावधान वा बन्देजले सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून अन्तर्गत व्यवस्था गरिएको क्षतिपूर्ति रकम प्राप्त गर्ने कुनै व्यक्तिको अधिकारमा प्रतिकुल असर पार्ने छैन ।

६) सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम बीमकले भुक्तानी दिनेछ ।

**(क) चोटपटक वा अंगभंग भएमाः** तेश्रो पक्षलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रू) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम)** |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको ज◌ोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च तीन लाख रूपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्ल◌ेखित क्षतिहरू मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक

व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

**(ख) कुरूवा खर्चः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रूपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

**(ग) एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रू.१०,०००।– (दश हजार रूपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।

**(घ) कृया खर्चः** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नतामा रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रूपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबीकर्तालाई भुक्तानी दिएको अबस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि बीमकले सो रकम भुक्तानीकर्ता/व्यवसायीलाई सोधभर्ना दिनुपर्नेछ र मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावीकर्तालाई भुक्तानी दिनुपर्नेछ ।

**(ङ) मृत्यु भएमाः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रूपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रूपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक, अन्य सम्बधित कर्मचारी तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ ।

७) सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा बीमालेख अन्तर्गत क्षतिपूर्तिको अधिकतम सीमा प्रति दुर्घटना देहाय बमोजिम हुनेछः

| **क्र. सं.** | **सवारी साधनको वर्गीकरण** | **तेश्रो पक्ष मानव क्षतिको अधिकतम दायित्व (रूपंयाँमा)** | **तेश्रो पक्ष सम्पत्ति क्षतिको अधिकतम दायित्व (रूपैयाँमा)** |
|---|---|---|---|
| १ | मोटर साइकल | २५ लाख | २५ लाख |

| | | | |
|---|---|---|---|
| २ | निजी सवारी साधन | ८० लाख | ८० लाख |
| ३ | व्यवसायिक सवारी साधन | ५० लाख | ५० लाख |

८) यस परिच्छेद अन्तर्गत एक भन्दा बढी व्यक्ति वा सम्पत्तिहरूको क्षति भएको कुनै दुर्घटनाको क्षतिपूर्तिको सम्बन्धमा प्रकरण ७ मा तोकिएको दायित्वको सीमा र यस बीमालेखको शर्त तथा सम्पुष्टिको अधिनमा रही बीमितले तोकिदिएको प्राथमिकता बमोजिम बीमकले क्षतिपूर्ति रकम भुक्तान गर्नेछ।

९) तेश्रो पक्ष सम्पत्तिको नोक्सानी अन्तर्गत दावी भुक्तानी गर्दा ह्रास कट्टी गरिने छैन।

१०) बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन्।

**परिच्छेद – ७**

**विविध**

**७.१ अतिरिक्त बीमाशुल्क दर सम्बन्धी व्यवस्थाः**

सवारी साधन चलाउन सिकाउने काममा प्रयोग गरिएको सवारी साधनमा तोकिएको शुरू बीमाशुल्क दरमा पच्चीस प्रतिशत थप बीमाशुल्क लाग्ने छ।

**७.२ प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेः**

(क) यस निर्देशन वमोजिम बीमा हुने सवारी साधनको हकमा बीमालेखमा उल्लेख नभएका सुविधा तथा जोखिमहरू (अतिरिक्त सुविधा/Add-on covers) थप गर्नु परेमा बीमकले सो को शर्त तथा सुविधा प्राधिकरणको पूर्व स्वीकृति लिई जारी गर्न सक्नेछ।

(ख) यस निर्देशन मा उल्लेख नभएका सवारी साधनको हकमा बीमा गर्नुपर्ने भएमा बीमकले प्राधिकरणको पूर्व स्वीकृति लिएर मात्र जारी गर्न सक्नेछ।

**७.३ नवीकरणको सूचना जारी गर्नु पर्नेः**

बीमकले बीमितलाई बीमालेख नवीकरणको सूचना लिखित वा विद्युतीय सञ्चार माध्यमबाट बीमा अवधि समाप्त हुनु अगावै गराउन सक्नेछ। तर नविकरण सूचना जारी नगरेको कारण बीमालेख व्यतीत भई भएको क्षतिमा बीमक उत्तरदायी हुने छैन। उक्त सूचनामा आगामी बीमा अवधिका लागि हुनु पर्ने घोषित मूल्य र सो बमोजिम लाग्ने बीमाशुल्क तथा अघिल्लो वर्षमा सूचित गरिएका दावी वा चालू वर्षमा दावी नगरे वापत पाउने छुट समेत खुलाउनु पर्नेछ। साथै, बीमकले बीमालेख नवीकरण नगर्ने भएमा समेत सो कुराको सूचना त्यस्तो बीमालेखको अवधि समाप्त हुनु अगावै जारी गर्नु पर्नेछ।

तर त्यस्तो दावी नगरे वापतको छुट बीमालेखको अवधि समाप्त भएको मितिले पैंतीस (३५) दिन भित्र बीमालेख नवीकरण गरेमा मात्र दिइनेछ।



मस्यौदा प्रति

नवीकरण सूचनामा बीमालेख नवीकरण गर्दा लाग्ने बीमाशुल्क गणना तालिकाको पूर्ण रूप संलग्न गर्नु पर्नेछ।

**७.४ उपयोगको क्रममा हुने ह्रासः**

सवारी साधनको उपयोगको क्रममा हुने ह्रासको क्षतिपूर्ति बीमकले बहन गर्ने छैन।

**७.५ बीमालेखको नामसारी:**

कुनै सवारी साधनको स्वामित्व परिवर्तन भएमा त्यस्तो स्वामित्व परिवर्तन भएको मितिबाट पैंतीस (३५) दिन भित्र सवारी साधनको नयाँ धनीको नाममा बीमालेख नामसारी नभएमा बीमालेख स्वत: निष्क्रिय हुनेछ। यसरी बीमालेखको नामसारी नगराएको कारणबाट बीमालेख निष्क्रिय भए तापनि त्यस्तो स्वामित्व परिवर्तन भए पछिको यात्री, चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी, अन्य कर्मचारी तथा तेश्रो पक्षको हानि–नोक्सानी सम्बन्धमा बीमकले (बीमा अवधि भित्र रहेको अवस्थामा छ भने) दायित्व व्यहोर्नु पर्नेछ।

तर बिक्रेताले त्यस्तो सवारी साधन बिक्री गरेको मितिले पैतीस (३५) दिन भित्र बीमकलाई त्यसको लिखित सूचना दिएमा बीमकले अघिल्लो बीमितलाई दिएको दावी नगरे वापतको छुट नयाँ बीमितसंग समानुपातिक रूपमा (No Claim बापतको बीमाशुल्क लिई) हिसाव मिलान गरी उक्त बीमालेख सवारी साधनको नयाँ धनीको नाममा नामसारी गरिदिनु पर्नेछ।

**स्पष्टीकरणः**

(१) बीमालेख नामसारीको लागि सवारी साधनको नयाँ धनीले छुट्टै बीमा प्रस्ताव फाराम भर्नु पर्नेछ र बीमालेख नामसारी सम्पुष्टिमा पूरा टिकट दस्तुर लगाउनु पर्नेछ।

(२) पहिलेको सवारी साधनको धनीले दावी नगरे वापत पाउने छुट पाएकोमा सो छुट रकम सवारी साधनको नयाँ धनीले पाउने छैन।

(३) माथी जुनसुकै कुरा लेखिएको भए तापनि कानूनी कारबाहीको कारणबाट स्वामित्वमा परिवर्तन आएको अवस्थामा बिना कुनै बन्देज बीमालेख हस्तान्तरण गर्न दिनु पर्नेछ।

(४) सवारी साधनको स्वामित्वमा परिवर्तन आएको कारणले बीमालेख निष्क्रिय भएमा त्यस्तो सवारीका यात्री तथा सवारीमा कार्यरत चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी, तथा अन्य कर्मचारीको हकमा लागू भएको दुर्घटना बीमा सम्बन्धी व्यवस्थामा कुनै असर पर्ने छैन। सवारी साधनको स्वामित्वमा परिवर्तन भए तापनि उल्लेखित अवधिसम्म निजहरूको बीमा सुरक्षा कायमै रहेको मानिनेछ।

**७.६ सवारी साधन प्रतिस्थापन:**

चालु बीमालेखको अवधि भुक्तान हुने मिति भित्र सोही प्रकारको एक वा बढी सवारी साधन समानुपातिक बीमा शुल्क लिई उक्त बीमालेखको बीमा अवधिभरको लागि समावेश गर्न सकिनेछ।

**७.७ दावी नगरेमा छुट हुने:**

(१) दावी नगरेमा छुट अनुसूची–२० मा उल्लेख भएको मान (Scale) बमोजिम हुनेछ।

(२) दावी परेको अवस्थामा बीमा नवीकरण गर्दा छुट एकमुष्ट रूपमा प्रभावकारी हुने छैन। दावी परेको



मस्यौदा प्रति

अवस्थामा बीमालेख नवीकरण गर्दा दावी परेको वर्ष भन्दा अगाडीको दावी नगरे वापतको छुट लागू हुनेछ।

तर पूर्ण क्षति (Total Loss) वा लक्षित पूर्ण क्षति (Constructive Total Loss) भई दावी भुक्तानी भएको अवस्थामा उल्लेखित छुट बीमितले पाउने छैन।

(३) यस्तो छुट बीमालेखको आधारमा नभई मूल बीमितको दावी नभए वापतको पाउने छुटको आधारमा हुनेछ। बीमालेखमा रहेको एउटा बीमितको बीमायोग्य हित अर्को बीमितमा हस्तान्तरण भएमा नयाँ बीमितको बीमायोग्यहित शुरू भएको अवधिबाट त्यस्तो छुट प्रारम्भ हुनेछ।

(४) साविकको बीमितले सवारी साधन बिक्रि गरेको मितिले तीन सय पैंसठ्ठी (३६५) दिन भित्रमा एकै वर्गिकरणको सवारी साधन खरिद गरी बीमा गर्न आएमा दुर्घटना नभएको घोषणा गरेमा पुरानो बीमालेखमा स्वदेशी वा विदेशी बीमकबाट जारी भएको प्रदान गरेसम्मको तर यस निर्देशन मा तोकिएको अधिकतम सीमा भित्र दावी नगरे वापतको छुट दिनु पर्नेछ।

(५) बीमितले आफ्नो सवारी साधनको बीमा कुनै एक बीमकबाट अर्को बीमकलाई हस्तान्तरण गरेमा पुरानो बीमकबाट पाइआएको छुटको दर अनुरूप नयाँ बीमकबाट निजलाई छुट दिनु पर्नेछ।

(६) नयाँ बीमालेख वापत बीमितले पुरानो बीमक (स्वदेशी वा विदेशी) बाट दावी नभए वापत पाउने छुटको लागि नवीकरणको लागि दिइने सूचना वा पुरानो बीमकबाट छुटको निश्चित प्रतिशत खुलेको पत्र पेश गर्नु पर्नेछ। सबै बीमकहरूले बीमितहरूलाई अनिवार्य रूपमा दावी नभए वापत पाउने छुटको प्रतिशत समेत खुलेको नवीकरण सूचना वा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(७) बीमा अवधि समाप्त भएको सवारी साधनको बीमालेख नवीकरण गर्नु पर्ने मितिबाट पैंतीस (३५) दिन भित्र नवीकरण गरेको अवस्थामा दावी नगरेमा पाउने छुट सुविधा लागू हुनेछ। नयाँ बीमालेखमा लागू हुने छूटको दर अघिल्लो पूरा वर्षको बीमालेखले आर्जन गरे अनुसार हुनेछ।

(८) यो निर्देशन मा अन्यथा व्यवस्था भएकोमा बाहेक बीमा अटुट रूपमा भए मात्र छुट दिनु पर्नेछ।

(९) सवारी साधनको स्वामित्व संस्थाबाट कर्मचारीको नाममा नामसारी भएको अवस्थामा त्यस्तो कर्मचारीले समेत दावी नगरे वापतको छुट पाउनेछ।

तर, त्यस्तो सवारी साधन सोही कर्मचारीले मात्र प्रयोग गर्ने गरी संस्था र त्यस्तो कर्मचारी बीच सम्झौता भएको प्रमाण सहित बीमा गरिएको हुनु पर्नेछ।

(१०) बीमितको मृत्यु भई निजको कानुनी हकवालाको नाममा सवारी साधन नामसारी भएको अवस्थामा त्यस्तो हकवालाले समेत दावी नभए वापतको छुट पाउनेछ।

(११) एउटै बीमालेख अन्तर्गत बीमालेखको तालिकामा विभिन्न सवारी साधनहरूलाई रक्षावरण गरिएको भए तापनि दावी वापतको छुटको लागि प्रत्येक सवारी साधन छुट्टा छुट्टै बीमा भए सरह मानिने छ।

(१२) दावी नगरेमा प्राप्त हुने छुट ब्यापक बीमालेखमा मात्र लागु हुनेछ।

**७.८ जोखिम समूह सम्बन्धी व्यवस्थाः**

(१) जोखिम समूह (हडताल, हुलदंगा तथा द्वेषपूर्ण कार्य र आतंककारी तथा विध्वंसात्मक कार्य) जोखिमको रक्षावरण व्यापक बीमालेखमा मात्र दिनु पर्नेछ ।

तर सवारी साधनसंग सम्बन्धीत यात्री तथा ब्यक्तिगत दुर्घटना बीमाको हकमा यो ब्यवस्था लागू हुने छैन । शंकास्पद अवधि (Apprehensive Period) को अवस्थामा बीमकले त्यस्तो रक्षावरण समाविष्ट गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) अघिल्लो वर्षको बीमालेखमा जोखिम समूह समावेश भएकोमा बाहेक नवीकरण गर्दा वा नयाँ बीमा गर्दा शंकास्पद स्थितिमा जोखिम समूह समावेश गर्न चाहेमा यस्तो रक्षावरण गर्न दिनु हुँदैन ।

(३) सवारी साधनको जोखिम समूह जोखिमको रक्षावरण गरेको अवस्थामा सो बीमालेख अन्तर्गत गरिने दुर्घटना बीमामा समेत अनिवार्य रूपमा त्यस्तो जोखिम समूह रक्षावरण गर्नु पर्नेछ ।

**स्पष्टीकरणः**

बीमकले प्राधिकरणको स्वीकृति लिई शंकास्पद स्थितिको अवधिको घोषणा गर्न सक्नेछ ।

**७.९ प्रयोग नभएको स्थगन (Laid Up) सवारी साधनमा छुटः**

(१) लगातार दुई महिना वा सो भन्दा बढि अवधिसम्म प्रयोग नभई ग्यारेजमा रहेको सवारी साधनमा यो सुविधा दिनु पर्नेछ ।

तर, बीमालेख अन्तर्गत दावी परेको सवारी साधन मर्मत नगरी थन्क्याइएकोमा, र बीमकलाई लिखित रूपमा पूर्व सूचना नदिइएमा यो सुविधा पाइने छैन ।

(२) बीमालेखको अवधि समाप्त हुने मितिले बाह्र महिना भन्दा बढिको स्थगन अवधि हुने छैन ।

(३) व्यापक बीमालेखमा घोषित मूल्यको प्रति सय रूपैयांको दश पैसाको दरले प्रति महिना स्थगन भएको अवधिको लागि बीमा शुल्क लिई समानुपातिक रूपमा बीमा शुल्क छुट दिनु पर्नेछ ।

**स्पष्टिकरणः**

यो व्यवस्थाको प्रयोजनको लागि पन्ध्र दिन भन्दा बढी तर एक महिना भन्दा कम दिनलाई पनि एक महिना हिसाव गरिने छ ।

(४) चालु बीमालेखको अवधि समाप्त हुने मितिमा सवारी साधन थन्किएमा उपदफा (१) को अधिनमा रही सो समयावधि बराबरको अवधि थप गर्न सकिनेछ ।

**स्पष्टीकरणः**

(१) बीमालेख नवीकरण गर्दा बीमितले तिर्नु पर्ने बीमाशुल्क रकमबाट स्थगन छुटवापतको रकम घटाउनु पर्नेछ ।

(२) स्थगन वापत बीमा शुल्क छुट रकमको हिसाब गर्दा बीमालेख जारी गर्दाको मितिमा हुने खुद बीमा शुल्कको आधारमा वा सवारी साधन थन्किनु भन्दा अघि भएको नवीकरणको आधारमा आधारभूत सुविधा तथा अतिरिक्त सुविधा वापत भुक्तानी गरिएको बीमा शुल्कबाट दावी नभए वापत दिइने छुट रकम कटाई हिसाब गर्नु पर्नेछ ।

**७.१० चालू बीमालेखमा थप जोखिम समावेश गर्न नहुनेः**



मस्यौदा प्रति

चालू बीमालेखमा थप जोखिम समावेश गर्नु हुँदैन ।

तर सवारी साधनसंग सम्बन्धित व्यक्तिगत दुर्घटना बीमा तथा तेश्रो पक्ष प्रतिको दायित्व बीमाको हकमा यो व्यवस्था लागू हुने छैन ।

**७.११ ट्रेलर/ट्रली सहितको सवारी साधनको व्यापक बीमामा अधिक सम्बन्धीः**

ट्रेलर/ट्रली सहितको सवारी साधन हानि–नोक्सानी भएको अवस्थामा मुल सवारी साधन वा टेलर/ट्रली मध्ये एउटाको लागि मात्र अधिक (एक्सेस) लागू हुनेछ ।

**७.१२ भौगोलिक क्षेत्र सम्बन्धीः**

यो निर्देशन अन्तर्गत जारी भएको बीमालेखले अन्य कुनै अतिरिक्त बीमा शुल्क नलिई भारत, चीनको स्वशासित क्षेत्र तिब्बत, भुटान र बंगलादेश सम्म रक्षावरण गर्नु पर्नेछ । साथै यस बीमालेखमा प्रदान गर्ने अधिकतम दायित्व यस निर्देशन वमोजिम हुनेछ ।

**७.१३ परिणाम स्वरूपको हानि, प्रयोगबाट भएको क्षति सम्बन्धीः**

यो निर्देशन अन्तर्गत जारी भएको बीमालेखले सवारी साधनको दुर्घटना पश्चात त्यसको कारणबाट उत्पन्न भएको परिणाम स्वरूपको क्षति तथा सवारी साधन प्रयोगको कारण खिइने जस्ता क्रियाबाट भएको क्षति बहन गर्ने छैन ।

**७.१४ व्याख्या गर्ने अधिकारः**

यस निर्देशन को प्रयोगमा कुनै द्वविधा उत्पन्न भएमा ब्याख्या गर्ने अन्तिम अधिकार बीमा प्राधिकरणमा निहित हुनेछ ।

**७.१५ खारेजी र बचाउ :**

(१) मोटर बीमादर सम्बन्धी निर्देशन , २०७३ खारेज गरिएको छ ।

(२) यस पूर्व प्राधिकरणबाट समय समयमा निर्धारण गरी जारी गरिएको मोटर बीमादर सम्बन्धी विभिन्न परिपत्रहरू खारेज गरिएको छ ।

(३) यो निर्देशन लागू हुनु अघि मोटर बीमादर सम्बन्धी निर्देशन , २०७३ र विभिन्न समयमा जारी भएका परिपत्रहरू अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै निर्देशन बमोजिम भए गरेका मानिने छन् ।

## परिच्छेद –८

## विद्युतीय सवारी साधन सम्बन्धी व्यवस्था

विद्युतीय सवारी एक विशेष प्रकारको सवारी साधन हो जसमा एक वा एक भन्दा बढी इलेक्ट्रिक मोटरहरू प्रयोग भएको हुन्छ र सो मोटर ब्याट्रीको विद्युतीय शक्तिबाट सञ्चालन हुने गर्छ । विद्युतीय सवारी साधनमा पेट्रोल र डिजेल सवारी साधनमा जस्तै इन्जिनको रूपमा इलेक्ट्रिक मोटर र इन्धनको रूपमा ब्याट्रीको प्रयोग भएको हुन्छ र उक्त ब्याट्रीलाई बाह्य विद्युतीय स्रोतबाट समय समयमा चार्ज गर्नुपर्ने हुन्छ ।

मस्यौदा प्रति

## ८.१ विद्युतीय सवारी साधनको बीमाशुल्क दर

**विद्युतीय मोटरसाइकलको बीमाशुल्क दर:**

मोटरसाइकल, स्कुटर जस्ता सवारी साधनको बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (१) र (२) मा उल्लेख भए बमोजिम हुनेछ।

**विद्युतीय निजी सवारी साधनको बीमाशुल्क दरः**

निजी सवार साधनको बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (३) र (४) मा उल्लेख भए बमोजिम हुनेछ।

**विद्युतीय व्यावसायीक सवारी साधनको बीमाशुल्क दरः**

व्यावसायीक सवारी साधनको बीमाशुल्क दर देहाय बमोजिम हुनेछ:

(१) मालवाहक सवारी साधन (प्रज्वलनशिल पदार्थ ओसार पसार गर्ने बाहेक) को बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (५) र (६) मा उल्लेख भए बमोजिम हुनेछ।

(२) ट्यांङ्कर (प्रज्वलनशिल पदार्थ ओसार पसार गर्ने सवारी साधन) को बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (७) र (८) मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यात्री ओसार्ने भाडाका वा सरकारी बस, मिनि बस, माइक्रोबस, पिकअप तथा कोचको बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (९) र (१०) मा उल्लेख भए बमोजिम हुनेछ।

(४) ट्याक्सीको बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (११) मा उल्लेख भए बमोजिम हुनेछ।

(५) भाडामा प्रयोग गरिने विद्युतीय टेम्पो, ई-रिक्सा, ट्राईसाइकल र सफा टेम्पोको बीमाशुल्क दर अनुसूची–२२ तालिका नं. (१२)र (१३) मा उल्लेख भए बमोजिम हुनेछ।

## ८.२ घोषित मूल्य निर्धारण

विद्युतीय सवारी साधनको घोषित मूल्य निर्धारण गर्दा देहाय वमोजिम ह्रासकट्टी गरि कायम गर्नुपर्नेछ।

| नेपालमा दर्ता भएको मिति देखि वा सवारी साधनमा पार्ट पर्जाहरू जडान गरे देखि समानको उमेर | ह्रासकट्टीदर |
|---|---|
| ६ महिना भन्दा कम | ० % |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ % |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० % |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ % |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ % |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ % |
| ५वर्ष देखि १० वर्ष भन्दा कम | ४०% |
| १० वर्ष भन्दा बढी | ५०% |

## ८.३ ह्रासकट्टीदर

**उच्च भोल्टेज व्याट्रीको ह्रासकट्टी दर**

क) बिद्युतीय सवारी साधनमा सवारी साधन स्टार्ट गर्न तथा बत्तीको लागि अन्य सवारी साधन जस्तै प्रयोग हुने लिड एसिड व्याट्रीको ह्रासकट्टी दर ५० प्रतिशत हुनेछ।

ख) सवारी साधन चलाउनको लागि प्रयोग हुने उच्च भोल्टेज व्याट्रीको ह्रासकट्टी दर सवारी साधन निर्माताले दिएको वारेन्टी अवधि सम्मलाई ६० प्रतिशत रहने गरि गर्ने र बाँकी ४० प्रतिशत वारेन्टी अवधि पछीको ४ वर्षमा शुन्य हुने गरि देहाएको तालिका वमोजिम हुनेछ।

**५ वर्ष बन्देज अवधि (Warranty Period ) भएको उच्च भोल्टेज (High Voltage) को व्याट्रीको ह्रासकट्टी दर।**

| व्याट्रीको उमेर | ह्रासकट्टीदर |
|---|---|
| १ वर्ष भन्दा कम | ० % |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १५ % |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | ३० % |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | ४५ % |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ६० % |
| ५ वर्ष देखि ६ वर्ष भन्दा कम | ७०% |
| ६ वर्ष देखि ७ वर्ष भन्दा कम | ८०% |
| ७ वर्ष देखि ८ वर्ष भन्दा कम | ९०% |
| ८ वर्ष भन्दा माथि | १००% |

**द्रष्टव्य:**

क) विद्युतीय सवारी साधनको उच्च भोल्टेज (High Voltage) व्याट्री को बन्देज अवधि वा जुनसुकै समयमा परिवर्तन गर्नु परेमा, सो सवारी साधनको बीमालेख जारी गर्दा वा नविकरण गर्दा बीमालेखमा खुलासा गर्नु पर्नेछ।

ख) विद्युतीय सवारी साधनको उच्च भोल्टेज (High Voltage) व्याट्रीको बन्देज अवधि पाँच वर्ष भन्दा बढी वा घटी भएमा व्याट्रीको ह्रासकट्टी दर गणना गर्दा पहिलो वर्ष गणना नगरी दोस्रो वर्ष पछी वारेन्टी अवधि को अन्त्यसम्म समानुपातिक रूपमा ६० प्रतिशत रहने गरि गर्ने र बाँकी ४० प्रतिशत ४ वर्षमा शुन्य हुने गरि ह्रासकट्टी गणना गर्नुपर्नेछ।

## ८.४ व्याट्री बाहेक अन्य उपकरणको ह्रासकट्टी दर

विद्युतीय सवारी साधनमा प्रयोग हुने विषेश उपकरणहरू जस्तै Power Inverter, DC-DC Converter, Charging Port, On-board Charger, Controller, Electronic Power Control Module, Battery Control Module, Sensor आदीमा ह्रासकट्टी गणना देहाय वमोजिम गर्नुपर्नेछ।

मस्यौदा

| **नेपालमा दर्ता भएको मिति देखि वा<br>सवारी साधनमा पार्ट पर्जाहरू जडान गरे देखि समानको उमेर** | **ह्रासकट्टीदर** |
|---|---|
| ६ महिना भन्दा कम | ० % |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ % |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० % |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ % |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ % |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ % |
| ५वर्ष देखि १० वर्ष भन्दा कम | ४०% |
| १० वर्ष भन्दा बढी | ५०% |

मस्यौदा प्रति

**अनुसूची–१**

**(दफा २.६ संग सम्बन्धित)**

**(बीमकको नाम र ठेगाना उल्लेख गर्ने)**

**मोटरसाइकल बीमालेख**

यस बीमालेखले रक्षावरण गर्ने क्षति/हानि–नोक्सानी बिरुद्ध बीमा गर्नका लागि (बीमकको नाम उल्लेख गर्ने) (यस पछि बीमक भनिएको) ले प्रस्ताव प्राप्त गरेको र बीमकले यस बीमालेखको अधिनमा रहने गरी जोखिम बहन गर्न मन्जुर गरी यस बीमालेखको तालिकामा उल्लेखित बीमाशुल्क प्राप्त गरेकोले बीमकले यो बीमालेख जारी गरेको छ।

यस बीमालेखको लागि प्राप्त प्रस्ताव फारामलाई यस बीमालेखको आधार मानिने छ। बीमालेखको तालिकामा क्रम संख्या उल्लेख भएका संलग्न सम्पुष्टीहरु यस करारको अभिन्न अंग मानिने छ।

**परिच्छेद –१**

**बीमालेखले रक्षावरण गरेको मोटरसाइकलको क्षति/हानि–नोक्सानी**

१. बीमकले बीमितलाई देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित मोटरसाइकल (यस पछि सवारी साधन भनिएको) वा सोमा जडित पार्टपूर्जा वा दुवैको क्षति/हानि–नोक्सानी भए वापत क्षतिपूर्ति प्रदान गर्नेछ –

(क) आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपूर्जाको बिष्फोटन वा स्वजलन,

(ख) भूकम्प,

(ग) बाढी/डुबान,

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिउँ वा तुषारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) सवारी साधनको प्रयोगबाट भएको ह्रासको परिणाम स्वरुप वा यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुटको कारणले सवारी साधन दुर्घटना भई भएको क्षति/हानि–नोक्सानी

(ज) चोरी, सेंधमारी वा नकवजनी,

(झ) सडक, रेल, आन्तरिक जलमार्ग, लिफ्ट वा एलिभेटरमा ओसार पसार गर्दा।

२. प्रकरण १ बमोजिमको कुनै कारणबाट भएको क्षति/हानि–नोक्सानीले गर्दा सवारी साधनको देहायको वस्तुबाट बनेको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ–

| | | |
|---|---|---|
| (क) | सम्पूर्ण किसिमका रबर,बत्तिहरु, ब्याट्रीहरु, टायर तथा ट्यूबमा | ५०% |
| (ख) | फाइवर ग्लासबाट बनेका पार्टपूर्जाहरुमा | ३०% |
| (ग) | काँच (ग्लास) बाट बनेका सामानहरुमा | ०% |

३. प्रकरण १ मा उल्लेख भएको कुनै कारणबाट भएको क्षति/हानि - नोक्सानीले गर्दा सवारी साधनको प्रकरण २ मा उल्लेख भए भन्दा बाहेकको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ –

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

४. प्रकरण १ बमोजिमको कारणबाट आंशिक क्षति/हानि–नोक्सानी भएको सवारी साधनको क्षतिपूर्ति प्रदान गर्दा प्रकरण २ वा ३ मा उल्लेख भए बमोजिमको ह्रासकट्टी तथा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक तथा स्वेच्छीक अधिकको योगफल कट्टी गरी बाँकी रकम बीमकले भुक्तानी दिनेछ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै पनि अवस्थामा बीमकले भुक्तानी गर्ने छैन :

(क)सवारी साधनको प्रयोगबाट भएको ह्रास (Depreciation), यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुट,

(ख)सवारी साधन दुर्घटना नभएको अवस्थामा भएको टायर/ट्यूबको क्षति,

(ग) सवारी साधनको चोरी नभएको अवस्थामा भएको पार्टपूर्जा मात्रको चोरी/सेंधमारी/नकवजनी,

(घ) चालकले मादक पदार्थ वा लागू पदार्थ सेवन गरेको कारणले भएको क्षति/हानि–नोक्सानी,

(ङ) सवारी साधन प्रति बीमितको हक हित परिवर्तन वा समाप्त भएको पैंतीस (३५) दिन पछि भएको क्षती/ हानि–नोक्सानी।

६. प्रकरण १ मा उल्लिखित कुनै कारणबाट सवारी साधन नचल्ने भएमा सवारी साधनको सुरक्षाको लागि वा नजिकको मर्मत गर्ने स्थानसम्म पुर्याउन लाग्ने आवश्यक र वास्तविक खर्च बीमकले व्यहोर्ने छ। यस प्रकरण अन्तर्गत बीमकको अधिकतम दायित्व देहायको तालिका बमोजिम हुनेछ।

| विवरण | दुर्घटना भएको स्थानबाट पुर्याउनु पर्ने स्थान सम्मको दुरी | |
|---|---|---|
| दूरी | सय (१००) कि.मी. सम्म | सय (१००) कि.मी. भन्दा बढी |
| अधिकतम दायित्व | तीन (३०००) हजार रुपैयाँ | पाँच (५०००) हजार रुपैयाँ |

७. यस बीमालेख अन्तर्गत बीमकको दायित्व हुन सक्ने क्षतिको सम्बन्धमा देहायका शर्तहरु पूरा गरी बीमितले सवारी साधन आवश्यक मर्मत गराउन सक्नेछ :

(क) यस्तो मर्मत कार्यको अनुमानित खर्च तीन हजार रुपैयाँ भन्दा बढि नभएमा,

(ख) मर्मत खर्चको विस्तृत विवरण तत्कालै बीमकलाई उपलब्ध गराएमा र

(ग) बीमितले बीमकलाई यस्तो मर्मत गर्न आवश्यक भएको तथा सो वापत लागेको खर्च मनासिब हो भन्ने कुरा एकिन गर्न आवश्यक प्रमाण सहित सहयोग गरेमा।

८. सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क)प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ ।

(ख) सवारी साधनको वितरक वा उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको वितरक वा उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ ।

| **नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर** | **ह्रास कट्टीको दर** |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढी उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ .

(ग) एउटा बीमा अवधिको लागि उक्त अवधिको शुरुमा खण्ड (ख) वा (ग) बमोजिम निर्धारण भएको घोषित मूल्यलाई नै सवारी साधनको बजार मूल्य मानिनेछ र सो अवधि भित्रको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति ( Constructive Total Loss) दाबीमा थप ह्रास कट्टी गरिने छैन ।

(घ) प्रकरण १ बमोजिमको कारणबाट क्षति/हानि–नोक्सानी भएको सवारी साधनको मर्मत गर्न लाग्ने खर्च घोषित मूल्यको पचहत्तर प्रतिशत वा सो भन्दा बढि हुने भएमा लक्षित पूर्ण क्षति भएको मानिनेछ ।

९. प्रकरण १ बमोजिमको कारणबाट पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको सवारी साधनको क्षतिपूर्ति बीमकले भुक्तानी दिनेछ । यस्तो भुक्तानी प्रदान गर्दा अनिवार्य अधिक वा स्वेच्छिक अधिक कट्टी गरिने छैन । सर्भेयरको सिफारिसमा बीमक र बीमितको लिखित सहमतिबाट रद्दी (Salvage) को मूल्य कायम गरिनेछ ।

## परिच्छेद -२

## तेश्रो पक्ष प्रतिको दायित्व

१. बीमकले बीमालेखमा उल्लेखित अधिकतम दायित्वको सीमाको अधीनमा रही सवारी साधन वा सोको प्रयोगबाट भएको

दुर्घटनाको कारणबाट बीमितलाई देहायको अवस्थामा पर्न सक्ने दायित्व वापतका खर्चहरु समेतको भुक्तानी गर्नेछ :

(क) तेश्रो पक्षको मृत्यु भएको, अंग भङ्ग भएको, शारीरिक चोटपटक लाग्न गएको अवस्थामा,

(ख) बीमितको सवारी साधनमा ढुवानीरत् वा बीमितको स्वामित्वमा रहेको वा बीमितलाई विश्वाससाथ राख्न दिएको वा बीमितको जिम्मामा वा बीमितको नियन्त्रणमा रहेको सम्पत्तिको क्षति बाहेक अन्य तेश्रो पक्षको सम्पत्तिको क्षति/हानि–नोक्सानी भएको अवस्थामा।

२. यस परिच्छेद अन्तर्गत बीमितलाई प्रदान गरिने दायित्वको सीमा तथा शर्तहरु अनुरुप बीमकले देहायको अवस्थामा बीमितको साधारण जानकारी वा सहमतीले सवारी साधनको चलाइरहेको चालकको दायित्वको पनि क्षतिपूर्ति प्रदान गर्नेछ:

(क) त्यस्तो चालक अन्य सवारी साधन बीमा अन्तर्गतको बीमालेखको क्षतिपूर्तिको लागि हकदार नभएमा,

(ख) साथै निजले बीमितले जस्तै यस बीमालेख अन्तर्गत लागू हुन सक्नेसम्मको शब्दको मर्म, अपवाद र शर्तहरु अनुरुप काम गरेमा।

३. बीमकले चाहेमा यस परिच्छेद अन्तर्गत दावी परेको अवस्थामा अनुसन्धान वा क्षति मूल्याङ्कन गर्नको लागि बीमकको प्रतिनिधि वा सर्भेयर खटाउन सक्नेछ। साथै यस परिच्छेद अन्तर्गत दावीसँग सम्बन्धित कुनै कार्य वा कारबाहीबाट सृजित वा सम्बन्धित कुनै घटनाको सम्बन्धमा अदालतमा प्रतिरक्षाको लागि कारबाही गर्न सक्नेछ।

४. यस परिच्छेद अन्तर्गतको दावी सम्बन्धी क्षतीपुर्तीको हकमा बीमालेखमा तोकिएको दायित्वको सीमा तथा शर्त अनुरुप बीमितले व्यहोर्नु पर्ने यस्तो दायित्वको भुक्तानी निज वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रदान गर्नेछ। त्यस्तो हकवालाले बीमित सरह यस बीमालेखका शर्तहरु पालना गर्नु पर्नेछ।

५. यस बीमालेखको कुनै प्रावधान वा बन्देजले सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून अन्तर्गत व्यवस्था गरिएको क्षतिपूर्ति रकम प्राप्त गर्ने कुनै व्यक्तिको अधिकारमा प्रतिकुल असर पार्ने छैन।

६. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम बीमकले भुक्तानी दिनेछ।

**(क) चोटपटक वा अंगभंग भएमाः** तेश्रो पक्षलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रु) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम)** |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा | पाँच लाख |

| | |
|---|---|
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रुपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरुपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च तीन लाख रुपौयाँको हदमा नबढ्ने गरी भुक्तानी दिनेछ। साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ। तर माथि तालिकामा उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ।

(ख) **कुरुवा खर्चः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रुपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरुवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु.१०,०००।– (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ।

(घ) **कृया खर्चः** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नतामा रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ। यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबी कर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि सो रकम भुक्तानी कर्तालाई सोध भर्ना दिनु पर्नेछ। मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावी कर्तालाई भुक्तान गर्नु पर्नेछ।

(ङ) **मृत्यु भएमाः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ। यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

७. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा बीमालेख अन्तर्गत क्षतिपूर्तिको अधिकतम सीमा प्रति दुर्घटना देहाय बमोजिम हुनेछः

| **क्र. सं.** | **सवारी साधनको वर्गीकरण** | **तेश्रो पक्ष मानव क्षतिको अधिकतम दायित्व (रुपंयाँमा)** | **तेश्रो पक्ष सम्पत्ति क्षतिको अधिकतम दायित्व (रुपैयाँमा)** |
|---|---|---|---|
| १ | मोटर साइकल | २५ लाख | २५ लाख |

८. सवारी साधन दुर्घटनाबाट तेश्रो पक्षको सम्पत्तिको नोक्सानी भएमा बीमालेखको शर्तको अधिनमा रही बीमकले क्षतिपूर्ति रकम भुक्तानी दिनेछ। यसरी भुक्तानी प्रदान गर्दा ह्रास कट्टी गरिने छैन।

९. यस परिच्छेद अन्तर्गत एक भन्दा बढी व्यक्ति वा सम्पत्तिहरुको क्षति भएको कुनै दुर्घटनाको क्षतिपूर्तिको सम्बन्धमा प्रकरण ७ मा तोकिएको दायित्वको सीमा र यस बीमालेखको शर्त तथा सम्पुष्टीको अधिनमा रही बीमितले तोकिदिएको प्राथमिकता बमोजिम बीमकले क्षतिपूर्ति रकम भुक्तान गर्नेछ।

१०. बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहने छन्।

## परिच्छेद –३

## मोटरसाइकल चालक तथा सोमा पछाडि सवार एक व्यक्ति (Pillion Rider) को दुर्घटना बीमा

१. यस बीमालेखको शर्तहरुको अधिनमा रही सवारी साधन हाँकिरहेको व्यक्ति वा सवारी साधनमा सवार एक व्यक्ति (**Pillion Rider**) बीमा गरिएको सवारी साधनमा सवार रहँदा वा चढ्दा वा ओर्लदा दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरुप त्यस्तो दुर्घटना भएको एक सय त्रियासी (१८३) दिन भित्र देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रति व्यक्ति देहाय बमोजिमको क्षतिपूर्ति दिनेछ।

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रु) (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम)** |
|---|---|

| | |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रुपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरुपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च तीन लाख रुपौयाँको हदमा नबढ्ने गरी भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(क) **कुरुवा खर्चः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रुपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरुवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ख)**एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु.१०,०००।– (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।



मस्यौदा प्रति

(ग) **कृया खर्चः** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नतामा रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ। यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबी कर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि सो रकम भुक्तानी कर्तालाई सोध भर्ना दिनु पर्नेछ। मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावी कर्तालाई भुक्तान गर्नु पर्नेछ।

(घ) **मृत्यु भएमाः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ। यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

२. आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरुप भएको हानि–नोक्सानी वापत बीमकले कुनै क्षतिपूर्ति दिने छैन।

३. बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहने छन्।

स्पष्टीकरण :उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लेखित प्रावधानहरुलाई कुनै असर पर्ने छैन।

## परिच्छेद –४

## दावी नगरेको अवस्थामा हुने छुट

४. यस बीमालेख अन्तर्गत कुनै बीमा दावी नगरेको अवस्थामा बीमालेख नवीकरण गराउँदा बीमकले नवीकरण बीमाशुल्क (जोखिम समूह बीमा बाहेक) मा देहाय बमोजिमको छुट दिनेछ :

| **बीमा दावी नगरेको अवधि** | **छूट** |
|---|---|
| नवीकरण गर्नु भन्दा अगाडिको एक वर्ष | पन्ध्र प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार दुई वर्षहरु | पच्चीस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार तीन वा सो भन्दा बढी वर्षहरु | पैंतीस प्रतिशत |

५. दावी परेको अवस्थामा बीमा नवीकरण गर्दा छुट एकमुष्ट रुपमा प्रभावकारी हुने छैन। दावी परेको अवस्थामा बीमालेख नवीकरण गर्दा दावी परेको वर्ष भन्दा अगाडीको दावी नगरे वापतको छुट लागू हुनेछ।



मस्यौदा प्रति

तर पूर्ण क्षति (Total Loss) वा लक्षित पूर्ण क्षति (Constructive Total Loss) भई दावी भुक्तानी भएको अवस्थामा उल्लेखित छुट बीमितले पाउने छैन ।

६. यस्तो छुट बीमालेखको आधारमा नभई मूल बीमितको दावी नभए वापतको पाउने छुटको आधारमा हुनेछ । बीमालेखमा रहेको एउटा बीमितको बीमायोग्य हित अर्को बीमितमा हस्तान्तरण भएमा नयाँ बीमितको बीमायोग्यहित शुरु भएको अवधिबाट त्यस्तो छुट प्रारम्भ हुनेछ ।

७. साविकको बीमितले सवारी साधन बिक्रि गरेको मितिले तीन सय पैंसठ्ठी (३६५) दिन भित्रमा एकै वर्गिकरणको सवारी साधन खरिद गरी बीमा गर्न आएमा दुर्घटना नभएको घोषणा गरेमा पुरानो बीमालेखमा स्वदेशी वा विदेशी बीमकबाट जारी भएको प्रदान गरेसम्मको तर यस निर्देशन मा तोकिएको अधिकतम सीमा भित्र दावी नगरे वापतको छुट दिनु पर्नेछ ।

८. बीमितले आफ्नो सवारी साधनको बीमा कुनै एक बीमकबाट अर्को बीमकलाई हस्तान्तरण गरेमा पुरानो बीमकबाट पाइआएको छुटको दर अनुरुप नयाँ बीमकबाट निजलाई छुट दिनु पर्नेछ ।

९. नयाँ बीमालेख वापत बीमितले पुरानो बीमक (स्वदेशी वा विदेशी) बाट दावी नभए वापत पाउने छुटको लागि नवीकरणको लागि दिइने सूचना वा पुरानो बीमकबाट छुटको निश्चित प्रतिशत खुलेको पत्र पेश गर्नु पर्नेछ । सबै बीमकहरुले बीमितहरुलाई अनिवार्य रुपमा दावी नभए वापत पाउने छुटको प्रतिशत समेत खुलेको नवीकरण सूचना वा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

१०.बीमा अवधि समाप्त भएको सवारी साधनको बीमालेख नवीकरण गर्नु पर्ने मितिबाट पैंतीस (३५) दिन भित्र नवीकरण गरेको अवस्थामा दावी नगरेमा पाउने छुट सुविधा लागू हुनेछ । नयाँ बीमालेखमा लागू हुने छूटको दर अघिल्लो पूरा वर्षको बीमालेखले आर्जन गरे अनुसार हुनेछ ।

११.यो निर्देशन मा अन्यथा व्यवस्था भएकोमा बाहेक बीमा अटुट रुपमा भए मात्र छुट दिनु पर्नेछ ।

१२.सवारी साधनको स्वामित्व संस्थाबाट कर्मचारीको नाममा नामसारी भएको अवस्थामा त्यस्तो कर्मचारीले समेत दावी नगरे वापतको छुट पाउनेछ ।

तर, त्यस्तो सवारी साधन सोही कर्मचारीले मात्र प्रयोग गर्ने गरी संस्था र त्यस्तो कर्मचारी बीच सम्झौता भएको प्रमाण सहित बीमा गरिएको हुनु पर्नेछ ।

१३. बीमितको मृत्यु भई निजको कानुनी हकवालाको नाममा सवारी साधन नामसारी भएको अवस्थामा त्यस्तो हकवालाले समेत दावी नभए वापतको छुट पाउनेछ ।

१४.एउटै बीमालेख अन्तर्गत बीमालेखको तालिकामा विभिन्न सवारी साधनहरुलाई रक्षावरण गरिएको भए तापनि दावी वापतको छुटको लागि प्रत्येक सवारी साधन छुट्टा छुट्टै बीमा भए सरह मानिने छ ।

१५. दावी नगरेमा प्राप्त हुने छुट ब्यापक बीमालेखमा मात्र लागु हुनेछ ।

# मोटरसाइकल बीमालेखको तालिका (सेड्यूल)

यस तालिकामा उल्लेख भएको प्रयोगको सीमा उल्लघंन भएमा बीमकले बीमितलाई क्षतिपूर्ति दिने छैन ।

<table>
<tr><td rowspan="11">बीमितको<br>नाम, थर :<br>ठेगाना :<br>पेशा :</td><td colspan="2">बीमालेख नं. :</td></tr>
<tr><td colspan="2">बीमालेखको किसिम :</td></tr>
<tr><td colspan="2">प्रस्तावकको नाम :</td></tr>
<tr><td colspan="2">बीमा प्रस्ताव भएको मिति :</td></tr>
<tr><td colspan="2">बीमालेख जारी भएको स्थान :</td></tr>
<tr><td colspan="2">मिति :</td></tr>
<tr><td colspan="2">रक्षावरण गरिएका जोखिमहरु :</td></tr>
<tr><td colspan="2">जोखिम बहन गर्न शुरु हुने मिति :</td></tr>
<tr><td colspan="2">समय :</td></tr>
<tr><td colspan="2">बीमा अभिकर्ताको नाम र इजाजतपत्र नम्बर :</td></tr>
<tr><td colspan="2">बीमा अवधि : ……………. देखि …………….. सम्म</td></tr>
<tr><td>लागू हुने भौगोलिक क्षेत्र : नेपाल, भारत, भूटान, बंगलादेश र चीनको स्वशासित क्षेत्र तिब्बत<br><br>रसिद नं.<br>रसिदको मिति : समय:</td><td colspan="2"><u>बीमाशुल्क</u><br>मोटरसाइकलको क्षति/हानी नोक्सानी विरुद्ध तथा दुर्घटना बीमाको – रु.………<br>तेस्रो पक्ष प्रतिको दायित्व बीमाको – रु.………<br>मोटरसाइकल चालक तथा पछाडी सवार एक व्यक्ति बीमाको- रु.………<br>जोखिम समूह बीमाको - रु.………<br>जम्मा- रु.………<br>टिकट- रु.………<br>…….. % मूल्य अभिवृद्धि कर - रु.………<br>कूल बीमाशूल्क - रु.………</td></tr>
<tr><td colspan="3">बीमालेखले रक्षावरण गरेको सवारी साधनको</td></tr>
<tr><td colspan="2">इन्जिन नं. :<br>च्यासिस नं. :<br>दर्ता नं. :<br>बनाउने कम्पनी :<br>बनोट :<br>मोडेल :</td><td>बनेको वर्ष :<br>घन क्षमता (क्यूविक क्यापासिटि) :<br>दर्ता मिति :<br>सरसामान बाहेक सवारी साधनको घोषित मूल्य :<br>सरसामानको घोषित मूल्य :<br>जम्मा घोषित मूल्य :</td></tr>
<tr><td colspan="3"><u>प्रयोगको सीमा :</u><br>यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको सवारी साधन इनाम, संगठानात्मक दौड, प्रतियोगिता, टिकाउ परीक्षण, गति परीक्षण वा ढुवानी कार्यसंग सम्बन्धित कुनै प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।<br><u>चालक :</u><br>निम्नमध्ये कुनै: (क) बीमित स्वयं वा (ख) बीमितको साधारण जानकारी र वा सहमतिले सवारी साधन चलाउने व्यक्ति ।<br>चालकसंग उक्त मोटरसाइकल चलाउने अनुमतिपत्र भएको र त्यस्तो अनुमतिपत्र राख्न वा प्राप्त गर्न अयोग्य नठहरिएको हुनुपर्नेछ ।<br><u>बीमाशुल्कको हिसाब :</u> (संलग्न तालिका बमोजिम)<br><u>अनिवार्य अधिक :</u> <u>स्वेच्छिक अधिक :</u><br>संलग्न सम्पुष्टि नम्बरहरु :</td></tr>
</table>

बीमक तर्फबाट अधिकार प्राप्त अधिकारीको –

दस्तखत :

नाम थर :

छाप :

दर्जा :

## अनुसूची–२

**(दफा २.७ संग सम्बन्धित)**

## निजी सवारी साधन बीमालेख

**(बीमकको नाम र ठेगाना उल्लेख गर्ने)**

यस बीमालेखले रक्षावरण गर्ने क्षति/हानि–नोक्सानी बिरुद्ध बीमा गर्नका लागि (बीमकको नाम उल्लेख गर्ने) (यस पछि बीमक भनिएको) ले प्रस्ताव प्राप्त गरेको र बीमकले यस बीमालेखको अधिनमा रहने गरी जोखिम बहन गर्न मन्जुर गरी यस बीमालेखको तालिकामा उल्लेखित बीमाशुल्क प्राप्त गरेकोले बीमकले यो बीमालेख जारी गरेको छ।

यस बीमालेखको लागि प्राप्त प्रस्ताव फारामलाई यस बीमालेखको आधार मानिने छ। बीमालेखको तालिकामा क्रम संख्या उल्लेख भएका संलग्न सम्पुष्टीहरु यस करारको अभिन्न अंग मानिने छन्।

### परिच्छेद –१

### बीमालेखले रक्षावरण गरेको निजी सवारी साधनको क्षति/हानि–नोक्सानी

१. बीमकले बीमितलाई देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित निजी सवारी साधन (यस पछि सवारी साधन भनिएको) वा सोमा जडित पार्टपूर्जा वा दुवैको क्षति/हानि–नोक्सानी भए वापत क्षतिपूर्ति प्रदान गर्नेछ –

(ञ) आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपूर्जाको बिष्फोटन वा स्वजलन,

(ट) भूकम्प,

(ठ) बाढी/डुबान,

(ड) पहिरो/भूस्खलन,

(ढ) आँधिबेहरी, असिना, हिउँ वा तुषारो,

(ण) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(त) सवारी साधनको प्रयोगबाट भएको ह्रासको परिणाम स्वरुप वा यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुटको कारणले सवारी साधन दुर्घटना भई भएको क्षति/हानि–नोक्सानी

(थ) चोरी, सेंधमारी वा नकवजनी,

(द) सडक, रेल, आन्तरिक जलमार्ग, लिफ्ट वा एलिभेटरमा ओसार पसार गर्दा।

२. प्रकरण १ बमोजिमको कुनै कारणबाट भएको क्षति/हानि–नोक्सानीले गर्दा सवारी साधनको देहायको वस्तुबाट बनेको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ–

| | | |
|---|---|---|
| (क) | सम्पूर्ण किसिमका रबर,बत्तिहरु, ब्याट्रीहरु, टायर तथा ट्यूबमा | ५०% |
| (ख) | फाइवर ग्लासबाट बनेका पार्टपूर्जाहरुमा | ३०% |
| (ग) | काँच (ग्लास) बाट बनेका सामानहरुमा | ०% |

३. प्रकरण १ मा उल्लेख भएको कुनै कारणबाट भएको क्षति/हानि - नोक्सानीले गर्दा सवारी साधनको प्रकरण २ मा उल्लेख भए भन्दा बाहेकको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ –

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

४. प्रकरण १ बमोजिमको कारणबाट आंशिक क्षति/हानि–नोक्सानी भएको सवारी साधनको क्षतिपूर्ति प्रदान गर्दा प्रकरण २ वा ३ मा उल्लेख भए बमोजिमको हस कट्टी तथा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक तथा स्वेच्छीक अधिकको योगफल कट्टी गरी बाँकी रकम बीमकले भुक्तानी दिनेछ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै पनि अवस्थामा बीमकले भुक्तानी गर्ने छैन :

(च) सवारी साधनको प्रयोगबाट भएको ह्रास (Depreciation), यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुट,

(छ) सवारी साधन दुर्घटना नभएको अवस्थामा भएको टायर/ट्यूबको क्षति,

(ज) सवारी साधनको चोरी नभएको अवस्थामा भएको  पार्टपूर्जा मात्रको चोरी/सेंधमारी/नकवजनी,

(झ) चालकले मादक पदार्थ वा लागू पदार्थ सेवन गरेको कारणले भएको क्षति/हानि–नोक्सानी,

(ञ) सवारी साधन प्रति बीमितको हक हित परिवर्तन वा समाप्त भएको पैंतीस (३५) दिन पछि भएको क्षती/ हानि–नोक्सानी।

६. प्रकरण १ मा उल्लिखित कुनै कारणबाट सवारी साधन नचल्ने भएमा सवारी साधनको सुरक्षाको लागि वा नजिकको मर्मत गर्ने स्थानसम्म पुर्याउन लाग्ने आवश्यक र वास्तविक खर्च बीमकले व्यहोर्ने छ। यस प्रकरण अन्तर्गत बीमकको अधिकतम दायित्व देहायको तालिका बमोजिम हुनेछ।

| विवरण | दुर्घटना भएको स्थानबाट पुर्याउनु पर्ने स्थान सम्मको दुरी | |
|---|---|---|
| दूरी | सय (१००) कि.मी. सम्म | सय (१००) कि.मी. भन्दा बढी |
| अधिकतम दायित्व | तीन (१०,०००) हजार रुपैयाँ | पाँच (१५,०००) हजार रुपैयाँ |

७. यस बीमालेख अन्तर्गत बीमकको दायित्व हुन सक्ने क्षतिको सम्बन्धमा देहायका शर्तहरु पूरा गरी बीमितले सवारी साधन आवश्यक मर्मत गराउन सक्नेछ :

(क) यस्तो मर्मत कार्यको अनुमानित खर्च पाँच हजार रुपैयाँ भन्दा बढि नभएमा,

(ख) मर्मत खर्चको विस्तृत विवरण तत्कालै बीमकलाई उपलब्ध गराएमा र

(ग) बीमितले बीमकलाई यस्तो मर्मत गर्न आवश्यक भएको तथा सो वापत लागेको खर्च मनासिब हो भन्ने कुरा एकिन गर्न आवश्यक प्रमाण सहित सहयोग गरेमा।

८. सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क)प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ।

(ख)सवारी साधनको वितरक वा उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको वितरक वा उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ।

| **नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर** | **ह्रास कट्टीको दर** |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

(ग) सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढी उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ .

(घ) एउटा बीमा अवधिको लागि उक्त अवधिको शुरुमा खण्ड (ख) वा (ग) बमोजिम निर्धारण भएको घोषित मूल्यलाई नै सवारी साधनको बजार मूल्य मानिनेछ र सो अवधि भित्रको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति ( Constructive Total Loss) दाबीमा थप ह्रास कट्टी गरिने छैन।

(ङ) प्रकरण १ बमोजिमको कारणबाट क्षति/हानि–नोक्सानी भएको सवारी साधनको मर्मत गर्न लाग्ने खर्च घोषित मूल्यको पचहत्तर प्रतिशत वा सो भन्दा बढि हुने भएमा लक्षित पूर्ण क्षति भएको मानिनेछ।

९. प्रकरण १ बमोजिमको कारणबाट पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको सवारी साधनको क्षतिपूर्ति बीमकले भुक्तानी दिनेछ। यस्तो भुक्तानी प्रदान गर्दा अनिवार्य अधिक वा स्वेच्छिक अधिक कट्टी गरिने छैन। सर्भेयरको सिफारिसमा बीमक र बीमितको लिखित सहमतीबाट रद्दी (Salvage) को मूल्य कायम गरिनेछ।

## परिच्छेद -२

## तेश्रो पक्ष प्रतिको दायित्व

१. बीमकले बीमालेखमा उल्लेखित अधिकतम दायित्वको सीमाको अधीनमा रही सवारी साधन वा सोको प्रयोगबाट भएको दुर्घटनाको कारणबाट बीमितलाई देहायको अवस्थामा पर्न सक्ने दायित्व वापतका खर्चहरु समेतको भुक्तानी गर्नेछ :

(क) तेश्रो पक्षको मृत्यु भएको, अंग भङ्ग भएको, शारीरिक चोटपटक लाग्न गएको अवस्थामा,

(ख) बीमितको सवारी साधनमा ढुवानीरत् वा बीमितको स्वामित्वमा रहेको वा बीमितलाई विश्वाससाथ राख्न दिएको वा बीमितको जिम्मामा वा बीमितको नियन्त्रणमा रहेको सम्पत्तिको क्षति बाहेक अन्य तेश्रो पक्षको सम्पत्तिको क्षति/हानि–नोक्सानी भएको अवस्थामा ।

२. यस परिच्छेद अन्तर्गत बीमितलाई प्रदान गरिने दायित्वको सीमा तथा शर्तहरु अनुरुप बीमकले देहायको अवस्थामा बीमितको साधारण जानकारी वा सहमतीले सवारी साधनको चलाइरहेको चालकको दायित्वको पनि क्षतिपूर्ति प्रदान गर्नेछ:

(क) त्यस्तो चालक अन्य सवारी साधन बीमा अन्तर्गतको बीमालेखको क्षतिपूर्तिको लागि हकदार नभएमा,

(ख) साथै निजले बीमितले जस्तै यस बीमालेख अन्तर्गत लागू हुन सक्नेसम्मको शब्दको मर्म, अपवाद र शर्तहरु अनुरुप काम गरेमा।

३. बीमकले चाहेमा यस परिच्छेद अन्तर्गत दावी परेको अवस्थामा अनुसन्धान वा क्षति मूल्याङ्कन गर्नको लागि बीमकको प्रतिनिधि वा सर्भेयर खटाउन सक्नेछ । साथै यस परिच्छेद अन्तर्गत दावीसँग सम्बन्धित कुनै कार्य वा कारबाहीबाट सृजित वा सम्बन्धित कुनै घटनाको सम्बन्धमा अदालतमा प्रतिरक्षाको लागि कारबाही गर्न सक्नेछ ।

४. यस परिच्छेद अन्तर्गतको दावी सम्बन्धी क्षतीपुर्तीको हकमा बीमालेखमा तोकिएको दायित्वको सीमा तथा शर्त अनुरुप बीमितले व्यहोर्नु पर्ने यस्तो दायित्वको भुक्तानी निज वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रदान गर्नेछ । त्यस्तो हकवालाले बीमित सरह यस बीमालेखका शर्तहरु पालना गर्नु पर्नेछ ।

५. यस बीमालेखको कुनै प्रावधान वा बन्देजले सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून अन्तर्गत व्यवस्था गरिएको क्षतिपूर्ति रकम प्राप्त गर्ने कुनै व्यक्तिको अधिकारमा प्रतिकुल असर पार्ने छैन ।

६. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम बीमकले भुक्तानी दिनेछ ।

(क) **चोटपटक वा अंगभंग भएमाः** तेश्रो पक्षलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रु)** (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |

| | |
|---|---|
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रुपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरुपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च तीन लाख रुपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरुवा खर्चः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रुपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरुवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु.१०,०००।– (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।

(घ) **कृया खर्चः** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नतामा रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबी कर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि सो रकम भुक्तानी कर्ता/यातायात व्यवसायीलाई सोध भर्ना दिनु पर्नेछ । मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावी कर्तालाई भुक्तान गर्नु पर्नेछ ।

(ङ) **मृत्यु भएमाः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति

मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक, अन्य सम्बधित कर्मचारी तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

७. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा बीमालेख अन्तर्गत क्षतिपूर्तिको अधिकतम सीमा प्रति दुर्घटना देहाय बमोजिम हुनेछः

| क्र. सं. | सवारी साधनको वर्गीकरण | तेश्रो पक्ष मानव क्षतिको अधिकतम दायित्व (रुपंयाँमा) | तेश्रो पक्ष सम्पत्ति क्षतिको अधिकतम दायित्व (रुपैयाँमा) |
|---|---|---|---|
| १ | निजी सवारी साधन | ८० लाख | ८० लाख |

८. सवारी साधन दुर्घटनाबाट तेश्रो पक्षको सम्पत्तिको नोक्सानी भएमा बीमालेखको शर्तको अधिनमा रही बीमकले क्षतिपूर्ति रकम भुक्तानी दिनेछ। यसरी भुक्तानी प्रदान गर्दा ह्रास कट्टी गरिने छैन।

९. यस परिच्छेद अन्तर्गत एक भन्दा बढी व्यक्ति वा सम्पत्तिहरुको क्षति भएको कुनै दुर्घटनाको क्षतिपूर्तिको सम्बन्धमा प्रकरण ७ मा तोकिएको दायित्वको सीमा र यस बीमालेखको शर्त तथा सम्पुष्टीको अधिनमा रही बीमितले तोकिदिएको प्राथमिकता बमोजिम बीमकले क्षतिपूर्ति रकम भुक्तान गर्नेछ।

१०. बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहने छन्।

## परिच्छेद –३

## दावी नगरेको अवस्थामा हुने छुट

१. यस बीमालेख अन्तर्गत कुनै बीमा दावी नगरेको अवस्थामा बीमालेख नवीकरण गराउँदा बीमकले नवीकरण बीमाशुल्क (जोखिम समूह बीमा बाहेक) मा देहाय बमोजिमको छुट दिनेछ :

| **बीमा दावी नगरेको अवधि** | **छूट** |
|---|---|
| नवीकरण गर्नु भन्दा अगाडिको एक वर्ष | बीस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार दुई वर्षहरु | तीस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार तीन वर्षहरु | चालिस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार चार वर्षहरु | पैंतालिस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार पाँच वा सो भन्दा बढी वर्षहरु | पचास प्रतिशत |

२. दावी परेको अवस्थामा बीमा नवीकरण गर्दा छुट एकमुष्ट रुपमा प्रभावकारी हुने छैन । दावी परेको अवस्थामा बीमालेख नवीकरण गर्दा दावी परेको वर्ष भन्दा अगाडीको दावी नगरे वापतको छुट लागू हुनेछ ।

तर पूर्ण क्षति (Total Loss) वा लक्षित पूर्ण क्षति (Constructive Total Loss) भई दावी भुक्तानी भएको अवस्थामा उल्लेखित छुट बीमितले पाउने छैन ।

३. यस्तो छुट बीमालेखको आधारमा नभई मूल बीमितको दावी नभए वापतको पाउने छुटको आधारमा हुनेछ । बीमालेखमा रहेको एउटा बीमितको बीमायोग्य हित अर्को बीमितमा हस्तान्तरण भएमा नयाँ बीमितको बीमायोग्यहित शुरु भएको अवधिबाट त्यस्तो छुट प्रारम्भ हुनेछ ।

४. साविकको बीमितले सवारी साधन बिक्रि गरेको मितिले तीन सय पैंसट्ठी (३६५) दिन भित्रमा एकै वर्गिकरणको सवारी साधन खरिद गरी बीमा गर्न आएमा दुर्घटना नभएको घोषणा गरेमा पुरानो बीमालेखमा स्वदेशी वा विदेशी बीमकबाट जारी भएको प्रदान गरेसम्मको तर यस निर्देशन मा तोकिएको अधिकतम सीमा भित्र दावी नगरे वापतको छुट दिनु पर्नेछ ।

५. बीमितले आफ्नो सवारी साधनको बीमा कुनै एक बीमकबाट अर्को बीमकलाई हस्तान्तरण गरेमा पुरानो बीमकबाट पाइआएको छुटको दर अनुरुप नयाँ बीमकबाट निजलाई छुट दिनु पर्नेछ ।

६. नयाँ बीमालेख वापत बीमितले पुरानो बीमक (स्वदेशी वा विदेशी) बाट दावी नभए वापत पाउने छुटको लागि नवीकरणको लागि दिइने सूचना वा पुरानो बीमकबाट छुटको निश्चित प्रतिशत खुलेको पत्र पेश गर्नु पर्नेछ । सबै बीमकहरुले बीमितहरुलाई अनिवार्य रुपमा दावी नभए वापत पाउने छुटको प्रतिशत समेत खुलेको नवीकरण सूचना वा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

७. बीमा अवधि समाप्त भएको सवारी साधनको बीमालेख नवीकरण गर्नु पर्ने मितिबाट पैंतीस (३५) दिन भित्र नवीकरण गरेको अवस्थामा दावी नगरेमा पाउने छुट सुविधा लागू हुनेछ । नयाँ बीमालेखमा लागू हुने छूटको दर अघिल्लो पूरा वर्षको बीमालेखले आर्जन गरे अनुसार हुनेछ ।

८. यो निर्देशन मा अन्यथा व्यवस्था भएकोमा बाहेक बीमा अटुट रुपमा भए मात्र छुट दिनु पर्नेछ ।

९. सवारी साधनको स्वामित्व संस्थाबाट कर्मचारीको नाममा नामसारी भएको अवस्थामा त्यस्तो कर्मचारीले समेत दावी नगरे वापतको छुट पाउनेछ ।

तर, त्यस्तो सवारी साधन सोही कर्मचारीले मात्र प्रयोग गर्ने गरी संस्था र त्यस्तो कर्मचारी बीच सम्झौता भएको प्रमाण सहित बीमा गरिएको हुनु पर्नेछ ।

१०. बीमितको मृत्यु भई निजको कानुनी हकवालाको नाममा सवारी साधन नामसारी भएको अवस्थामा त्यस्तो हकवालाले समेत दावी नभए वापतको छुट पाउनेछ ।

११. एउटै बीमालेख अन्तर्गत बीमालेखको तालिकामा विभिन्न सवारी साधनहरुलाई रक्षावरण गरिएको भए तापनि दावी वापतको छुटको लागि प्रत्येक सवारी साधन छुट्टा छुट्टै बीमा भए सरह मानिने छ ।

१२. दावी नगरेमा प्राप्त हुने छुट ब्यापक बीमालेखमा मात्र लागु हुनेछ ।

## परिच्छेद -४

### अपवादहरु

### (यस बीमालेखको सबै परिच्छेदहरुको लागि)

१. यस बीमालेख अन्तर्गत देहायको अवस्थामा बीमकको दायित्व रहने छैन :

(क) यस बीमालेखको तालिकामा उल्लिखित भौगोलिक क्षेत्र भन्दा बाहिर भएको वा घटेको कुनै दुर्घटना, हानि–नोक्सानी, क्षति वा दायित्व,

(ख) अन्य कुनै करार अन्तर्गत श्रृजना भएको दावी,

(ग) सवारी साधन चोरी भएको अवस्थामा बाहेक बीमालेखको तालिकामा तोकिए बमोजिमको चालक भन्दा फरक व्यक्तिले सवारी साधन हाँकेको अवस्थामा भएको वा घटेको दुर्घटना, हानि–नोक्सानी, क्षति वा दायित्व,

(घ) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने कुनै हानि–नोक्सानी,

(ङ) आणविक हात–हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कारणबाट भएको वा घटेको दुर्घटना, क्षति/हानि–नोक्सानी वा श्रृजित दायित्व,

(च) ज्वालामुखी विस्फोटन, विदेशी शत्रुतापूर्ण कार्य, दुश्मनी वा लडाई जस्तो कार्य (लडांईको घोषणा हुनु अगाडि वा पछाडि), गृह युद्ध, सैनिक बिद्रोह, सैनिक शासन वा उल्लिखित घटनाहरुको प्रत्यक्ष परिणामसंग प्रत्यक्ष वा अप्रत्यक्ष, नजिक वा टाढाको कारणबाट भएको वा सांकेतिक रुपमा उत्पन्न भएको वा संलग्न रहेको कुनै दुर्घटना, क्षति/हानि–नोक्सानी वा दायित्व।

२. यस बीमालेखले रक्षावरण गरेको सवारी साधन दुर्घटनाको परिणाम स्वरुप श्रृजना भएको क्षति (Consequential Loss) प्रति बीमकको कुनै दायित्व रहने छैन।

३. तोकिएको थप बीमाशुल्क बीमितले भुक्तानी गरेको आधारमा बीमकले यस बीमालेखको विस्तारको रुपमा हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य तथा आतंककारी/विध्वंशकारी कार्य सम्बन्धी सम्पुष्टिहरु जारी नगरे सम्म हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य वा आतंककारी/बिध्वंशकारी कार्यबाट भएको वा घटेको दुर्घटना, क्षति/हानि–नोक्सानी वा दायित्व बीमकले व्यहोर्ने छैन।

## परिच्छेद -५

### शर्तहरु

१. यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहाँ जुन अवस्थामा प्रयोग हुन्छ त्यही मान्य हुनेछ।

२. यस बीमालेख अन्तर्गत दावी योग्य कुनै दुर्घटना वा क्षति/हानि–नोक्सानी भएमा सोको सूचना लिखित रुपमा अविलम्ब बीमकलाई दिनु पर्नेछ। त्यस्तो दुर्घटना बारे बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा सहयोग उपलब्ध गराउनु पर्नेछ। त्यस्तो दुर्घटनासंग सम्बन्धित पत्र, दावी, म्याद, समाह्वान (रिट) वा प्रक्रिया सम्बन्धी जानकारी आदि बीमितलाई प्राप्त हुने बित्तिकै बीमकलाई हस्तान्तरण गर्नु पर्नेछ। यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै मुद्दा मामिला, अनुसन्धान वा घाऊचोटपटक (Fatal Injury) को

जाँचबुझ सम्बन्धमा बीमितलाई कुनै जानकारी भएमा तुरुन्त बीमकलाई लिखित जानकारी दिनु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै चोरी वा अन्य फौजदारी कसूरको सम्बन्धमा बीमितले बीमक तथा प्रहरीलाई तुरुन्त सूचना गर्नु पर्नेछ र अपराधी पत्ता लगाउन सहयोग गर्नु पर्नेछ ।

३. बीमकको लिखित अनुमति नलिई बीमित वा बीमितको तर्फबाट कुनै पनि व्यक्तिले यस बीमालेख अन्तर्गतको दावी सम्बन्धमा कुनै प्रस्ताव राख्न, प्रतिज्ञा गर्न, भुक्तानी लिन/दिन वा छुटदिन सक्ने छैन । बीमकले दावीका सम्बन्धमा बीमितको तर्फबाट दावी भुक्तानी गर्न, विवाद समाधान गर्न, प्रतिरक्षा गर्न, कारवाही चलाउन वा बहस पैरवी गर्न चाहेमा बीमक पूर्ण स्वतन्त्र रहने छ र बीमितले यस सम्बन्धी सबै सूचना र सहयोग बीमकले मागे बमोजिम प्रदान गर्नु पर्नेछ ।

४. बीमकको रोजाइ अनुसार सवारी साधन वा सोमा जडित पार्टपूर्जा वा यसको कुनै भाग वा पार्टपूर्जाको मर्मत, बदली वा नयाँ भर्ना दिन वा क्षति/हानि–नोक्सानी बराबरको नगद रकम भुक्तान गर्न सक्नेछ ।

५. बीमितले सवारी साधनलाई क्षति/हानि–नोक्सानी हुनबाट सुरक्षित राख्न र ठीक अवस्थामा कायम राख्न सम्पूर्ण मनासिब कदम अपनाउनु पर्नेछ । सवारी साधन वा सोको कुनै पार्टपूर्जा वा चालक वा बीमितको कुनै कामदारको विषयमा जाँच गर्ने अधिकार बीमकलाई सदैव रहनेछ । बीमितले दुर्घटना वा क्षति भएको अवस्थामा सवारी साधनलाई थप क्षति/हानि–नोक्सानी हुनबाट जोगाउन आवश्यक तथा उचित हेरचाह र सुरक्षाको उपाय अपनाउनु पर्नेछ । दुर्घटना भएको सवारी साधन आवश्यक मर्मत नगरी चलाएको परिणाम स्वरुप सवारी साधनमा भएको थप क्षतिको लागि बीमित स्वयं जिम्मेवार हुनेछ ।

६. बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र (१५) दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

७. बीमितको अनुरोधमा कुनै पनि समयमा बीमालेख रद्द गर्न सकिनेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।

| **अवधि** | **वार्षिक बीमाशुल्क दरको प्रतिशत** |
|---|---|
| एक हप्ता | दश प्रतिशत |
| एक महिना सम्म | बीस प्रतिशत |
| दुई महिना सम्म | तीस प्रतिशत |
| तीन महिना सम्म | चालीस प्रतिशत |
| चार महिना सम्म | पचास प्रतिशत |
| पाँच महिना सम्म | साठ्ठी प्रतिशत |
| छ महिना सम्म | सत्तरी प्रतिशत |
| सात महिना सम्म | अस्सी प्रतिशत |
| आठ महिना सम्म | नब्बे प्रतिशत |
| आठ महिना भन्दा बढिको लागि | सत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख वहाल रहेको अवधिभर कुनै दावी नभएको हुनु पर्नेछ ।

८. यस बीमालेखले रक्षावरण गरेको क्षति/हानि–नोक्सानी/दायित्वको लागि बीमितले अन्य प्रचलित बीमाबाट दावी भुक्तानी पाउने

अवस्थामा क्षति/हानि–नोक्सानी/दायित्वको क्षतिपूर्ति रकम वा अन्य खर्च बीमाङ्कको आधारमा समानुपातिक मूल्यभन्दा बढि भुक्तान गर्न बीमक बाध्य हुने छैन।

९. सवारी साधनको क्षति/हानि–नोक्सानी भएको अवस्थामा बीमित वा अरु कुनै व्यक्तिले सोही सवारी साधन अरु बीमकसंग पनि बीमा गराएको रहेछ भने बीमकले सो सवारी साधनको लागि क्षति/हानि–नोक्सानीको बीमाङ्कको आधारमा समानुपातिक रुपले दिनु पर्ने क्षतिपूर्ति भन्दा बढि दिने छैन।

१०. यस बीमालेखको तालिकामा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ।

११. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको तालिकामा उल्लेख भए बमोजिम हुनेछ।

१२. सवारी साधनको बारेमा बीमितले मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम अनुमान गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा विवरण उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छुटहुन गएमा वा बीमितबाट यस बीमालेखको कुनै पनि शर्त पालना नभएमा यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्ने छैन।

१३.सवारी साधनको स्वामित्व परिवर्तन भएमा त्यस्तो स्वामित्व परिवर्तन भएको मितिबाट पैंतीस (३५) दिन भित्र  सवारी साधनको नयाँ धनीले सम्बन्धित जोखिमको बीमा नगरेमा यो बीमालेख स्वतः निष्क्रिय हुनेछ। सवारी साधनको स्वामित्वमा परिवर्तन आएको कारणले बीमालेख निष्क्रिय भएता पनि सवारी साधन चालक, सोमा सवार यात्री तथा तेश्रो पक्ष प्रतिको दायित्वको लागि बाँकी बीमा अवधिभर बीमा सुरक्षा कायमै रहेको मानिनेछ र सोही बमोजिम बीमकले दावी भुक्तानी गर्नेछ।

१४.बीमितले सवारी साधन बिक्री गरेको मितिले पैतीस (३५) दिन भित्र बीमकलाई त्यसको लिखित सूचना दिएमा बीमकले देहाय बमोजिम हुने गरी सवारी साधनको नयाँ धनीको नाममा यो बीमालेख नामसारी गरिदिन  सक्नेछ।

(क) बीमालेख नामसारीको लागि सवारी साधनको नयाँ धनीले यथाशिध्र बीमा प्रस्ताव फाराम भर्नु पर्नेछ र बीमकले सम्पुष्टि जारी गरि बीमालेख नामसारी गरिदिन सक्नेछ।

(ख) बीमितले दावी नगरे वापत पाउने छुटपाएकोमा सो छुटसवारी साधनको नयाँ धनीले पाउने छैन।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम उत्तराधिकारीमा स्वामित्व स्वतः हस्तान्तरण भई  आएको अवस्थामा यो बीमालेख स्वतः हस्तान्तरण भएको मानिनेछ।

१५. बीमकको तर्फबाट  रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तान भएको मानिने छैन।

१६.बीमित वा निजको तर्फबाट अधिकार प्राप्त व्यक्तिले आवश्यक रीत नपुर्याएमा वा यो बीमालेख अन्तर्गतको कुनै अधिकार प्रयोग गर्नमा बाधा पुर्याएमा यो बीमालेख अन्तर्गतको सबै लाभबाट बीमित बञ्चित हुनेछ।

१७.कुनै दावी जालसाजीपूर्ण भएमा वा दावीको सिलसिलामा झुठ्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा वा जानी जानी बीमित–बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै क्षति/हानि–नोक्सानीको घटना घटाएमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ।

१८.यो बीमालेख अन्तर्गत क्षति/हानि–नोक्सानीको दावी बीमकबाट अस्वीकार भएको तीन महिना भित्र कुनै नालिस उजूर नगरेमा वा बीमा ऐन, २०७९ बमोजिम बीमा समितिले बीमकको पक्षमा निर्णय दिएको मितिले प्रचलित कानूनको म्याद भित्र पूनरावेदन अदालतमा नालिस/उजुर नगरेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ।

१९.बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानि–नोक्सानीको अन्य कुनै पक्षबाट

क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पिनु पर्नेछ। बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारबाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ।

२०. दावी भुक्तानी प्रकृयामा रहेको वा मुल्तवी रहेको अवस्थामा बाहेक क्षति/हानि–नोक्सानी भएको मितिले तीन महिना पछि बीमक कुनै पनि क्षति/हानि–नोक्सानीको लागि उत्तरदायी हुनेछैन।

२१. यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ।

२२. यो बीमालेख अन्तर्गत परेको दावी एकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमितको हुनेछ।

२३. यस बीमालेख अन्तर्गत बीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०७९ बमोजिम हुनेछ।

मस्यौदा प्रति

## निजी सवारी साधन बीमालेखको तालिका (सेड्यूल)

यस तालिकामा उल्लेख भएको प्रयोगको सीमा उल्लघंन भएमा बीमकले बीमितलाई क्षतिपूर्ति दिने छैन।

| | |
|---|---|
| बीमितको<br>नाम, थर :<br>ठेगाना :<br>पेशा : | बीमालेख नं. :<br>बीमालेखको किसिम :<br>प्रस्तावकको नाम :<br>बीमा प्रस्ताव भएको मिति :<br>बीमालेख जारी भएको स्थान :<br>मिति :<br>रक्षावरण गरिएका जोखिमहरु :<br>जोखिम बहन गर्न शुरु हुने मिति :<br>समय :<br>बीमा अभिकर्ताको नाम र इजाजतपत्र नम्बर :<br>बीमा अवधि : ……………. देखि …………….. सम्म ………. |
| लागू हुने भौगोलिक क्षेत्र : नेपाल, भारत, भूटान, बंगलादेश र चीनको स्वशासित क्षेत्र तिब्बत<br><br>रसिद नं.<br>रसिदको मिति : समय: | **बीमाशुल्क**<br>सवारी साधनको क्षति/हानी नोक्सानी विरुद्धको बीमाको – रु.………<br>तेस्रो पक्ष प्रतिको दायित्व बीमाको – रु.………<br>चालकको दुर्घटना बीमाको - रु.………<br>बीमित तथा यात्रीको दुर्घटना बीमा - रु.………<br>जोखिम समूह बीमाको - रु.………<br>जम्मा- रु.………<br>टिकट- रु.………<br>…….. % मूल्य अभिवृद्धि कर - रु.………<br>कूल बीमाशूल्क - रु.……… |

**बीमालेखले रक्षावरण गरेको सवारी साधनको**

| | |
|---|---|
| इन्जिन नं. : | बनेको वर्ष : |
| च्यासिस नं. : | घन क्षमता (क्यूविक क्यापासिटि) : |
| दर्ता नं. : | दर्ता मिति : |
| बनाउने कम्पनी : | सरसामान बाहेक सवारी साधनको घोषित मूल्य : |
| बनोट : | सरसामानको घोषित मूल्य : |
| मोडेल : | जम्मा घोषित मूल्य : |

**प्रयोगको सीमा :**
यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको सवारी साधन इनाम, संगठानात्मक दौड, प्रतियोगिता, टिकाउ परीक्षण, गति परीक्षण वा ढुवानी कार्यसंग सम्बन्धित कुनै प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

**चालक :**
निम्नमध्ये कुनै: (क) बीमित स्वयं वा (ख) बीमितको साधारण जानकारी र वा सहमतिले सवारी साधन चलाउने व्यक्ति।
चालकसंग उक्त मोटरसाइकल चलाउने अनुमतिपत्र भएको र त्यस्तो अनुमतिपत्र राख्न वा प्राप्त गर्न अयोग्य नठहरिएको हुनुपर्नेछ।

**बीमाशुल्कको हिसाब :** (संलग्न तालिका बमोजिम)

**अनिवार्य अधिक :** **स्वेच्छिक अधिक :**

**संलग्न सम्पुष्टि नम्बरहरु :**

बीमक तर्फबाट अधिकार प्राप्त अधिकारीको –

दस्तखत :
नाम थर :
छाप :
दर्जा :

## अनुसूची–३

**(दफा २.८ संग सम्बन्धित)**

**व्यवसायिक सवारी साधन बीमालेख**

**(बीमकको नाम र ठेगाना उल्लेख गर्ने)**

यस बीमालेखले रक्षावरण गर्ने क्षति/हानि–नोक्सानी बिरुद्ध बीमा गर्नका लागि (बीमकको नाम उल्लेख गर्ने) (यस पछि बीमक भनिएको) ले प्रस्ताव प्राप्त गरेको र बीमकले यस बीमालेखको अधिनमा रहने गरी जोखिम बहन गर्न मन्जुर गरी यस बीमालेखको तालिकामा उल्लेखित बीमाशुल्क प्राप्त गरेकोले बीमकले यो बीमालेख जारी गरेको छ।

यस बीमालेखको लागि प्राप्त प्रस्ताव फारामलाई यस बीमालेखको आधार मानिने छ। बीमालेखको तालिकामा क्रम संख्या उल्लेख भएका संलग्न सम्पुष्टीहरु यस करारको अभिन्न अंग मानिने छन्।

### परिच्छेद –१

**बीमालेखले रक्षावरण गरेको व्यवसायिक सवारी साधनको क्षति/हानि–नोक्सानी**

१. बीमकले बीमितलाई देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित व्यवसायिक सवारी साधन (यस पछि सवारी साधन भनिएको) वा सोमा जडित पार्टपूर्जा वा दुवैको क्षति/हानि–नोक्सानी भए वापत क्षतिपूर्ति प्रदान गर्नेछ –

(ध) आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपूर्जाको बिष्फोटन वा स्वजलन,

(न) भूकम्प,

(ऩ) बाढी/डुबान,

(प) पहिरो/भूस्खलन,

(फ) आँधिबेहरी, असिना, हिउँ वा तुषारो,

(ब) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(भ) सवारी साधनको प्रयोगबाट भएको ह्रासको परिणाम स्वरुप वा यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुटको कारणले सवारी साधन दुर्घटना भई भएको क्षति/हानि–नोक्सानी

(म) चोरी, सेंधमारी वा नकवजनी,

(य) सडक, रेल, आन्तरिक जलमार्ग, लिफ्ट वा एलिभेटरमा ओसार पसार गर्दा।

२. प्रकरण १ बमोजिमको कुनै कारणबाट भएको क्षति/हानि–नोक्सानीले गर्दा सवारी साधनको देहायको वस्तुबाट बनेको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ–

| | |
|---|---|
| (क) सम्पूर्ण किसिमका रबर,बत्तिहरु, ब्याट्रीहरु, टायर तथा ट्यूबमा | ५०% |
| (ख)फाइवर ग्लासबाट बनेका पार्टपूर्जाहरुमा | ३०% |
| (ग) काँच (ग्लास) बाट बनेका सामानहरुमा | ०% |

३. प्रकरण १ मा उल्लेख भएको कुनै कारणबाट भएको क्षति/हानि - नोक्सानीले गर्दा सवारी साधनको प्रकरण २ मा उल्लेख भए भन्दा बाहेकको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ –

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा बढि | ५० प्रतिशत |

४. प्रकरण १ बमोजिमको कारणबाट आंशिक क्षति/हानि–नोक्सानी भएको सवारी साधनको क्षतिपूर्ति प्रदान गर्दा प्रकरण २ वा ३ मा उल्लेख भए बमोजिमको ह्रासकट्टी तथा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक तथा स्वेच्छीक अधिकको योगफल कट्टी गरी बाँकी रकम बीमकले भुक्तानी दिनेछ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै पनि अवस्थामा बीमकले भुक्तानी गर्ने छैन :

(क) सवारी साधनको प्रयोगबाट भएको ह्रास (Depreciation), यान्त्रिक वा विद्युतीय अवरोध/असफलता/टुटफुट,

(ख)सवारी साधन दुर्घटना नभएको अवस्थामा भएको टायर/ट्यूबको क्षति,

(ग) सवारी साधनको चोरी नभएको अवस्थामा भएको पार्टपूर्जा मात्रको चोरी/सेंधमारी/नकवजनी,

(घ) चालकले मादक पदार्थ वा लागू पदार्थ सेवन गरेको कारणले भएको क्षति/हानि–नोक्सानी,

(ङ) सवारी साधन प्रति बीमितको हक हित परिवर्तन वा समाप्त भएको पैंतीस (३५) दिन पछि भएको क्षती/ हानि–नोक्सानी।

६. प्रकरण १ मा उल्लिखित कुनै कारणबाट सवारी साधन नचल्ने भएमा सवारी साधनको सुरक्षाको लागि वा नजिकको मर्मत गर्ने स्थानसम्म पुर्याउन लाग्ने आवश्यक र वास्तविक खर्च बीमकले व्यहोर्ने छ। यस प्रकरण अन्तर्गत बीमकको अधिकतम दायित्व देहायको तालिका बमोजिम हुनेछ।

| विवरण | दुर्घटना भएको स्थानबाट पुर्याउनु पर्ने स्थान सम्मको दुरी | |
|---|---|---|
| दूरी | सय (१००) कि.मी. सम्म | सय (१००) कि.मी. भन्दा बढी |
| अधिकतम दायित्व | तीन (१०,०००) हजार रुपैयाँ | पाँच (१५,०००) हजार रुपैयाँ |

७. यस बीमालेख अन्तर्गत बीमकको दायित्व हुन सक्ने क्षतिको सम्बन्धमा देहायका शर्तहरु पूरा गरी बीमितले सवारी साधन आवश्यक मर्मत गराउन सक्नेछ :

(क) यस्तो मर्मत कार्यको अनुमानित खर्च पाँच हजार रुपैयाँ भन्दा बढि नभएमा,

(ख) मर्मत खर्चको विस्तृत विवरण तत्कालै बीमकलाई उपलब्ध गराएमा र

(ग) बीमितले बीमकलाई यस्तो मर्मत गर्न आवश्यक भएको तथा सो वापत लागेको खर्च मनासिब हो भन्ने कुरा एकिन गर्न आवश्यक प्रमाण सहित सहयोग गरेमा।

८. सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ।

(ख) सवारी साधनको वितरक वा उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको वितरक वा उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ।

| **नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर** | **ह्रास कट्टीको दर** |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

(ग) सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढी उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ।

(घ) एउटा बीमा अवधिको लागि उक्त अवधिको शुरुमा खण्ड (ख) वा (ग) बमोजिम निर्धारण भएको घोषित मूल्यलाई नै सवारी साधनको बजार मूल्य मानिनेछ र सो अवधि भित्रको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति ( Constructive Total Loss) दाबीमा थप ह्रास कट्टी गरिने छैन।

(ङ) प्रकरण १ बमोजिमको कारणबाट क्षति/हानि–नोक्सानी भएको सवारी साधनको मर्मत गर्न लाग्ने खर्च घोषित मूल्यको पचहत्तर प्रतिशत वा सो भन्दा बढी हुने भएमा लक्षित पूर्ण क्षति भएको मानिनेछ।

९. प्रकरण १ बमोजिमको कारणबाट पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको सवारी साधनको क्षतिपूर्ति बीमकले भुक्तानी दिनेछ। यस्तो भुक्तानी प्रदान गर्दा अनिवार्य अधिक वा स्वेच्छिक अधिक कट्टी गरिने छैन। सर्भेयरको सिफारिसमा बीमक र बीमितको लिखित सहमतीबाट रद्दी (Salvage) को मूल्य कायम गरिनेछ।

## परिच्छेद -२

## तेश्रो पक्ष प्रतिको दायित्व

१. बीमकले बीमालेखमा उल्लेखित अधिकतम दायित्वको सीमाको अधीनमा रही सवारी साधन वा सोको प्रयोगबाट भएको दुर्घटनाको कारणबाट बीमितलाई देहायको अवस्थामा पर्न सक्ने दायित्व वापतका खर्चहरु समेतको भुक्तानी गर्नेछ :

(क) तेश्रो पक्षको मृत्यु भएको, अंग भङ्ग भएको, शारीरिक चोटपटक लाग्न गएको अवस्थामा,

(ख) बीमितको सवारी साधनमा ढुवानीरत् वा बीमितको स्वामित्वमा रहेको वा बीमितलाई विश्वाससाथ राख्न दिएको वा बीमितको जिम्मामा वा बीमितको नियन्त्रणमा रहेको सम्पत्तिको क्षति बाहेक अन्य तेश्रो पक्षको सम्पत्तिको क्षति/हानि–नोक्सानी भएको अवस्थामा।

२. यस परिच्छेद अन्तर्गत बीमितलाई प्रदान गरिने दायित्वको सीमा तथा शर्तहरु अनुरुप बीमकले देहायको अवस्थामा बीमितको साधारण जानकारी वा सहमतीले सवारी साधनको चलाइरहेको चालकको दायित्वको पनि क्षतिपूर्ति प्रदान गर्नेछ:

(क) त्यस्तो चालक अन्य सवारी साधन बीमा अन्तर्गतको बीमालेखको क्षतिपूर्तिको लागि हकदार नभएमा,

(ख) साथै निजले बीमितले जस्तै यस बीमालेख अन्तर्गत लागू हुन सक्नेसम्मको शब्दको मर्म, अपवाद र शर्तहरु अनुरुप काम गरेमा।

३. बीमकले चाहेमा यस परिच्छेद अन्तर्गत दावी परेको अवस्थामा अनुसन्धान वा क्षति मूल्याङ्कन गर्नको लागि बीमकको प्रतिनिधि वा सर्भेयर खटाउन सक्नेछ। साथै यस परिच्छेद अन्तर्गत दावीसँग सम्बन्धित कुनै कार्य वा कारबाहीबाट सृजित वा सम्बन्धित कुनै घटनाको सम्बन्धमा अदालतमा प्रतिरक्षाको लागि कारबाही गर्न सक्नेछ।

४. यस परिच्छेद अन्तर्गतको दावी सम्बन्धी क्षतीपुर्तीको हकमा बीमालेखमा तोकिएको दायित्वको सीमा तथा शर्त अनुरुप बीमितले व्यहोर्नु पर्ने यस्तो दायित्वको भुक्तानी निज वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रदान गर्नेछ। त्यस्तो हकवालाले बीमित सरह यस बीमालेखका शर्तहरु पालना गर्नु पर्नेछ।

५. यस बीमालेखको कुनै प्रावधान वा बन्देजले सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून अन्तर्गत व्यवस्था गरिएको क्षतिपूर्ति रकम प्राप्त गर्ने कुनै व्यक्तिको अधिकारमा प्रतिकुल असर पार्ने छैन।

६. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम बीमकले भुक्तानी दिनेछ।

(क) **चोटपटक वा अंगभंग भएमा:** तेश्रो पक्षलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (रु)** (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टी क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा | पाँच लाख |

| | |
|---|---|
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टी पूर्ण रुपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टी पूर्णरुपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारीरिक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |

सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च तीन लाख रुपौयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च भुक्तानी दिनेछ । साथै औषधोपचार वापतको खर्च रकम बीमकले सम्बन्धित अस्पताललाई सोझै भुक्तानी गर्न सक्नेछ । तर माथि तालिकामा उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरुवा खर्चः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन एक हजार रुपैयाँको दरले बढिमा पैंतालीस (४५) दिन सम्मको कुरुवा खर्च औषधोपचार खर्चको सीमा भित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु.१०,०००।– (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बीलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमा भित्र रहनेछ ।

(घ) **कृया खर्चः** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नतामा रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दाबी कर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा पेश गरे पछि सो रकम भुक्तानी कर्ता/यातायात व्यवसायीलाई सोध भर्ना दिनु पर्नेछ । मृत्यु दावी अन्तर्गतको बीमाङ्क रकम दावी कर्तालाई भुक्तान गर्नु पर्नेछ ।

(ङ) **मृत्यु भएमाः** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष दुर्घटनाबाट मृत्यु भएको ब्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

**स्पष्टिकरणः**

बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक, अन्य सम्बधित कर्मचारी तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न

अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ।

७. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा बीमालेख अन्तर्गत क्षतिपूर्तिको अधिकतम सीमा प्रति दुर्घटना देहाय बमोजिम हुनेछः

| **क्र. सं.** | **सवारी साधनको वर्गीकरण** | **तेश्रो पक्ष मानव क्षतिको अधिकतम दायित्व (रुपंयाँमा)** | **तेश्रो पक्ष सम्पत्ति क्षतिको अधिकतम दायित्व (रुपैयाँमा)** |
|---|---|---|---|
| १ | व्यवसायिक सवारी साधन | ५० लाख | ५० लाख |

८. सवारी साधन दुर्घटनाबाट तेश्रो पक्षको सम्पत्तिको नोक्सानी भएमा बीमालेखको शर्तको अधिनमा रही बीमकले क्षतिपूर्ति रकम भुक्तानी दिनेछ। यसरी भुक्तानी प्रदान गर्दा ह्रास कट्टी गरिने छैन।

९. यस परिच्छेद अन्तर्गत एक भन्दा बढी व्यक्ति वा सम्पत्तिहरुको क्षति भएको कुनै दुर्घटनाको क्षतिपूर्तिको सम्बन्धमा प्रकरण ७ मा तोकिएको दायित्वको सीमा र यस बीमालेखको शर्त तथा सम्पुष्टीको अधिनमा रही बीमितले तोकिदिएको प्राथमिकता बमोजिम बीमकले क्षतिपूर्ति रकम भुक्तान गर्नेछ।

१०. बीमालेखमा उल्लेखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहने छन्।

## परिच्छेद –३

## बिग्रिएको अन्य सवारी साधन तान्दाको क्षतिपूर्तिको सीमा

यस बीमालेखले रक्षावरण गरेको सवारी साधनले अन्य बिग्रिएको सवारी साधन तानी ल्याउँदा/त्यस्तो तान्ने कामको सिलसिलामा यस बीमालेखले रक्षावरण गरेको सवारी साधन हानि–नोक्सानी हुन गएमा यस बीमालेखको शर्त तथा सीमाको अधीनमा रही सोको क्षतिपूर्तिको लागि बीमक उत्तरदायी हुनेछ।

तर – (१) त्यस्तो तान्ने काम भाडा नलिई गरेको हुनु पर्नेछ।

(२) त्यसरी तानिएको सवारी साधन वा सोमा रहेका मालसामानको क्षतिको सम्बन्धमा बीमक उत्तरदायी हुने छैन।

## परिच्छेद –४

## दावी नगरेको अवस्थामा हुने छुट

१. यस बीमालेख अन्तर्गत कुनै बीमा दावी नगरेको अवस्थामा बीमालेख नवीकरण गराउँदा बीमकले नवीकरण बीमाशुल्क (जोखिम समूह बीमा बाहेक) मा देहाय बमोजिमको छुट दिनेछ :

**दावी नगरेको अवस्थामा हुने छुट तालिका**

| **बीमा दावी नगरेको अवधि** | **छूट** |
|---|---|
| नवीकरण गर्नु भन्दा अगाडिको एक वर्ष | पन्ध्र प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार दुई वर्षहरु | पच्चीस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार तीन वा सो भन्दा बढी वर्षहरु | तीस प्रतिशत |

२. दावी परेको अवस्थामा बीमा नवीकरण गर्दा छुट एकमुष्ट रुपमा प्रभावकारी हुने छैन । दावी परेको अवस्थामा बीमालेख नवीकरण गर्दा दावी परेको वर्ष भन्दा अगाडीको दावी नगरे वापतको छुट लागू हुनेछ ।

तर पूर्ण क्षति (Total Loss) वा लक्षित पूर्ण क्षति (Constructive Total Loss) भई दावी भुक्तानी भएको अवस्थामा उल्लेखित छुट बीमितले पाउने छैन ।

३. यस्तो छुट बीमालेखको आधारमा नभई मूल बीमितको दावी नभए वापतको पाउने छुटको आधारमा हुनेछ । बीमालेखमा रहेको एउटा बीमितको बीमायोग्य हित अर्को बीमितमा हस्तान्तरण भएमा नयाँ बीमितको बीमायोग्यहित शुरु भएको अवधिबाट त्यस्तो छुट प्रारम्भ हुनेछ ।

४. साविकको बीमितले सवारी साधन बिक्रि गरेको मितिले तीन सय पैंसठ्ठी (३६५) दिन भित्रमा एकै वर्गिकरणको सवारी साधन खरिद गरी बीमा गर्न आएमा दुर्घटना नभएको घोषणा गरेमा पुरानो बीमालेखमा स्वदेशी वा विदेशी बीमकबाट जारी भएको प्रदान गरेसम्मको तर यस निर्देशन मा तोकिएको अधिकतम सीमा भित्र दावी नगरे वापतको छुट दिनु पर्नेछ ।

५. बीमितले आफ्नो सवारी साधनको बीमा कुनै एक बीमकबाट अर्को बीमकलाई हस्तान्तरण गरेमा पुरानो बीमकबाट पाइआएको छुटको दर अनुरुप नयाँ बीमकबाट निजलाई छुट दिनु पर्नेछ ।

६. नयाँ बीमालेख वापत बीमितले पुरानो बीमक (स्वदेशी वा विदेशी) बाट दावी नभए वापत पाउने छुटको लागि नवीकरणको लागि दिइने सूचना वा पुरानो बीमकबाट छुटको निश्चित प्रतिशत खुलेको पत्र पेश गर्नु पर्नेछ । सबै बीमकहरुले बीमितहरुलाई अनिवार्य रुपमा दावी नभए वापत पाउने छुटको प्रतिशत समेत खुलेको नवीकरण सूचना वा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

७. बीमा अवधि समाप्त भएको सवारी साधनको बीमालेख नवीकरण गर्नु पर्ने मितिबाट पैंतीस (३५) दिन भित्र नवीकरण गरेको अवस्थामा दावी नगरेमा पाउने छुट सुविधा लागू हुनेछ । नयाँ बीमालेखमा लागू हुने छूटको दर अघिल्लो पूरा वर्षको बीमालेखले आर्जन गरे अनुसार हुनेछ ।

८. यो निर्देशन मा अन्यथा व्यवस्था भएकोमा बाहेक बीमा अटुट रुपमा भए मात्र छुट दिनु पर्नेछ ।

९. सवारी साधनको स्वामित्व संस्थाबाट कर्मचारीको नाममा नामसारी भएको अवस्थामा त्यस्तो कर्मचारीले समेत दावी नगरे वापतको छुट पाउनेछ ।

तर, त्यस्तो सवारी साधन सोही कर्मचारीले मात्र प्रयोग गर्ने गरी संस्था र त्यस्तो कर्मचारी बीच सम्झौता भएको प्रमाण सहित बीमा गरिएको हुनु पर्नेछ ।

१०. बीमितको मृत्यु भई निजको कानुनी हकवालाको नाममा सवारी साधन नामसारी भएको अवस्थामा त्यस्तो हकवालाले समेत दावी नभए वापतको छुट पाउनेछ ।

११. एउटै बीमालेख अन्तर्गत बीमालेखको तालिकामा विभिन्न सवारी साधनहरुलाई रक्षावरण गरिएको भए तापनि दावी वापतको छुटको लागि प्रत्येक सवारी साधन छुट्टा छुट्टै बीमा भए सरह मानिने छ ।

१२. दावी नगरेमा प्राप्त हुने छुट ब्यापक बीमालेखमा मात्र लागु हुनेछ ।

**परिच्छेद -५**

**अपवादहरु**

**(यस बीमालेखको सबै परिच्छेदहरुको लागि)**

१. यस बीमालेख अन्तर्गत देहायको अवस्थामा बीमकको दायित्व रहने छैन :

(क) यस बीमालेखको तालिकामा उल्लिखित भौगोलिक क्षेत्र भन्दा बाहिर भएको वा घटेको कुनै दुर्घटना, हानि–नोक्सानी, क्षति वा दायित्व,

(ख) अन्य कुनै करार अन्तर्गत श्रृजना भएको दावी,

(ग) सवारी साधन चोरी भएको अवस्थामा बाहेक बीमालेखको तालिकामा तोकिए बमोजिमको चालक भन्दा फरक व्यक्तिले सवारी साधन हाँकेको अवस्थामा भएको वा घटेको दुर्घटना, हानि–नोक्सानी, क्षति वा दायित्व,

(घ) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने कुनै हानि–नोक्सानी,

(ङ) आणविक हात–हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कारणबाट भएको वा घटेको दुर्घटना, क्षति/हानि–नोक्सानी वा श्रृजित दायित्व,

(च) ज्वालामुखी विस्फोटन, विदेशी शत्रुतापूर्ण कार्य, दुश्मनी वा लडाई जस्तो कार्य (लडांईको घोषणा हुनु अगाडि वा पछाडि), गृह युद्ध, सैनिक बिद्रोह, सैनिक शासन वा उल्लिखित घटनाहरुको प्रत्यक्ष परिणामसंग प्रत्यक्ष वा अप्रत्यक्ष, नजिक वा टाढाको कारणबाट भएको वा सांकेतिक रुपमा उत्पन्न भएको वा संलग्न रहेको कुनै दुर्घटना, क्षति/हानि–नोक्सानी वा दायित्व ।

२. यस बीमालेखले रक्षावरण गरेको सवारी साधन दुर्घटनाको परिणाम स्वरुप श्रृजना भएको क्षति (Consequential Loss) प्रति बीमकको कुनै दायित्व रहने छैन ।

३. तोकिएको थप बीमाशुल्क बीमितले भुक्तानी गरेको आधारमा बीमकले यस बीमालेखको विस्तारको रुपमा हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य तथा आतंककारी/विध्वंशकारी कार्य सम्बन्धी सम्पुष्टिहरु जारी नगरे सम्म हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य वा आतंककारी/बिध्वंशकारी कार्यबाट भएको वा घटेको दुर्घटना, क्षति/हानि–नोक्सानी वा दायित्व बीमकले व्यहोर्ने छैन ।

## परिच्छेद -६

## शर्तहरु

१. यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहाँ जुन अवस्थामा प्रयोग हुन्छ त्यही मान्य हुनेछ ।

२. यस बीमालेख अन्तर्गत दावी योग्य कुनै दुर्घटना वा क्षति/हानि–नोक्सानी भएमा सोको सूचना लिखित रुपमा अविलम्ब बीमकलाई दिनु पर्नेछ । त्यस्तो दुर्घटना बारे बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा सहयोग उपलब्ध गराउनु पर्नेछ । त्यस्तो दुर्घटनासंग सम्बन्धित पत्र, दावी, म्याद, समाह्वान (रिट) वा प्रक्रिया सम्बन्धी जानकारी आदि बीमितलाई प्राप्त हुने बित्तिकै बीमकलाई हस्तान्तरण गर्नु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै मुद्दा मामिला, अनुसन्धान वा घाऊचोटपटक (Fatal Injury) को जाँचबुझ सम्बन्धमा बीमितलाई कुनै जानकारी भएमा तुरुन्त बीमकलाई लिखित जानकारी दिनु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै चोरी वा अन्य फौजदारी कसूरको सम्बन्धमा बीमितले बीमक तथा प्रहरीलाई तुरुन्त सूचना गर्नु पर्नेछ र अपराधी पत्ता लगाउन सहयोग गर्नु पर्नेछ ।

३. बीमकको लिखित अनुमति नलिई बीमित वा बीमितको तर्फबाट कुनै पनि व्यक्तिले यस बीमालेख अन्तर्गतको दावी सम्बन्धमा कुनै प्रस्ताव राख्न, प्रतिज्ञा गर्न, भुक्तानी लिन/दिन वा छुटदिन सक्ने छैन । बीमकले दावीका सम्बन्धमा बीमितको तर्फबाट दावी भुक्तानी गर्न, विवाद समाधान गर्न, प्रतिरक्षा गर्न, कारवाही चलाउन वा बहस पैरवी गर्न चाहेमा बीमक पूर्ण स्वतन्त्र रहने छ र बीमितले यस सम्बन्धी सबै सूचना र सहयोग बीमकले मागे बमोजिम प्रदान गर्नु पर्नेछ ।

४. बीमकको रोजाइ अनुसार सवारी साधन वा सोमा जडित पार्टपूर्जा वा यसको कुनै भाग वा पार्टपूर्जाको मर्मत, बदली वा नयाँ भर्ना दिन वा क्षति/हानि–नोक्सानी बराबरको नगद रकम भुक्तान गर्न सक्नेछ ।

५. बीमितले सवारी साधनलाई क्षति/हानि–नोक्सानी हुनबाट सुरक्षित राख्न र ठीक अवस्थामा कायम राख्न सम्पूर्ण मनासिब कदम अपनाउनु पर्नेछ । सवारी साधन वा सोको कुनै पार्टपूर्जा वा चालक वा बीमितको कुनै कामदारको विषयमा जाँच गर्ने अधिकार बीमकलाई सदैव रहनेछ । बीमितले दुर्घटना वा क्षति भएको अवस्थामा सवारी साधनलाई थप क्षति/हानि–नोक्सानी हुनबाट जोगाउन आवश्यक तथा उचित हेरचाह र सुरक्षाको उपाय अपनाउनु पर्नेछ । दुर्घटना भएको सवारी साधन आवश्यक मर्मत नगरी चलाएको परिणाम स्वरुप सवारी साधनमा भएको थप क्षतिको लागि बीमित स्वयं जिम्मेवार हुनेछ ।

६. बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र (१५) दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

७. बीमितको अनुरोधमा कुनै पनि समयमा बीमालेख रद्द गर्न सकिनेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।

| अवधि | वार्षिक बीमाशुल्क दरको प्रतिशत |
|---|---|
| एक हप्ता | दश प्रतिशत |
| एक महिना सम्म | बीस प्रतिशत |
| दुई महिना सम्म | तीस प्रतिशत |
| तीन महिना सम्म | चालीस प्रतिशत |
| चार महिना सम्म | पचास प्रतिशत |

| | |
|---|---|
| पाँच महिना सम्म | साठ्ठी प्रतिशत |
| छ महिना सम्म | सत्तरी प्रतिशत |
| सात महिना सम्म | अस्सी प्रतिशत |
| आठ महिना सम्म | नब्बे प्रतिशत |
| आठ महिना भन्दा बढिको लागि | शत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख वहाल रहेको अवधिभर कुनै दावी नभएको हुनु पर्नेछ ।

८. यस बीमालेखले रक्षावरण गरेको क्षति/हानि–नोक्सानी/दायित्वको लागि बीमितले अन्य प्रचलित बीमाबाट दावी भुक्तानी पाउने अवस्थामा क्षति/हानि–नोक्सानी/दायित्वको क्षतिपूर्ति रकम वा अन्य खर्च बीमाङ्कको आधारमा समानुपातिक मूल्यभन्दा बढि भुक्तान गर्न बीमक बाध्य हुने छैन ।

९. सवारी साधनको क्षति/हानि–नोक्सानी भएको अवस्थामा बीमित वा अरु कुनै व्यक्तिले सोही सवारी साधन अरु बीमकसंग पनि बीमा गराएको रहेछ भने बीमकले सो सवारी साधनको लागि क्षति/हानि–नोक्सानीको बीमाङ्कको आधारमा समानुपातिक रुपले दिनु पर्ने क्षतिपूर्ति भन्दा बढि दिने छैन ।

१०. यस बीमालेखको तालिकामा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ ।

११. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

१२. सवारी साधनको बारेमा बीमितले मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम अनुमान गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा विवरण उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छुटहुन गएमा वा बीमितबाट यस बीमालेखको कुनै पनि शर्त पालना नभएमा यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्ने छैन ।

१३. कुनै सवारी साधनको स्वामित्व परिवर्तन भएमा त्यस्तो स्वामित्व परिवर्तन भएको मितिबाट पैंतीस (३५) दिन भित्र सवारी साधनको नयाँ धनीको नाममा बीमालेख नामसारी नभएमा बीमालेख स्वत: निष्क्रिय हुनेछ । यसरी बीमालेखको नामसारी नगराएको कारणबाट बीमालेख निष्क्रिय भए तापनि त्यस्तो स्वामित्व परिवर्तन भए पछिको यात्री, चालक, सहचालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी, अन्य कर्मचारी तथा तेश्रो पक्षको हानि–नोक्सानी सम्बन्धमा बीमकले (बीमा अवधि भित्र रहेको अवस्थामा छ भने) दायित्व व्यहोर्नु पर्नेछ ।

१४. बीमितले सवारी साधन बिक्री गरेको मितिले पैतीस (३५) दिन भित्र बीमकलाई त्यसको लिखित सूचना दिएमा बीमकले देहाय बमोजिम हुने गरी सवारी साधनको नयाँ धनीको नाममा यो बीमालेख नामसारी गरिदिन सक्नेछ ।

(क) बीमालेख नामसारीको लागि सवारी साधनको नयाँ धनीले यथाशिघ्र बीमा प्रस्ताव फाराम भर्नु पर्नेछ र बीमकले सम्पुष्टि जारी गरि बीमालेख नामसारी गरिदिन सक्नेछ ।

(ख) बीमितले दावी नगरे वापत पाउने छुटपाएकोमा सो छुटसवारी साधनको नयाँ धनीले पाउने छैन ।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम उत्तराधिकारीमा स्वामित्व स्वतः हस्तान्तरण भई आएको अवस्थामा यो बीमालेख स्वतः हस्तान्तरण भएको मानिनेछ ।

१५. बीमकको तर्फबाट रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तान भएको मानिने छैन ।

१६. बीमित वा निजको तर्फबाट अधिकार प्राप्त व्यक्तिले आवश्यक रीत नपुर्याएमा वा यो बीमालेख अन्तर्गतको कुनै अधिकार प्रयोग गर्नमा बाधा पुर्याएमा यो बीमालेख अन्तर्गतको सबै लाभबाट बीमित बञ्चित हुनेछ ।

१७. कुनै दावी जालसाजीपूर्ण भएमा वा दावीको सिलसिलामा झुठ्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा वा जानी जानी बीमित–बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै क्षति/हानि–नोक्सानीको घटना घटाएमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ ।

१८. यो बीमालेख अन्तर्गत क्षति/हानि–नोक्सानीको दावी बीमकबाट अस्वीकार भएको तीन महिना भित्र कुनै नालिस उजूर नगरेमा वा बीमा ऐन, २०७९ बमोजिम बीमा समितिले बीमकको पक्षमा निर्णय दिएको मितिले प्रचलित कानूनको म्याद भित्र पूनरावेदन अदालतमा नालिस/उजुर नगरेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बञ्चित हुनेछ ।

१९. बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानि–नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पिनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारबाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

२०.दावी भुक्तानी प्रकृयामा रहेको वा मुल्तवी रहेको अवस्थामा बाहेक क्षति/हानि–नोक्सानी भएको मितिले तीन महिना पछि बीमक कुनै पनि क्षति/हानि–नोक्सानीको लागि उत्तरदायी हुनेछैन ।

२१.यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ ।

२२. यो बीमालेख अन्तर्गत परेको दावी एकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमितको हुनेछ ।

२३. यस बीमालेख अन्तर्गत बीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०७९ बमोजिम हुनेछ ।

मस्यौदा

मस्यौदा प्रति

## व्यवसायिक सवारी साधन बीमालेखको तालिका (सेड्यूल)

यस तालिकामा उल्लेख भएको प्रयोगको सीमा उल्लघंन भएमा बीमकले बीमितलाई क्षतिपूर्ति दिने छैन ।

| | |
|---|---|
| बीमितको<br>नाम, थर :<br>ठेगाना :<br>पेशा : | बीमालेख नं. :<br>बीमालेखको किसिम :<br>प्रस्तावकको नाम :<br>बीमा प्रस्ताव भएको मिति :<br>बीमालेख जारी भएको स्थान :<br>मिति :<br>रक्षावरण गरिएका जोखिमहरु :<br>जोखिम बहन गर्न शुरु हुने मिति :<br>समय :<br>बीमा अभिकर्ताको नाम र इजाजतपत्र नम्बर :<br>बीमा अवधि : ………. देखि ……….. सम्म ………. |
| लागू हुने भौगोलिक क्षेत्र : नेपाल, भारत, भूटान, बंगलादेश र चीनको स्वशासित क्षेत्र तिब्बत<br><br>रसिद नं.<br>रसिदको मिति : समय: | **बीमाशुल्क**<br>सवारी साधनको क्षति/हानी नोक्सानी विरुद्धको बीमाको – रु.……….<br>तेस्रो पक्ष प्रतिको दायित्व बीमाको – रु.……….<br>चालकको दुर्घटना बीमाको - रु.……….<br>चालक बाहेक अन्य कर्मचारीहरुको दुर्घटना बीमाको - रु.……….<br>यात्रीको दुर्घटना बीमा - रु.……….<br>जोखिम समूह बीमाको - रु.……….<br>जम्मा- रु.……….<br>टिकट- रु.……….<br>…….. % मूल्य अभिवृद्धि कर - रु.……….<br>कूल बीमाशूल्क - रु.………. |

| **बीमालेखले रक्षावरण गरेको सवारी साधनको** | |
|---|---|
| इन्जिन नं. : | बनेको वर्ष : |
| च्यासिस नं. : | घन क्षमता (क्यूविक क्यापासिटि) : |
| दर्ता नं. : | दर्ता मिति : |
| बनाउने कम्पनी : | सरसामान बाहेक सवारी साधनको घोषित मूल्य : |
| बनोट : | सरसामानको घोषित मूल्य : |
| मोडेल : | जम्मा घोषित मूल्य : |

**प्रयोगको सीमा :**
यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको सवारी साधन इनाम, संगठानात्मक दौड, प्रतियोगिता, टिकाउ परीक्षण, गति परीक्षण वा ढुवानी कार्यसंग सम्बन्धित कुनै प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

**चालक :**
निम्नमध्ये कुनै: (क) बीमित स्वयं वा (ख) बीमितको साधारण जानकारी र वा सहमतिले सवारी साधन चलाउने व्यक्ति ।
चालकसंग उक्त मोटरसाइकल चलाउने अनुमतिपत्र भएको र त्यस्तो अनुमतिपत्र राख्न वा प्राप्त गर्न अयोग्य नठहरिएको हुनुपर्नेछ ।

**बीमाशुल्कको हिसाब :** (संलग्न तालिका बमोजिम)

**अनिवार्य अधिक :** **स्वेच्छिक अधिक :**

**संलग्न सम्पुष्टि नम्बरहरु :**

बीमक तर्फबाट अधिकार प्राप्त अधिकारीको –

दस्तखत :
नाम थर :
छाप :
दर्जा :

मस्यौदा प्रति

## अनुसूची–४

## (दफा २.९ संग सम्बन्धित)

## सवारी साधन बीमाको प्रमाणपत्र

प्रमाणपत्र जारी गर्ने बीमकको नाम र ठेगाना :-

प्रमाणपत्र नं. :-

प्रमाणपत्र जारी मिति :-

१. बीमितको नाम

२. ठेगाना

३. टेलिफोन नं.

४. बीमालेख नं.

५. तेश्रो पक्ष प्रतिको दायित्व बीमाको सीमा

(क) मानिसको शारीरिक क्षति वापत रु.............

(ख) सम्पत्तिको क्षति वापत रु...........

६. प्रति यात्री बीमाङ्क रु..................

७. चालक तथा अन्य बीमित कर्मचारीहरुको प्रति व्यक्ति बीमाङ्क रु.............

| **सवारी साधनको विवरण** | | | | | |
|---|---|---|---|---|---|
| किसिम | बनौट | दर्ता नं./मिति | चेसीस नं | इन्जीन नं. | भारबहनक्षमता/सिट संख्या |
| | | | | | |

| **बीमालेख वहाल रहने अवधि** | | | | |
|---|---|---|---|---|
| देखि | सम्म | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर र मिति | छाप | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

द्रष्टब्य :

१.यस प्रमाणपत्रमा उल्लेख भएको बीमा सम्बन्धी व्यवस्थाहरु सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

२. यो प्रमाणपत्र हराएमा तत्काल नजिकको प्रहरी कार्यालयमा लिखित सूचना दिनु पर्नेछ ।

३. यो प्रमाणपत्र हराएमा वा नासिएमा यथाशिघ्र बीमकबाट प्रतिलिपि दिनु पर्नेछ ।

४. यो प्रमाणपत्र अनिवार्य रुपमा सवारी साधनमा राख्नु पर्नेछ ।

## अनुसूची–४.१

**(दफा २.९ संग सम्बन्धित)**

**सवारी साधन बीमाको प्रमाण (स्टिकर)**

लोगो

...... **कम्पनी लि.**

**सवारी साधन बीमाको प्रमाण (स्टिकर)**

प्र...	प्रमाण जारी मितिः

१. बीमितको नामः ...........	५. तेश्रो पक्ष दायित्व बीमाको सीमा

२. ठेगानाः .........	(क) मानिसको शारीरिक क्षति वापत रु.५,००,०००।–

३. टेलिफोन नं. ..........	(ख) सम्पत्तिको क्षति वापत रु. .......

६. प्रति यात्रु बीमाङ्क रु. ५,०००००।–

७.चालक / अन्य बीमित कर्मचारी प्रति व्यक्ति बीमा रु. ५,००,०००।–

४. बीमालेख नं. .........

बीमालेख बहाल रहने अवधिः

**सवारी साधनको विवरण**

| | | |
|---|---|---|
| किसिमः | चेसिस नं. | दर्ता नं. : |
| बनौटः | इन्जिन नं. | भार बहन /सिट संख्याः |

## अनुसूची–४.२

**(दफा ५.९ संग सम्बन्धित)**

### बीमालेख नामसारी सम्बन्धी सम्पुष्टी

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टी सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अंग हुनेछ ।

(२) प्राप्त प्रस्ताव फारामको आधारमा बीमालेखको तालिकामा उल्लेखित बीमितको सट्टामा ...... व्यवसाय वा पेशामा संलग्न ........... लाई बीमित कायम गरिएको छ ।

(३) अघिल्लो बीमितको बीमायोग्यहित कायम भएको अवधिको दावी नगरे वापतको छुट नयाँ बीमितलाई प्रदान गरिने छैन ।

(४) बीमालेखमा उल्लेखित अपवाद, शर्त र सीमाहरु यथावत रहने छन् ।

मर्यादा प्रति

## अनुसूची–५

**(दफा २.१२ संग सम्बन्धित)**

**१. मोटरसाइकल प्रस्ताव फारम :** **(सरकारी/ सरकारी बाहेक)**

| | | | |
|---|---|---|---|
| प्रस्तावकको | पुरा नाम : | प्रस्तावक भन्दा फरक व्यक्ति मोटरसाइकलको मालिक भएमा निजको | पुरा नाम : |
| | ठेगाना : | | ठेगाना : |
| | टेलिफोन : | | टेलिफोन : |
| | ई–मेल : | | ई–मेल : |
| | पेशा : | | पेशा : |

| | | |
|---|---|---|
| प्रस्तावित मोटरसाइकलको | इन्जिन नं. : | च्यासिस नं. : |
| | दर्ता नं. : | बनाउने कम्पनी : |
| | बनौट : | मोडेल : |
| | बनेको वर्ष : | घन क्षमता (क्यूबिक क्यापासिटी) : |
| | सरसामान बाहेक मोटरसाइकलको घोषित मूल्य : | दर्ता मिति : |
| | सरसामानको विवरण सहित घोषित मूल्य : | खरिद मिति : |
| | जम्मा घोषित मूल्य : | खरिदको समयमा नयाँ वा पुरानो : |

| | | |
|---|---|---|
| १ | तपाई निम्न मध्ये कुन प्रकारको बीमालेख लिन चाहनु हन्छ ?<br>(क) ब्यापक (प्याकेज) (ख) तेश्रो पक्षप्रतिको दायित्व | |
| २ | के तपाई मोटरसाइकलको दावीको सम्बन्धमा "स्वेच्छीक अधिक" बहन गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ भने रकम खुलाउनु होस्।<br>नोट : स्वेच्छीक अधिकको रुपमा रु.५००, रु.१००० वा रु.२००० बहन गर्दा शुरु बीमाशुल्कमा क्रमशः १०%, १५% र २०% छुट पाइनेछ। | |
| ३ | के मोटरसाइकल हाँक्न सिकाउने कार्यका लागि प्रयोग गरिन्छ ? | |
| ४ | के मोटरसाइकल भाडा अथवा इनामको रुपमा प्रयोग गरिन्छ ? गरिन्छ भने सोको विवरण खुलाउनु होस्। | |
| ५ | सधैं जसो मोटरसाइकल राख्ने स्थानको ठेगाना उल्लेख गर्नुहोस्। | |
| ६ | धैरै जसो मोटरसाइकल खुल्ला स्थान वा ग्यारेज मध्ये कहाँ राखिन्छ ? | |
| ७ | के मोटरसाइकल पूर्ण आवधिक मर्मत भएको अवस्थामा रहन्छ ? | |
| ८ | के तपाईको मोटरसाइकल कहिल्यै दुर्घटनामा परेको थियो ? वा प्रस्तावकले वा सो मोटरसाइकल चढ्ने अन्य ब्यक्तिले मोटरसाइकल सम्बन्धी कुनै दावी गरेका थिए ? वा उनीहरु माथि कुनै दावी गरिएका थिए ? यदि थिए भने सवारी साधनको क्षति वा तेश्रो ब्यक्तिको क्षति बारे अलग-अलग विवरण दिनुहोस्। | |
| ९ | के तपाईले प्रस्तावित मोटरसाइकलको अन्य कुनै बीमा गर्नु भएको छ ? यदि छ भने बीमकको नाम र बीमा समाप्त हुने मिति खुलाउनु होस्। | |
| १० | के तपाई विगतका बीमकहरुबाट दावी रहित छुट (No claim Discount ) पाउनु हुन्थ्यो ? यदि पाउनु हुन्थ्यो भने कृपया छुट समेत खुल्ने गरी नवीकरण सूचना/प्रमाणपत्र संलग्न गर्नुहोस्। | |
| ११ | के कुनै कम्पनी वा बीमकद्वारा कहिल्यै<br>(क) तपाईको प्रस्ताव अस्वीकार गरेको थियो ?<br>(ख) विशेष शर्त राखिएको थियो ?<br>(ग) तपाईको मोटरसाइकल बीमालेख रद्द गरिएको वा नवीकरण गर्न अस्वीकार गरिएको थियो ? | (क)<br>(ख)<br>(ग) |
| १२ | के प्रस्तावक वा सो मोटरसाइकल चलाउने कुनै ब्यक्तिहरुको (यदि कोही छन् भने) सवारी चालक इजाजत पत्र कहिल्यै रद्द गरिएको थियो ? | |

| | | |
|---|---|---|
| १३ | के तपाई हुलदंगा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, विध्वंशात्मक कार्य तथा आतंककारी गतिविधि जोखिम समूह बीमा सुरक्षा गर्न चाहनु हन्छ ? | |
| १४ | बीमा अवधि ...................................... देखि ....................................... सम्म | |

म/हामी यसद्वारा घोषणा गर्दछु/गर्दछौं कि माथि उल्लेखित विवरण साँचो हो र म/हामी सहमत छु/छौं कि यो घोषणा र माथि उल्लेखित उत्तर मेरो/हाम्रो र ....... कम्पनी बीचको करारको आधार हुनेछ।

मिति : अभिकर्ता : प्रस्तावकको हस्ताक्षर :

## महत्वपूर्ण सूचना

सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ।

(ख) सवारी साधनको उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ।

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा बढि | ५० प्रतिशत |

ग) सवारी साधनको उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढि उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ।

मस्यौदा प्रति

**२. निजी सवारी साधन प्रस्ताव फारम :** **(सरकारी/ सरकारी बाहेक)**

| | | | |
|---|---|---|---|
| प्रस्तावकको | पुरा नाम : | प्रस्तावक भन्दा फरक व्यक्ति निजी सवारी साधनको मालिक भएमा निजको | पुरा नाम : |
| | ठेगाना : | | ठेगाना : |
| | टेलिफोन : | | टेलिफोन : |
| | ई–मेल : | | ई–मेल : |
| | पेशा : | | पेशा : |

| | | |
|---|---|---|
| प्रस्तावित निजी सवारी साधनको | इन्जिन नं. : | च्यासिस नं. : |
| | दर्ता नं. : | बनाउने कम्पनी : |
| | बनौट : | मोडेल : |
| | बनेको वर्ष : | घन क्षमता (क्यूबिक क्यापासिटी) : |
| | सरसामान बाहेक निजी गाडीको घोषित मूल्य : | भार वहन क्षमता / चालक सहित सीट क्षमता: |
| | सरसामानको विवरण सहित घोषित मूल्य : | दर्ता मिति :<br>खरिद मिति : |
| | जम्मा घोषित मूल्य : | खरिदको समयमा नयाँ वा पुरानो : |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तपाई निम्न मध्ये कुन प्रकारको बीमालेख लिन चाहनु हन्छ ?<br>(क) ब्यापक (प्याकेज) (ख) तेश्रो पक्षप्रतिको दायित्व | | | | |
| २ | के तपाई प्रस्तावित गाडीको दावीको सम्बन्धमा "स्वेच्छीक अधिक" बहन गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ भने रकम खुलाउनु होस् ।<br>नोट : स्वेच्छीक अधिकको रुपमा रु.१०००, रु.२००० वा रु.५००० बहन गर्दा शुरु बीमाशुल्कमा क्रमशः १०%, १५%, २०% र २५% छुट पाइनेछ । | | | | |
| ३ | के प्रस्तावित गाडी हाँक्न सिकाउने कार्यका लागि प्रयोग गरिन्छ ? | | | | |
| ४ | के प्रस्तावित गाडी भाडा अथवा इनामको रुपमा प्रयोग गरिन्छ ? गरिन्छ भने सोको विवरण खुलाउनु होस् । | | | | |
| ५ | सधैं जसो प्रस्तावित गाडी राख्ने स्थानको ठेगाना उल्लेख गर्नुहोस् । | | | | |
| ६ | धेरै जसो प्रस्तावित गाडी खुल्ला स्थान वा ग्यारेज मध्ये कहाँ राखिन्छ ? | | | | |
| ७ | के प्रस्तावित गाडी पूर्ण आवधिक मर्मत भएको अवस्थामा रहन्छ ? | | | | |
| ८ | के प्रस्तावक बाहेक अन्य कुनै ब्यक्तिद्वारा प्रस्तावित गाडी नियमित रुपले चलाइन्छ ? यदि चलाइन्छ भने निम्न जानकारीहरु दिनुहोस् : | | | | |
| | यस्ता ब्यक्तिको नाम र ब्यवसाय | उमेर | गाडी हाँकेको अवधि | के कुनै बीमकले यस्ता ब्यक्तिको सामान्य दरहरु र शर्तहरुमा बीमा गर्न अस्वीकार गरेको छ ? | |
| | | | | | |
| ९ | तपाईको पूर्ण जानकारी र विश्वास अनुसार के गाडी चलाउने ब्यक्तिको आँखा, कान तथा अन्य शारीरिक असक्षमता छ ? के तपाईको जानकारीमा गाडी चालकलाई हँकाई सम्बन्धी कुनै अपराधमा दोषी ठहराइएको छ ? | | | | |
| १० | के तपाईले प्रस्तावित गाडीको अन्य कुनै बीमा गर्नु भएको छ ? यदि छ भने बीमकको नाम र बीमा समाप्त हुने मिति खुलाउनु होस् । | | | | |

| | | |
|---|---|---|
| ११ | के तपाई विगतका बीमकहरुबाट दावी रहित (No claim Discount) छुट पाउनु हुन्थ्यो ? यदि पाउनु हुन्थ्यो भने कृपया छुटसमेत खुल्ने गरी नवीकरण सूचना/प्रमाणपत्र संलग्न गर्नुहोस् । | |
| १२ | के कुनै कम्पनी वा बीमकद्वारा कहिल्यै<br>(क) तपाईको प्रस्ताव अस्वीकार गरेको थियो?<br>(ख) विशेष शर्त राखिएको थियो?<br>(ग) तपाईको गाडीको बीमालेख रद्द गरिएको वा नवीकरण गर्न अस्वीकार गरिएको थियो? | <br>(क)<br>(ख)<br>(ग) |
| १३ | तपाईको आफ्नै वा आफैले हाँकेको सम्पूर्ण गाडीमा विगत तीन वर्षमा भएको दुर्घटना र हानिको विवरण दिनुहोस् । | |
| १४ | के प्रस्तावक वा सो गाडी चलाउने कुनै ब्यक्तिहरुको (यदि कोही छन् भने) सवारी चालक इजाजत पत्र कहिल्यै रद्द गरिएको थियो ? | |
| १५ | के तपाई हुलदंगा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, विध्वंशात्मक कार्य तथा आतंककारी गतिविधि जोखिम समूह बीमा सुरक्षा गर्न चाहनु हन्छ ? | |
| १६ | निम्नलिखित ब्यक्तिहरुको दुर्घटना बीमाको लागि सिट संख्या खुलाउनुहोस् ।<br>(क) चालक (ख) बीमित तथा अन्य यात्रीहरु (संख्या खोल्नुहोस् ) | |
| १७ | के तपाई सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएमा सो सवारी साधनलाई सडकसम्म ल्याउन लाग्ने खर्चको बीमा गराउन चाहनु हुन्छ ?<br>नोटः (१) यो बीमा गराएमा सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएमा सो सवारी साधनलाई सडकसम्म ल्याउन लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले व्यहोर्ने छ ।<br>तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम एक लाख रूपैंया वा वास्तविक खर्च रकम मध्ये जुन कम हुन्छ सो भन्दा बढी हुने छैन ।<br>(२) यो बीमा गराउन प्रति सवारी साधन रु.२००।– थप बीमाशुल्क लाग्नेछ । | |
| १८ | बीमा अवधि ...................................... देखि ....................................... सम्म | |

म/हामी यसद्वारा घोषणा गर्दछु/गर्दछौं कि माथि उल्लेखित विवरण साँचो हो र म/हामी सहमत छु/छौं कि यो घोषणा र माथि उल्लेखित उत्तर मेरो/हाम्रो र ........ कम्पनी बीचको करारको आधार हुनेछ ।

मिति : अभिकर्ता : प्रस्तावकको हस्ताक्षर :

## महत्वपूर्ण सूचना

सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ ।

(ख) सवारी साधनको उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ ।

मस्यौदा

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

ग) सवारी साधनको उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढि उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ।

**३. व्यवसायिक सवारी साधन बीमाको प्रस्ताव फारम : (सरकारी/ सरकारी बाहेक)**

| | | | |
|---|---|---|---|
| प्रस्तावकको | पुरा नाम : | प्रस्तावक भन्दा फरक व्यक्ति सवारी साधनको धनी भएमा निजको | पुरा नाम : |
| | ठेगाना : | | ठेगाना : |
| | टेलिफोन : | | टेलिफोन : |
| | ई–मेल : | | ई–मेल : |
| | पेशा : | | पेशा : |

| | | |
|---|---|---|
| प्रस्तावित निजी सवारी साधनको | इन्जिन नं. : | च्यासिस नं. : |
| | दर्ता नं. : | बनाउने कम्पनी : |
| | बनौट : | मोडेल : |
| | बनेको वर्ष : | घन क्षमता (क्यूबिक क्यापासिटी) : |
| | सरसामान बाहेक निजी गाडीको घोषित मूल्य : | भार वहन क्षमता / चालक सहित सीट क्षमता: |
| | सरसामानको विवरण सहित घोषित मूल्य : | दर्ता मिति : |
| | | खरिद मिति : |
| | जम्मा घोषित मूल्य : | खरिदको समयमा नयाँ वा पुरानो : |

| | | |
|---|---|---|
| १ | तपाई निम्न मध्ये कुन प्रकारको बीमालेख लिन चाहनु हन्छ ?<br>(क) ब्यापक (प्याकेज) (ख) तेश्रो पक्षप्रतिको दायित्व | |

मस्यौदा प्रति

| | | |
|---|---|---|
| २ | के तपाई प्रस्तावित गाडीको दावीको सम्बन्धमा "स्वेच्छीक अधिक" बहन गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ भने रकम खुलाउनु होस्।<br>नोट : स्वेच्छीक अधिकको रुपमा रु.१०००, रु.२०००, रु.५००० वा रु. १०००० बहन गर्दा शुरु बीमाशुल्कमा क्रमशः १०%, १५%, २०% र २५% छुट पाइनेछ। | |
| ३ | निम्नलिखित कुन उद्देश्यको लागि सवारी साधन प्रयोग गरिन्छ ?<br>(क) भाडा वा इनामको लागि यात्री तथा तिनीहरुको सामान ढुवानी गर्न (ट्याक्सी वा बस)<br>(ख) प्रस्तावकको आफ्नै मालसामान ढुवानी गर्न (निजी ढुवानी)<br>(ग) भाडा वा इनामका लागि अन्य व्यक्तिको मालसामान ढुवानी गर्न (सार्वजनिक ढुवानी)<br>(घ) अन्य (उल्लेख गर्नुहोस्) | <br>(क)<br>(ख)<br>(ग)<br>(घ) |
| ४ | के गाडीमा पछाडि दोब्बर पांग्रा र दोब्बर स्प्रिंग जडान गरिएको छ ? | |
| ५ | गाडी प्रयोग गरिने मुख्य भौगोलिक क्षेत्र कुन हो ? | |
| ६ | सधैं जसो प्रस्तावित गाडी राख्ने स्थानको ठेगाना उल्लेख गर्नुहोस्। | |
| ७ | धेरै जसो प्रस्तावित गाडी खुल्ला स्थान वा ग्यारेज मध्ये कहाँ राखिन्छ ? | |
| ८ | के प्रस्तावित गाडी पूर्ण आवधिक मर्मत भएको अवस्थामा रहन्छ ? | |
| ९ | के तपाईले प्रस्तावित गाडीको अन्य कुनै बीमा गर्नु भएको छ ? यदि छ भने बीमकको नाम र बीमा समाप्त हुने मिति खुलाउनु होस्। | |
| १० | के तपाई विगतका बीमकहरुबाट दावी रहित (No claim Discount) छुट पाउनु हुन्थ्यो ? यदि पाउनु हुन्थ्यो भने कृपया छुटसमेत खुल्ने गरी नवीकरण सूचना/प्रमाणपत्र संलग्न गर्नुहोस्। | |
| ११ | के कुनै कम्पनी वा बीमकद्वारा कहिल्यै<br>(क) तपाईको प्रस्ताव अस्वीकार गरेको थियो ?<br>(ख) विशेष शर्त राखिएको थियो ?<br>(ग) तपाईको गाडीको बीमालेख रद्द गरिएको वा नवीकरण गर्न अस्वीकार गरिएको थियो ? | <br>(क)<br>(ख)<br>(ग) |
| १२ | तपाईको आफ्नै वा आफैले हाँकेको सम्पूर्ण गाडीमा विगत तीन वर्षमा भएको दुर्घटना र हानिको विवरण दिनुहोस्। | |
| १३ | के तपाई हुलदंगा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, विध्वंशात्मक कार्य तथा आतंककारी गतिविधि जोखिम समूह बीमा सुरक्षा गर्न चाहनु हन्छ ? | |
| १४ | निम्नलिखित ब्यक्तिहरुको दुर्घटना बीमाको लागि सिट संख्या खुलाउनुहोस्।<br>(क) चालक (ख) सहचालक (ग) परिचालक<br>(घ) हेल्पर (ङ) अन्य कर्मचारी | |
| १५ | दुर्घटना बीमा गर्नु पर्ने यात्रीहरुको संख्या उल्लेख गर्नुहोस्। (त्यस्तो संख्या अनुमती प्राप्त सिट संख्या अनुरुप हुनु पर्नेछ ) | |

| | | |
|---|---|---|
| १६<br>(क) | के तपाई सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएमा सो सवारी साधनलाई सडकसम्म ल्याउन लाग्ने खर्चको बीमा गराउन चाहनु हुन्छ ?<br>नोटः (१)<br>(क) यो बीमा गराएमा सवारी साधन (कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकल बाहेक) दुर्घटना भई सडकबाट बाहिर गएमा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले व्यहोर्ने छ।<br>तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम एक लाख रूपैंया वा वास्तविक खर्च रकम मध्ये जुन कम हुन्छ सो भन्दा बढी हुने छैन।<br>(ख) यो बीमा गराएमा कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकल दुर्घटना भई सडकबाट बाहिर गएमा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले व्यहोर्ने छ।<br>तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम दुई लाख पचास हजार रूपैंया वा वास्तविक खर्च रकम मध्ये जुन कम हुन्छ सो भन्दा बढी हुने छैन।<br>२(क) कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकल बाहेक सवारी साधनको लागि यो बीमा गराउन प्रति सवारी साधन रु.५००।– थप बीमाशुल्क लाग्नेछ।<br>(ख) कन्स्ट्रक्सन इक्यूपमेण्ट भेहिकलको लागि यो बीमा गराउन प्रति सवारी साधन रु.१,०००।– थप बीमाशुल्क लाग्नेछ। | |
| १६ | बीमा अवधि ...................................... देखि ...................................... सम्म | |

म/हामी यसद्वारा घोषणा गर्दछु/गर्दछौं कि माथि उल्लेखित विवरण साँचो हो र म/हामी सहमत छु/छौं कि यो घोषणा र माथि उल्लेखित उत्तर मेरो/हाम्रो र ........ कम्पनी बीचको करारको आधार हुनेछ।

मिति : अभिकर्ता : प्रस्तावकको हस्ताक्षर :

## महत्वपूर्ण सूचना

सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ।

(ख) सवारी साधनको उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपूर्जाको उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ।

| **नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर** | **ह्रास कट्टीको दर** |
|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत |

नमुना प्रति

| | |
|---|---|
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

(ग) सवारी साधनको उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा दश बर्ष वा सो भन्दा बढि उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ।

मस्यौदा प्रति

## अनुसूची–६

### (दफा ३.३ संग सम्बन्धित)

### बीमाशुल्क गणना तालिका

### १. मोटरसाइकल (सरकारी बाहेक) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ) | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा तथा दुर्घटना बीमा वापतः** | |
| | सि.सि.तथा घोषित मूल्य (सरसामान सहित) अनुसार बीमा शुल्क (घोषित मूल्यको... %) | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु. |
| | | रु. "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | रु. |
| | | रु "ग" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत रु | रु. |
| | | रु. "घ" |
| | प्रत्यक्ष बीमा वापत छूटः "घ" को १० प्रतिशत रु. | **रु.** |
| | **जम्मा** | **रु.** |
| आ) | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु. "ङ" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ङ" को ...... प्रतिशत | रु. |
| | **जम्मा** | **रु.** |
| इ) | **जोखिम समूह थप गरे वापत :** | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य (घोषित मूल्यको ...का दरले) | रु. |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य (घोषित मूल्यको ...का दरले) | रु. |
| | **जम्मा** | **रु.** |

**द्रष्टव्यः** (क) अपाङ्ग मैत्री तीन पाङ्ग्रे मोटरसाइकलको हकमा माथि (अ) र (आ) को जम्मा रकममा २५ % छुट दिई हिसाव गर्नुपर्ने छ।

(ख)मोटरसाइकल चलाइरहेको व्यक्ति (चालक) तथा पछाडी बसेको यात्री (Pillion Rider) गरी दुई जनाको दुर्घटना बीमा प्रति व्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि लाग्ने बीमा शुल्क तेश्रो पक्ष बीमा शुल्कमानै समावेश (Inbuilt) भएको छ।

### १ क. मोटरसाइकल (सरकारी) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ) | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा तथा दुर्घटना बीमा वापतः** | |
| | सि.सि.तथा घोषित मूल्य (सरसामान सहित) अनुसार बीमा शुल्क (घोषित मूल्यको... %) | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु. |
| | | रु. "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | रु. |
| | | रु "ग" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत रु | रु. |

| | | |
|---|---|---|
| | **जम्मा** | **रु.** |
| आ) | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु. "ङ" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ङ" को ...... प्रतिशत | रु. |
| | **जम्मा** | **रु.** |
| इ) | **जोखिम समूह थप गरे वापत :** | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य (घोषित मूल्यको ...का दरले) | रु. |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य (घोषित मूल्यको ...का दरले) | रु. |
| | **जम्मा** | **रु.** |

**द्रष्टव्यः** (क) अपाङ्ग मैत्री तीन पाङ्ग्रे मोटरसाइकलको हकमा माथि (अ) र (आ) को जम्मा रकममा २५ % छुट दिई हिसाव गर्नुपर्ने छ।

**(ख)** मोटरसाइकल चलाइरहेको व्यक्ति (चालक) तथा पछाडी बसेको यात्री (Pillion Rider) गरी दुई जनाको दुर्घटना बीमा प्रति व्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि लाग्ने बीमा शुल्क तेश्रो पक्ष बीमा शुल्कमानै समावेश (Inbuilt) भएको छ।

## २. निजी सवारी साधन (सरकारी बाहेक) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा बीमा वापतः** | |
| | सि.सि.अनुसार घोषित मूल्य मध्ये पहिलो बीस लाखसम्मको बीमाशुल्क (घोषित मूल्यको ...%) | रु. |
| | बाँकी घोषित मूल्यको बीमा शुल्क (बाँकी घोषित मूल्यको ... %) | रु. |
| | ट्रेलर (मालसामान ओसार्ने) वापतको बीमाशुल्क ...का दरले | रु. |
| | सि. सि. अनुसार बीमाशुल्कमा छूट | रु. |
| | | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु. |
| | | रु "ख" |
| | निजी प्रयोजनको लागि भाडामा दिए वापत थप : "ख" को १०% | रु. |
| | | रु "ग" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ग" को .... प्रतिशत | |
| | | **रु "घ"** |
| | **.... वर्षसम्म दावी नगरे वापत छूटः "घ" को ...... प्रतिशत** | रु. |
| | | रु "ङ" |
| | प्रत्यक्ष बीमा वापत छुटः "ङ" को १० प्रतिशत | रु. |
| | | **रु "च"** |
| | **दुर्घटना भएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा वापत बीमा शुल्क थप** | **रु.** |
| | **जम्मा** | **रु.** |
| आ | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु "छ" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "छ" को ...... प्रतिशत | रु. |
| | **जम्मा** | **रु.** |
| इ | **चालकको दुर्घटना बीमा वापत :** | |
| | चालक (बीमाङ्क रु. ५,००,०००। (पाँच लाख) को रु. ७००। का दरले) | **रु.** |

| | | |
|---|---|---|
| ई | **बीमित तथा यात्रीको दुर्घटना बीमा वापत :** | |
| | प्रति व्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागी बीमाशुल्क प्रति सिट रु.७००। का दरले | **रु.** |
| उ | **जोखिम समूह थप गरे वापत :** | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य | रु. |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य | रु. |
| | (ग) चालक | रु. |
| | (घ) बीमित तथा यात्री | रु. |
| | **जम्मा** | **रु.** |

द्रष्टव्य: (क) अपाङ्ग मैत्री तीन पाङ्ग्रे मोटरसाइकलको हकमा माथि (अ) र (आ) को जम्मा रकममा २५ % छुट दिई हिसाव गर्नुपर्ने छ।

## २ क. निजी सवारी साधन (सरकारी) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा वापत:** | |
| | सि.सि.अनुसार घोषित मूल्य मध्ये पहिलो बीस लाखसम्मको बीमाशुल्क (घोषित मूल्यको ...%) | रु. |
| | बांकी घोषित मूल्यको बीमा शुल्क (बाँकी घोषित मूल्यको ... %) | रु. |
| | ट्रेलर (मालसामान ओसार्ने) वापतको बीमाशुल्क ...का दरले | रु. |
| | सि.सि. अनुसार बीमाशुल्कमा छूट | रु. |
| | | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु. |
| | | रु "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | |
| | | **रु "ग"** |
| | **.... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत** | रु. |
| | | रु "घ" |
| | **दुर्घटना भएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा वापत बीमा शुल्क थप** | **रु.** |
| | **जम्मा** | **रु.** |
| **आ** | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु "ङ" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ङ" को ...... प्रतिशत | रु. |
| | **जम्मा** | **रु.** |
| इ | **चालकको दुर्घटना बीमा वापत :** | |
| | चालक (बीमाङ्क रु. ५,००,०००। (पाँच लाख) को रु. ६०० का दरले) | **रु.** |
| ई | **यात्रीको दुर्घटना बीमा वापत :** | |
| | प्रति व्यक्ति बीमाङ्क रु. ५,००,०००। (पाँच लाख) को रु. ६०० का दरले | **रु.** |
| उ | **जोखिम समूह थप गरे वापत :** | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य (घोषित मूल्यको ... का दरले) | **रु.** |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य (घोषित मूल्यको ... का दरले) | **रु.** |
| | (ग) चालक | **रु.** |
| | (घ) यात्री | **रु.** |
| | **जम्मा** | **रु.** |

द्रष्टव्य: (क) अपाङ्ग मैत्री तीन पाङ्ग्रे मोटरसाइकलको हकमा माथि (अ) र (आ) को जम्मा रकममा २५ % छुट दिई हिसाव गर्नुपर्ने छ।

## ३. व्यावसायिक (मालबाहक) सवारी साधन (सरकारी बाहेक) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| **अ** | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा वापतः** | |
| | घोषित मूल्य (सरसामान सहित) अनुसार शुरु बीमा शुल्क (घोषित मूल्यको ...%) | रु |
| | भारबहन क्षमता अनुसार शुरु बीमाशुल्कमा थप | रु |
| | भारबहन क्षमता अनुसार शुरु बीमाशुल्कमा थप | रु |
| | ट्रेलर वापतको बीमाशुल्क (ट्रेलरको घोषित मूल्यको ...का दरले) | रु |
| | | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु |
| | | रु "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | रु |
| | | रु "ग" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत | रु |
| | | रु "घ" |
| | निजी प्रयोजनमा प्रयोग गरे वापत छुटः "घ" को २५ प्रतिशत | रु |
| | | रु "ङ" |
| | प्रत्यक्ष बीमा वापत छूटः "ङ" को १० प्रतिशत | रु |
| | दुर्घटना भएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा वापत बीमा शुल्क थप | |
| | **जम्मा** | **रु** |
| आ | **<u>तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः</u>** | |
| | सि. सि. अनुसारको बीमाशुल्क | रु. "च" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "च" को ...... प्रतिशत | रु |
| | **जम्मा** | **रु** |
| **इ** | **चालकको दुर्घटना बीमा वापत :** | |
| | चालक (...का दरले) | रु |
| **ई** | **सहचालक, परिचालक तथा अन्य कर्मचारी (चालक बाहेक) को दुर्घटना बीमा वापत** | |
| | प्रतिब्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ७००। का दरले | रु |
| **उ** | **यात्रीको दुर्घटना बीमा वापत :** | |
| | प्रति यात्री बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ७००। का दरले | रु |
| **ऊ** | **जोखिम समूह थप गरे वापत**: | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य (घोषित मूल्यको ... का दरले) | रु |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य (घोषित मूल्यको ... का दरले) | रु |
| | (ग) चालक ……..का दरले) | रु |
| | (घ) सहचालक, परिचालक तथा अन्य कर्मचारी | रु |
| | (ङ) यात्री | रु |
| | **जम्मा** | **रु** |

**द्रष्टब्य**– एग्रिकल्चर तथा फरेष्ट्री भेहिकल र कन्स्ट्रक्सन इक्यूपमेन्ट भेहिकलको बीमाशुल्क गणना गर्नका लागि यो तालिका प्रयोग गर्नु पर्नेछ।

## ३(क) व्यावसायिक (मालबाहक) सवारी साधन (सरकारी) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा वापतः** | |
| | घोषित मूल्य (सरसामान सहित) अनुसार शुरु बीमा शुल्क (घोषित मूल्यको ...%) | रु |
| | भारबहन क्षमता अनुसार शुरु बीमाशुल्कमा थप | रु |
| | भारबहन क्षमता अनुसार शुरु बीमाशुल्कमा थप | रु |
| | ट्रेलर वापतको बीमाशुल्क (ट्रेलरको घोषित मूल्यको ...का दरले) | रु |
| | | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु |
| | | रु "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | रु |
| | | रु "ग" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत | रु |
| | दुर्घटना भएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा वापत बीमा शुल्क थप | |
| | **जम्मा** | **रु "घ"** |
| आ | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु. "ङ" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ङ" को ...... प्रतिशत | रु |
| | **जम्मा** | **रु** |
| इ | **चालकको दुर्घटना बीमा वापत :** | |
| | चालक (...का दरले) | रु |
| ई | **सहचालक, परिचालक तथा अन्य कर्मचारी (चालक बाहेक) को दुर्घटना बीमा वापत** | |
| | प्रतिब्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ६००। का दरले | रु |
| उ | **यात्रीको दुर्घटना बीमा वापत :** | |
| | प्रति यात्री बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ६००। का दरले | रु |
| ऊ | **जोखिम समूह थप गरे वापत:** | |
| | (क) हुलदङ्गा, हडताल र द्वेष (रिसइवी) पूर्ण कार्य (घोषित मूल्यको ... का दरले) | रु |
| | (ख) आतंककारी तथा विध्वंसात्मक कार्य (घोषित मूल्यको ... का दरले) | रु |
| | (ग) चालक ........का दरले) | रु |
| | (घ) सहचालक, परिचालक तथा अन्य कर्मचारी | रु |
| | (ङ) यात्री | रु |
| | **जम्मा** | **रु** |

**द्रष्टब्य–** एग्रिकल्चर तथा फरेष्ट्री भेहिकल र कन्स्ट्रक्सन इक्यूपमेन्ट भेहिकलको बीमाशुल्क गणना गर्नका लागि यो तालिका प्रयोग गर्नु पर्नेछ।

## ४. व्यावसायिक (यात्री बाहक) सवारी साधन (सरकारी बाहेक) को बीमाशुल्क गणना तालिका :

| | | |
|---|---|---|
| अ | **सवारी साधनको क्षति/हानि–नोक्सानी बिरुद्धको बीमा वापतः** | |
| | घोषित मूल्य (सरसामान सहित) अनुसार शुरु बीमा शुल्क (घोषित मूल्यको ...%) | रु |
| | सीट क्षमता अनुसार शुरु बीमाशुल्कमा थप | रु |
| | ट्रेलर वापतको बीमाशुल्क (ट्रेलरको घोषित मूल्यको ...का दरले) | रु |

| | | |
|---|---|---|
| | | रु. "क" |
| | सवारी साधन ... वर्ष पुरानो भए वापत थप बीमाशुल्क : "क" को ..... % | रु |
| | | रु "ख" |
| | बीमित स्वयंले व्यहोर्ने स्वेच्छीक अधिक रु.... वापत छुटः"ख" को .... प्रतिशत | रु |
| | | रु "ग" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "ग" को ...... प्रतिशत | रु |
| | | रु "घ" |
| | निजी प्रयोजनमा प्रयोग गरे वापत छुटः "घ" को २५ प्रतिशत | रु |
| | | रु "ङ" |
| | प्रत्यक्ष बीमा वापत छूटः "ङ" को १० प्रतिशत | रु |
| | दुर्घटना भएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा वापत बीमा शुल्क थप | |
| | **जम्मा** | **रु** |
| आ | **तेश्रो पक्ष प्रतिको दायित्व बीमा वापतः** | |
| | **सि. सि. अनुसारको बीमाशुल्क** | रु. "च" |
| | .... वर्षसम्म दावी नगरे वापत छूटः "च" को ...... प्रतिशत | रु |
| | **जम्मा** | **रु** |
| **इ** | **चालकको दुर्घटना बीमा वापत :** | |
| | चालक (...का दरले) | रु |
| **ई** | **सहचालक, परिचालक तथा अन्य कर्मचारी (चालक बाहेक) को दुर्घटना बीमा वापत** | |
| | प्रतिब्यक्ति बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ७००। का दरले | रु |
| **उ** | **यात्रीको दुर्घटना बीमा वापत :** | |
| | प्रति यात्री बीमाङ्क रु.५,००,०००। (पाँच लाख) को लागि प्रति व्यक्ति रु. ७००। का दरले | रु |
| **ऊ** | **जोखिम समूह थप गरे वापत**: | |
